काठमाडौं जिल्ला प्रशासन कार्यालय द.नं. ६६/०६२/०६३

ISSN 2505-1091

गरिबी निवारण विशेषाङ्क

स्वायत्त शासन

(त्रैमासिक)

चैत, २०७३, वर्ष ३, अंक १३, (March/April, 2017)

inlogos
स्वशासन अध्ययन प्रतिष्ठान

मूल्य : रु. १००/- (व्यक्तिगत), रु. २००/- (संस्थागत)

नेपाल बङ्गलादेश बैंक लि.
THE BANK FOR EVERYONE
"A" Class Financial Institution Licensed by Nepal Rastra Bank.
(Joint Venture with IFIC Bank Limited, Bangladesh)
NEPAL BANGLADESH BANK
नेपाल बङ्गलादेश बैंक प्रस्तुत गर्दछ
गौरव
बचत खाता
पाउनुहोस् उच्चतम ब्याज
Head Office: Kamaladi, Kathmandu, P.O.Box: 9062, 01-4233780-81-82-83-84-85
www.nbbl.com.np

स्वायत्त शासन
Local-Self Governance
(Quarterly)

प्रधान–सम्पादक
खेमराज नेपाल

प्रबन्धक
विनोदप्रसाद ढकाल

सम्पादक
गोपीकृष्ण ढुंगाना

सह–सम्पादक/व्यवस्थापक
नरविर देवान

प्रकाशक
स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (Inlogos)
नयाँ बानेश्वर, काठमाडौं
जि.पि.ओ. बक्स २१०९८
टेलिफोन : ४४६५९४२
इमेलः info@inlogos.org
inlogos.org@gmail.com
वेभसाइटः www.inlogos.org

मुद्रण
आरम्भ एड. प्रा. लि.
बबरमहल, काठमाडौं
फोन : ४२६३९७६
इमेलः aarambhaad@gmail.com

विषय सूची

क्र. सं.	विषय	पृष्ठ
१.	समष्टिगत आर्थिक नीति र गरिबी निवारण - डा. युवराज खतिवडा	१
२.	नेपालमा गरिबी निवारण प्रयास, अनुभव र अबको मार्गचित्र - सुरेश प्रधान	५
३.	गरिबी निवारणमा उर्जा विकास - मनोजकुमार खडका	१६
४.	गरिबसँग विश्वेश्वर कार्यक्रम आवश्यकता र औचित्य - पृथ्वीप्रसाद शर्मा	२०
५.	नेपालमा गरिबी मापन अभ्यास गरिब घरपरिवार पहिचान प्रक्रिया - रामहरि गैह्रे	२३
६.	बाढी व्यवस्थापन तथा जीविकोपार्जनमा समुदाय तहको क्षमता विकास - डा. दुर्गाप्रसाद पौड्याल	२६
७.	स्थानीय पहलमा गरिबी निवारण - विनोद निरौला	३१
८.	आर्थिक वृद्धि गरिबी निवारणको एकमात्र उपाय - रोर्बट एन्डरसन	३६
९.	स्थानीय तहमा रहने प्रतिनिधि संख्या	४३
१०.	स्थानीय तहको नयाँ संरचना	४४
११.	स्थानीय तह पुनर्संरचना पश्चात् नेपाल सरकारले जारी गरेका सूचना, आदेश तथा निर्देशनहरू	४६

नववर्ष २०७४ सालको
पुनीत अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति एवं समृद्धिको निम्ति हार्दिक मंगलमय शुभकामना ।
स्वशासन अध्ययन प्रतिष्ठान

प्रकाशकीय

स्थानीय शासन पद्धतिमा जननिर्वाचित स्थानीय प्रतिनिधिहरूको भूमिका महत्वपूर्ण हुन्छ । जनताबाट निर्वाचित पदाधिकारीहरूबाट स्थानीय शासन व्यवस्था सञ्चालन हुनु लोकतन्त्रको विशेषता हो । निर्वाचित प्रतिनिधिहरू जनताकै नजिकमा रहने हुँदा उनीहरूप्रति स्थानीय जनताको विश्वास र भरोसा रहन्छ ।

तथापि, राजनीतिक उतारचढावका कारण सृजना भएका कतिपय बाधा-अवरोधले गर्दा विगत १९ वर्षदेखि नेपालमा स्थानीय स्तरको निर्वाचन हुन सकेन । यसबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सार्वजनिक सेवाप्रवाह, उत्पादन, रोजगारी र समग्र शासन पद्धतिमै असर परेको छ । जसका कारण हाम्रो आर्थिक, सामाजिक र राजनीतिक अवस्थामा सुधार हुनसमेत चुनौति थपिएको छ । यस्तो अवस्थामा आगामी २०७४ वैशाख ३१ गते हुन गइरहेको स्थानीय तहको निर्वाचन एक सकारात्मक कदम हो । यसले लोकतन्त्रलाई सुदृढ बनाउन मद्दत गर्दछ । समयमै यो निर्वाचन सम्पन्न भई स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि बहाल हुने कुरामा स्वशासन अध्ययन प्रतिष्ठान विश्वस्त छ ।

विकेन्द्रित शासन पद्धतिको अवधारणाबाट सञ्चालित विगतको स्थानीय शासन र सेवा प्रवाहको अवस्था आगामी दिनमा संघीय पद्धतिबाट सञ्चालन हुनेछ । गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सिमाना निर्धारण आयोगले आफ्नो सुझाव सहितको प्रतिवेदन नेपाल सरकारलाई बुझाइसकेको छ । हाल यो व्यवस्था लागू भइसकेको हुँदा साविकमा कायम रहेका स्थानीय निकायहरू स्थानीय तहमा परिणत भएका छन् । यसबाट स्थानीय सरकारको संस्थागत संरचना, कार्यपद्धति, प्रक्रिया र समग्र शासन पद्धतिमा नयाँ आयाम थपिएको छ । परिवर्तित सन्दर्भमा स्थानीय सेवा प्रवाहलाई अझ बढी व्यवस्थित, पारदर्शी, जवाफदेही र नतिजामुखी बनाउन जनप्रतिनिधिको भूमिका महत्वपूर्ण हुन्छ । आगामी दिनमा स्थानीय तहको क्षमता विकास र अपेक्षित नतिजा प्राप्त गर्ने कार्यमा स्वशासन अध्ययन प्रतिष्ठानले आफ्नो ध्यान केन्द्रित गर्नेछ ।

स्थानीय तहमा भएका क्रियाकलापहरूका बारेमा जानकारी आदान-प्रदान गर्ने र जनचासोका विषयहरूलाई आमनागरिक समक्ष पुऱ्याउने प्रक्रियामा यो 'स्वायत्त शासन' पत्रिका सहयोगी हुने अपेक्षा गरिएको छ । प्रत्येक अंकहरूमा खास कुनै विषयलाई प्राथमिकतामा राखी प्रकाशन हुँदै आएको पत्रिकाको यस अंकमा गरिबी निवारणसम्बन्धी विषयहरू समावेश गरिएका छन् । यस पत्रिकामा समावेश गरिएका विभिन्न विद्वत व्यक्तिहरूका लेख-रचनाहरू समाजका विभिन्न वर्गहरूका लागि उपयोगी हुने हाम्रो विश्वास छ ।

आफ्ना अमूल्य विचार सहितका रचनाहरू उपलब्ध गराउनु हुने सबै लेखकलाई प्रतिष्ठान धन्यवाद दिन्छ । सदाझैं यस प्रकाशनमा पनि पाठक प्रतिकृया समावेश गरेका छौं । प्रकाशनका सम्बन्धमा आफूलाई लागेका विचार, सुझाव तथा सल्लाहहरू उपलब्ध गराई सहयोग गरिदिन हुन प्रतिष्ठान सम्पूर्ण पाठक वर्गमा सादर अनुरोध गर्दछ । स्वायत्त शासन पत्रिका प्रकाशनका विभिन्न पक्षहरूमा सहभागी हुने, सहयोग पुऱ्याउने र जिज्ञासा राख्ने सम्पूर्ण व्यक्ति तथा निकायलाई हार्दिक धन्यवाद ।

वीरेन्द्रबहादुर देउजा

कार्यकारी अध्यक्ष, स्वशासन अध्ययन प्रतिष्ठान, काठमाडौं

२०७३/१२/२५

सम्पादकीय

गरिबीको दुष्चक्रबाट निस्कन नयाँ उपायहरू ल्याउनै पर्छ

नेपालमा गरिबी व्याप्त छ । गरिबी भइरहनमा सरकार, समाज र व्यक्ति तीनै पक्ष जिम्मेवार छन् । सरकार गरिबी न्यूनीकरणका लागि बोलाई र लेखाईमा अग्रगामी र प्रगतिशील देखिन्छ तर काम गराईमा पद्धति केन्द्रित नभएर व्यक्ति केन्द्रित छ, भ्रष्ट उन्मुख छ ।

समाज अग्रगामी भावना बोकेर पनि सामाजिक कुरीति र कु-संस्कारजन्य चालचलनमा रुमलिइरहेको छ । व्यक्ति गरिबीको दुष्चक्रबाट बाहिर निस्कन दिमाग, सीप र प्रविधिको पहुँचमा छ तर पाखुरी चलाउन अग्रसर हुँदैन । बरु भाग्यलाई दोष दिन्छ र परनिर्भरतामा बसिरहन्छ । विश्लेषक ब्रुनोस्की भन्छन्- 'संसार पाखुरी चलाएर गरेको कामले चिनिन्छ, मगजले मात्र होइन । मगजको सहयोगी नै गर्ने हात हुन् । जात प्रथामा श्रमले गर्ने सानो र मगजले सोचेको ठूलो हो भनेर बिग्रिएको हो । यसबाट श्रमको मूल्य स्थापित हुँदैन ।' जबसम्म पेशागत श्रमको मूल्यलाई उचित स्थान दिइँदैन, जबसम्म महिलाले बहन गरेको घर व्यवस्थापनलाई मूल्यमा परिणत गरेर उनीहरूको योगदानलाई कदर गरिँदैन, जबसम्म विद्यार्थीलाई होमवर्क (किताबी ज्ञान) बाट हाउस वर्क (घरमा गरिने काम) को बारेमा बुझ्न र लेख्न लगाइँदैन, जबसम्म निरक्षर/साक्षरहरूलाई ज्ञान/सीप गरेर जान्ने (Learning by Doing) विधिबाट हस्तान्तरण गरिँदैन, जबसम्म प्राकृतिक प्रकोपबाट प्रभावितलाई सही व्यवस्थापन गरिँदैन, जबसम्म सडक, गल्ली र गाउँगाउँमा भौतारिएका केटाकेटीलाई उचित शिक्षा आर्जन गर्ने व्यवस्था मिलाइँदैन र सरकारले गरिबी सम्बन्धित कार्यक्रमको कार्यान्वयनमा इमान्दारिता देखाउँदैन तबसम्म गरिबीले छोड्ने छैन ।

गरिबहरू आफैं पनि ढोंगी, देखासिखी फजुल खर्चजन्य चालचलन, कुलत र अल्छ्याईबाट बाहिर निस्कन प्रयत्न गर्नुपर्छ । सरकारले गरिबलाई प्रदान गर्ने सेवा ऐन कानूनले मात्र थिचेर राख्न मिल्दैन । दार्शनिक लावत्से भन्छन्- 'नियम, कानुन र बन्धन जति धेरै भयो, चोर र डाँकाहरू पनि त्यति नै धेरै हुन्छन् ।' ऐन कानुनका छिद्रले चोर, डाँका, लुटाहा, फटाहा जन्माउँछ । त्यो छिद्र पत्ता लगाउने गरिब हुँदैन । त्यसकारण गरिबी न्यूनीकरणमा सरकार चनाखो, उदार र जनप्रिय हुनुपर्छ । राजधानी वा सदरमुकामका रैथाने गैरसरकारी संस्थाहरू दक्ष र गरिबप्रिय बने पनि मितव्ययी हुन सक्दैनन् । गरिबले पाउने सुविधाभन्दा त्यस्ता संस्थाको सञ्चालन खर्च अत्यधिक देखिने हुनाले गरिबका लागि काम गरिरहेका गैरसरकारी संस्थाहरूले पनि दुर्नाम कमाइरहेका हुन्छन् । अतः गरिबहरूसँगको साझेदारी कार्यक्रमले मात्र गरिबलाई ज्ञान, सीप र आर्जन दिने हुँदा बाह्य प्रभावभन्दा स्थानीय सामुदायिक संगठनहरूमा ज्ञान, सीप र प्रविधिलाई आन्तरिकीकरण गराउने वातावरण र अवसर सरकार र गैरसरकारी संस्थाले दिन सक्नुपर्छ । अनि मात्र दिगो प्रयास हुन्छ ।

गरिबीलाई सामन्ती शोषणको अवशेषको रूपमा मात्र हेरिनु हुँदैन । मूल कारणहरू त मानिसले गरेको नकारात्मक क्रियाकलापहरू जस्तै जंगल फँडानी, डढेलो, ढुंगा, गिट्टी, बालुवाको अत्याधिक दोहनबाट पानीका मूल सुके, जमीन सुख्खा भयो, बाढी पहिरोले खेती र बस्ती बगाउन थाल्यो, सुकुम्बासी बढे । व्यवस्थित बसोबासोको व्यवस्था नगरेकाले, मजबुत घर नबनाएकाले भूकम्पले जनधनको क्षति गऱ्यो, गरिब बढे । सरकारले युवायुवतीलाई रोजगारको अवसर दिन सकेन र गाउँटोल रित्तिने गरी सबै विदेशिए, उत्पादन घट्यो, परनिर्भरता बढ्यो । गाउँठाउँमा स्वास्थ्योपचारको सुविधा नहुँदा अस्वस्थ जमात बढ्यो, स्वस्थ्य जीवनको खोजीमा आन्तरिक बसाइँसराई बढ्यो । स्व-आर्जन र बचत गर्नेको संख्या घट्यो । सार्वजनिक सम्पत्तिको लुछाचुँडी गर्नेको संख्या बढ्यो । अनुत्पादक शिक्षाधारीहरूको जमात राजनीतिमा हावी भयो । राजनीतिले सही दिशा दिन सकेन । असन्तुलित विकास र शक्तिधारीको पहुँचमा मात्र पूँजी भएकाले गरिबीका बहुआयामलाई सम्बोधन हुन सकेन ।

नेपालको संविधानले प्रत्येक नागरिकको खाद्य, आवास, शिक्षा, स्वास्थ्य, रोजगारीको मौलिक हकको प्रत्याभूति गरेको सन्दर्भमा गरिबी हटाउने नयाँ रणनीति आवश्यक छ । गरिबी हटाउन अब स्थानीय सरकारको अहं भूमिका रहनेछ, जसले भौतिक विकासका साथै मानवीय स्रोत विकासमा प्राथमिकता दिनु पर्नेछ । अहिलेसम्म लक्षित समूहमा शारीरिक अशक्त, दलित, महिला, अतिसीमान्तकृत समुदायलाई प्राथमिकतामा राखेको छ । अब वृद्धवृद्धाहरूलाई पनि प्राथमिकतामा राखेर उनीहरूको अनुभव लिने र सुखद् जीवनको प्रत्याभूति दिनुपर्ने हुन्छ । गरिबी निवारणका लागि वैदेशिक सहयोग लिने गरेको छ । प्राध्यापक वल्फग्याङ्ग क्यास्परका अनुसार 'भ्रष्ट देशहरूमा वैदेशिक सहायता खर्च गर्दा आर्थिक वृद्धि गर्न आवश्यक पर्ने संस्थाहरू पनि भ्रष्ट हुन्छन् र भ्रष्ट सम्भ्रान्त वर्गलाई मात्र फाइदा पुग्छ । शासक वर्गले आफूलाई प्राप्त हुने विशेष लाभ कायम राख्न र खुलापन एवं पारदर्शितालाई रोक्नका लागि प्रायः राष्ट्रवादी र समाजवादी विचार/भावना प्रयोग गर्दछन् ।' यही कुरा नेपालमा भइरहेको छ ।

अतः गरिबीको चंगुलहरूबाट उम्कन र संविधानले प्रत्याभूत गरेका कुराहरू अभावमा बाँचेका जनता सामू पुऱ्याउन नयाँ संकल्प, नयाँ उपायका साथै कम सरकारी हस्तक्षेप कार्यान्वयन प्रक्रिया हुनैपर्छ । संघीयतामा स्थानीय सरकारले विगतमा केन्द्रीय सरकारले जस्तो शैली नअपनाएर आफ्ना क्षेत्रका गरिब बासिन्दाका समस्या पनि सुन्ने कि ?, सम्बोधन गर्ने कि ?

खेमराज नेपाल

स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (Inlogos)

कार्यसमिति

वीरेन्द्रबहादुर देउजा
अध्यक्ष

खेमराज नेपाल
निवर्तमान अध्यक्ष

वंशीधर घिमिरे
उपाध्यक्ष

सूर्यशरण रेग्मी
कोषाध्यक्ष

पद्मा मोहिनी माथेमा
सदस्य

रविन्द्रनाथ अधिकारी
सदस्य

बालप्रसाद श्रेष्ठ
सदस्य

कृष्णा कार्की
सदस्य

विनोदप्रसाद ढकाल
सचिव/निर्देशक

स्वशासन अध्ययन प्रतिष्ठानका साधारणसभा सदस्यहरू, टेलिफोन र इमेल

1	Bal Prasad Shrestha	4770041 / 9841572261	balprasad@hotmail.com
2	Banshidhar Ghimire	4359758 / 9818052340	bansidharghimire@yahoo.com
3	Bidur Mainali	4490452 / 9851046494	muan@ntc.net.np
4	Binod Prasad Dhakal	4357268 / 9841264841	binodpdhakal@hotmail.com
5	Birendra Bahadur Deoja	4477539 / 9841271317	bbdeoja47@yahoo.com
6	Chandra Mani Adhikari	4483186 / 9851065662	adhikaricm@hotmail.com
7	Damodar Adhikari	5572204 / 9851100347	damodar.adhikari@gmail.com
8	Dilli Prakash Ghimire	5015125 / 9841283904	ghimiredp@yahoo.com
9	Dinesh K. Thapaliya	6635831 / 9851122366	dkthapaliya@gmail.com
10	Diwakar Neupane	5541076 / 9841286644	neupanedu@hotmail.com
11	Gyani Singh K.C.	4270447 / 9843412674	gyanisinghkc@gmail.com
12	Hom Nath Adhikari	9852680117	homnathadhikari@gmail.com
13	Indra Prasad Karki	4249384 / 9841756854	karkiindra@hotmail.com
14	Khaga Prasad Nepal	4430047 / 9841738452	khaga.nepal@gmail.com
15	Khem Raj Nepal	4430049 / 9843 361499	khemrajnepal@inlogos.org
16	Khom Dutta Baral	4770742 / 9841411714	khombaral@gmail.com
17	Krishna Karkee	2035104 / 9851017926	kkarkee@hotmail.com
18	Krishna Prasad Jaisi	9851137130 / 9741021708	kjaishi@yahoo.com
19	Krishna Prasad Sapkota	9851027698	kpkavre@gmail.com
20	Mahesh Dahal	4479834 / 9841930044	maheshdahal62@gmail.com
21	Manoj Kumar Khadka	9841273960	manojkhadka419@yahoo.com
22	Padma Mohini Mathema	4272597 / 9851083225	padma.mathema@gmail.com
23	Purushottam Nepal	6635827 / 9851123402	nepalpuru@yahoo.com
24	Rabindra Adhikari	4412088 / 9841524775	rabindraadhikari34@gmail.com
25	Rajendra Man Shrestha	5260309/ 9803158047	rajendra47000@yahoo.com
26	Ram Babu Panta	4415858 / 9851032484	rambabu@icfc.subisu.net.np
27	Ram Krishna Bhurtel	4359997 / 9851071668	bhurtelrk@hotmail.com
28	Ramesh Chandra Poudel	4785564 / 9851173222	paudelrc@gmail.com
29	Shanta Kumar Pradhan	4247007 / 9841537200	skp_bhojpur@hotmail.com
30	Siddha Raj Panta	9851114876	siddharaj.pant@gmail.com
31	Surendra Nath Aryal	4270178 / 9818305349	surendranatharyal@gmail.com
32	Surya Saran Regmi	4107553 / 9841444614	regmisurya@hotmail.com
33	Uddab Prasad Timalsena	4620907 / 9851210173	me_uddab@hotmail.com
	Institutional Members		
1	Mahila Ko Haat, Kathmandu	4414891 / 9841463062	bnepal5@gmail.com
2	NCDC Ilam	027 520792 / 9852680109	kajighale@gmail.com
3	NACOF	5011124/ / 9841336189	prem12nepal@gmail

प्रतिष्ठानको अनुरोध

- यस पत्रिकामा छापिएका सामग्रीहरूका विषयमा पाठक प्रतिक्रिया पठाउन ।
- यस पत्रिकाको आगामी अंकमा सफल कार्यक्रमहरू छपाउनका लागि लेख र फोटो पठाउन ।
- यस पत्रिकामार्फत सूचना-सन्देश र सन्देशमूलक विज्ञापन पठाउन ।

१. विनोदप्रसाद ढकाल/निर्देशक
फोन : ४४६५९४२
मोबाइल : ९८४१२६४८४१
इमेल : binodpdhakal@inlogos.org

२. नरवीर देवान
फोन/फ्याक्स : ४४६५९४२
मोबाइल : ९८४१३४४७५०
इमेल : info@inlogos.org, inlogos.org@gmail.com

पाठक-प्रतिक्रिया

सराहनीय छ 'संघीयतामा स्थानीय सरकार' अङ्क

श्रीमान् प्रधानसम्पादकज्यू,

'स्वायत्त शासन' पत्रिकाको संघीयतामा स्थानीय सरकार अंक आद्योपान्त पढें । यस अंकमा सूर्यनाथ उपाध्यायको लेख 'नेपालको संविधानमा पानी र स्थानीय विकास' एउटा जल्दोबल्दो विषय लाग्यो ।

वर्तमान संघीय प्रणालीमा जल, जमिन र जंगललाई आदिवासी जनजातिले आफ्नो प्रदेशको सम्पत्ति र पहिचानको आधार मानेका छन् । यो सबैको मुख्य स्रोत पानी हो । भूमि र जंगलको अस्तित्व पानीमै निर्भर छ । कुनै पनि प्रदेशको नदीनाला, पानीको स्रोतमाथि त्यहाँको कुनै खास वर्ग, समुदाय या जातिको एकाधिकार हुन्छ भन्ने कुरा मान्य हुँदैन । यो सबैलाई चाहिने भएकाले यसको स्वामित्व सरकार र समाजलाई हुनुपर्छ किनभने पानी सबैको साझा सम्पत्ति हो र जीवन हो । यो एउटा प्राकृतिक वस्तु हो । पानीमाथि राजनीति भयो भने त्यो देशका लागि घातक हुन्छ ।

केन्द्र, प्रदेश र स्थानीय सरकार तीनवटै तहबाट पानीको समान व्यवस्थापन, संरक्षण र सदुपयोग हुन सकोस् । नयाँ संविधानमा संघ, प्रदेश र स्थानीय सरकार हुने भएकाले यसमा आफ्नो अधिकारको कुरामा विवाद उत्पन्न हुनसक्छ । त्यो नहुनका लागि स्थायी रूपमा एउटा निष्पक्ष आयोग गठन गरेर सरकारलाई सुझाव दिन उपयुक्त हुन्छ । राष्ट्र र समाजले पानीबाट प्राप्त गर्ने लाभहरूमा खानेपानी, सिंचाई, जलविद्युत मुख्य हुन् । यी सबैलाई समेटेर एकीकृत रूपमा यसको निर्माण, मर्मत-सम्भार सञ्चालन अनुगमन हुनुपर्छ । स्थानीय निकाय (तह) ले पानीको व्यवस्थापनलाई महत्वपूर्ण काममध्ये एउटा मानेर गर्नुपर्छ ।

यस अंकका अरू लेखहरूमा सूर्यप्रसाद आचार्यको स्वास्थ्य विषयको लेख अनुसन्धानमूलक छ । अहिले नेपालले स्वास्थ्यसम्बन्धी थुप्रै चुनौतीका सामना गर्नु परिरहेको छ । स्वास्थ्य क्षेत्रको सामुदायिक तहमा प्रभाव कम पुगेको छ । धेरै गाविस नगरपालिका भएका छन् र ती क्षेत्रहरूमा स्वास्थ्य सेवा विस्तार हुन सकेको छैन । भूकम्पले क्षति पुऱ्याएको स्वास्थ्य संस्थाहरूको पुनर्निर्माण तथा स्थानीय तहमा हुन सक्ने दुर्घटनाका घाइतेहरूको उपचार तथा अरू पनि स्वास्थ्योपचारका चुनौतीहरूको सामना गर्दै स्थानीय तह सवल हुँदै जानेछन् ।

तारानाथ सुवेदीको भूमि व्यवस्थापन बारेको लेख संघीय संरचनाको हकमा सान्दर्भिक छ । हाम्रो देशको भूमि व्यवस्थापन वैज्ञानिक हुन सकेको छैन । यहाँ अझै पनि लाखौं जनता भूमिहीन छन् । अहिले संवैधानिक प्रावधानअनुसार भूमिको व्यवस्थापन न्यायोचित वितरण, भूमिको दोहोरो स्वामित्व अन्त्य गर्ने, यसको सही उपयोग गरी उत्पादन वृद्धि गराई आर्थिक उन्नति गर्ने राष्ट्रिय लक्ष्य छ ।

डा. योगेन्द्रकुमार कार्की र सुजन ढुङ्गेलको कृषि विकाससम्बन्धी लेखबाट नेपालको कृषि विकासको इतिहासबारे संक्षिप्त जानकारी पाइन्छ । नेपाल एउटा कृषिप्रधान देश भए पनि अहिले आएर यसको अवमूल्यन भएको छ । समष्टिगत रूपमा नेपालको सर्वाङ्गीण विकास, संघ, प्रदेश र स्थानीय तहको विकास कृषि विकासबाटै संभव छ । हामी कृषिमा आत्मनिर्भर भएर कृषिबाट आन्तरिक राजस्व बढाउने, निर्यातमूलक, उद्योग व्यापारमा प्रशस्त वृद्धि गरी देशलाई सवल र धनी तुल्याउन सक्छौं । यसका लागि केन्द्रीय सरकारले अग्रणी भूमिका निभाउनु पर्छ ।

विद्यालय शिक्षाको व्यवस्थापनबारे जनार्दन नेपालको लेखमा उहाँले शिक्षा क्षेत्रमा अन्तर्राष्ट्रिय अनुभव संगालेर दिनुभएको विवरण हाम्रा लागि अनुकरणीय छ । नेपालमा सरकारी अनुदानबाट चलेका सामुदायिक विद्यालयहरू समस्याग्रस्त छन् । यसमा धेरै सुधारको खाँचो छ । हाम्रो विद्यालय शिक्षालाई सबैभन्दा पहिले स्थानीय तहबाट राम्रो व्यवस्थापन गरेर सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक विविधतालाई एक सूत्रमा बाँधेर व्यावहारिक पक्षलाई अगाडि बढाउनु पर्छ । विद्यालयलाई राजनीतिक गुटबन्दीबाट अलग राख्नुपर्छ । विद्यालय सञ्चालक समितिमा स्थानीय तहको समाजसेवी, निष्पक्ष व्यक्ति, शिक्षाप्रेमी, दाता, अभिभावक वर्गबाट प्रतिनिधि नियुक्त गरिनु पर्छ । शिक्षालाई व्यापारिक केन्द्र बनाइनु हुँदैन । शिक्षामा सबैलाई समान अवसर, गुणात्मक र उत्पादनशील शिक्षा हाम्रो आवश्यकता हो ।

ज्ञानी सिंह केसी
डल्लु, छाउनी, काठमाडौं

"थोपा सिँचाइको प्रवर्द्धन गरी समय तथा पानीको सदुपयोग गरौं"

थोपा सिँचाइका फाइदाहरू

१. कम पानीमा धेरै क्षेत्रफलमा सिँचाइ गर्न सकिन्छ । उपलब्ध पानीबाट बाढी (Flood Irrigation) सिँचाइको तुलनामा एक तिहाइदेखि ५० प्रतिशत बढी जमिनमा सिँचाइ गर्न सकिन्छ ।

२. मल तथा आवश्यक पोषण तथा औषधीहरू पनि थोपा सिँचाइबाट नै विरुवालाई दिन सकिन्छ ।

३. प्लाष्टिक घरभित्रको खेतीलाई सिँचाइ गर्न तथा अन्य तरकारी बारीलाई पनि उपयुक्त प्रविधि हो ।

४. थोपा सिँचाइ प्रयोग गरेको बारीमा अनावश्यक घाँसपात कम हुन्छ ।

५. थोपा सिँचाइको प्रयोगले भू–स्खलन नहुने र मल बगेर खेर जाँदैन ।

६. सिँचाइ गर्न कम समय लाग्ने हुँदा बचत भएको समय अन्य उत्पादनमूलक कार्यमा लगाउन सकिन्छ ।

थप जानकारीका लागि

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना,
सूक्ष्म सिँचाइ सब–कम्पोनेन्ट, पश्चिमाञ्चल विकास क्षेत्र

सम्पूर्ण देशवासीमा नवबर्ष २०७४ सालको उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सेवा प्रदायक संस्थाहरू

नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC)
इलाम, फोन : ०२७-५२०४११, ५२०७९२

इकोनोमिक इम्पावरमेन्ट सेन्टर (EEC)
काठमाडौं, नेपाल

समष्टिगत आर्थिक नीति र गरिबी निवारण

– डा. युवराज खतिवडा*

१. नेपालमा गरिबीको अवस्था

नेपालमा आय वा उपभोगको दृष्टिकोणले गरिबीको रेखामुनि रहेको जनसंख्याको अनुपात, आयको वितरण र उपभोगको संरचना जीवनस्तर मापन सर्वेक्षणबाट प्राप्त हुने गरेको छ। यस्तो किसिमको पहिलो विस्तृत सर्वेक्षण २०५२ सालमा भएको थियो। यस सर्वेक्षणले निरपेक्ष गरिबीका रेखामुनिको जनसंख्या ४२ प्रतिशत देखाएको थियो। त्यसपछि २०६० सालमा दोस्रो जीवनस्तर मापन सर्वेक्षण भएको थियो।

यस सर्वेक्षणले निरपेक्ष गरिबीका रेखामुनिका जनसंख्याको अनुपातमा उल्लेख्य सुधार भई करिब ३१ प्रतिशत जनसंख्यामात्र गरिबीको रेखामुनि रहेको नतिजा दिएको थियो। तेस्रो, जीवनस्तर मापन सर्वेक्षण २०६७ सालमा भएको थियो, जसले निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्याको अनुपात २५ प्रतिशतमा झरेको नतिजा दिएको थियो। यो अनुपात २०७३ सालमा २१.६ प्रतिशतमा कायम रहेको अनुमान छ। यसरी हेर्दा, गत २० वर्षको अवधिमा प्रतिवर्ष १ प्रतिशत विन्दुले नै गरिबी कम हुँदै गएको देखिन्छ। सशस्त्र द्वन्द्व, राजनीतिक परिवर्तन र आर्थिक विकासका दृष्टिकोणले सबैभन्दा बढी अस्थिर र न्यून आर्थिक वृद्धि भएको समयमा पनि नेपालले निरपेक्ष गरिबी घटाउनमा र मानव विकासमा प्राप्त सफलता निकै उल्लेखनीय मानिन्छ।

नेपालमा निरपेक्ष गरिबीको सम्बन्ध जमिनको स्वामित्व, शिक्षाको अवस्था, परिवारको आकार, जातीयता र भौगोलिक अवस्थितिसँग जोडिएको छ। २०६७ सालको सर्भेक्षणले करिब २५% जनसंख्या गरिबीको रेखामुनि रहेको देखाएकोमा सहरी क्षेत्रमा करिब १५% र ग्रामीण क्षेत्रमा करिब २७% जनसंख्या गरिबीको रेखामुनि रहेको अनुमान गरिएको थियो। यस प्रतिवेदनमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा गरिबीको दर सबैभन्दा उच्च (४६%) रहेको देखाइएको थियो। परिवारको आकारमा वृद्धि हुँदा गरिबी बढ्दै जाने देखिएको थियो जसअनुसार सातजना वा सोभन्दा बढी आकार भएको घरपरिवारको गरिबीको दर ३८% थियो। परिवारमा सात वर्षभन्दा कम उमेरका बालबालिकाको संख्याको वृद्धिसँगै गरिबी बढेको देखिन्छ, बालबालिकाहरू तीन जनाभन्दा बढी हुँदा गरिबीको दर करिब ४७% सम्म वृद्धि भएको देखिन्छ।

निरपेक्ष गरिबीलाई उपभोग र आयको दृष्टिकोणले नाप्न सकिन्छ । गरिबी भनेको शरीरलाई न्यूनतम आवश्यक उर्जा प्रदान गर्न चाहिने क्यालोरी उपभोग गर्ने र न्यूनतम जीवन निर्वाहका लागि चाहिने आवास, लत्ता-कपडा र अन्य घरायसी वस्तुहरू खरिद वा उपभोग गर्न आम्दानी नपुग हुने अवस्था हो ।

कृषियोग्य जमिनको स्वामित्वको आकार बढ्दै जाँदा गरिबी दर घट्दै गएको छ- १ हेक्टरभन्दा बढी कृषियोग्य जमिन हुने घरपरिवारको गरिबी भारी मात्रामा घटेको छ। सहरी तथा ग्रामीण दुवै क्षेत्रमा कृषियोग्य जमिनको आकार बढ्दै जाँदा गरिबी घट्दै गएको देखिएको छ। ग्रामीण क्षेत्रमा १ हेक्टरभन्दा बढी कृषियोग्य जमिन हुने घरपरिवारको गरिबी दर औसत (नेपाल) गरिबी दरभन्दा कम देखिएको छ।

गरिबीको दर सबैभन्दा बढी पहाड र तराईका दलितहरूको रहेको देखिन्छ भने सबैभन्दा कम दर पहाडका ब्राह्मण र नेवार जातिको रहेको छ। गरिबीको दर ब्राह्मणमा १०.३ प्रतिशत, नेवारमा १०.२ प्रतिशत, पहाडी दलितमा ४३.६ प्रतिशत र तराई दलितमा ३८.२ प्रतिशत छ।

२०५२ देखि ७२ सालको अवधि राजनीतिक तथा सामाजिक दृष्टिकोणले अस्थीरता, हिंसा, द्वन्द्व र चरम असुरक्षाको अवधि रहेकोमा यसै अवधिमा गरिबी घटेको तथ्याङ्क सर्वेक्षणहरूले देखाउँदा तत्काल विश्वास गर्न कठिन हुनसक्छ। यस अतिरिक्त आर्थिक वृद्धिदर सामान्य मात्र रहेको, आयको असमानता बढेको र शासकीय प्रणाली अझ कमजोर भएको अवस्थामा सरकारद्वारा सञ्चालित गरिबमुखी कार्यक्रमहरूको कार्यान्वयन गतिलो हुन नसकेको सन्दर्भमा गरिबी घटेको तथ्याङ्कबारे शंका उठ्नु स्वाभाविक नै हो। तर वैज्ञानिक ढंगले विश्वको सर्वमान्य सर्वेक्षण प्रणाली अपनाएर दर्जनौं मुलुकमा गरिबीको सर्वेक्षण गरिसकेका अन्तर्राष्ट्रिय विज्ञहरू संलग्न भएर गरिएको सर्वेक्षण प्राप्त नतिजालाई बिना पुष्ट्याइँ अस्वीकार गर्ने आधार छैन।

२. निरपेक्ष गरिबीको मापन र नेपालको गरिबीको अवस्था

निरपेक्ष गरिबीलाई उपभोग र आयको दृष्टिकोणले नाप्न सकिन्छ। गरिबी भनेको शरीरलाई न्यूनतम आवश्यक उर्जा प्रदान गर्न चाहिने क्यालोरी उपभोग गर्ने र न्यूनतम जीवन निर्वाहका लागि चाहिने आवास,

* अर्थविद्, पूर्वगभर्नर, नेपाल राष्ट्र बैंक/पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

लत्ता-कपडा र अन्य घरायसी वस्तुहरू खरिद वा उपभोग गर्न आम्दानी नपुग हुने अवस्था हो । यस्तो उपभोग र त्यसलाई चाहिने आयलाई जीवनस्तर मापन सर्वेक्षणले मापन गर्ने र यसकै आधारबाट निरपेक्ष गरिबीको अवस्था निर्क्यौल हुने हो । केन्द्रीय तथ्याङ्क विभागबाट करिब ८ हजार घरपरिवारको उपभोग र आयस्तर तथा आधारभूत सेवाहरूमा तिनीहरूको पहुँच र धारणासमेत लिने गरी २०६७ सालमा गरिएको यो सर्वेक्षणले २२०० क्यालोरी दिने वस्तुको उपभोग गर्न र केही अन्य न्यूनतम उपभोग गर्न नसक्ने परिवारलाई निरपेक्ष गरिबीको रेखामुनिको परिवारको रूपमा परिभाषित गरेको छ ।

गरिबीको मापनका लागि निरपेक्ष गरिबीका अतिरिक्त अन्य परिभाषाहरू पनि प्रयोगमा ल्याइएको छ । तीमध्ये मानवीय गरिबी एक महत्वपूर्ण परिभाषा हो । मानवीय गरिबी भनेको आधारभूत आर्थिक र सामाजिक सेवाबाट वञ्चितीकरणको अवस्था हो । यसभित्र आयको कमीका अतिरिक्त कुपोषण, अशिक्षा, अस्वस्थ्यता, पिउने पानीको अभावजस्ता विषयहरू पर्दछन् । मानवीय गरिबीको परिसूचकमा २०११ को मानाङ्क ३१.२ रहेको थियो । मुलुकका कतिपय जिल्ला (हुम्ला, बझाङ्ग, अछाम आदि) मा भने यो सूचकाङ्क झन्डै ०.५० सम्म रहेको थियो ।

पछिल्लो समयमा गरिबीको मापनका लागि बहुआयामिक गरिबीको अवधारणा पनि प्रयोगमा आएको छ । यसभित्र आर्थिक, शैक्षिक र स्वास्थ्यसम्बन्धी गरी १० वटा परिसूचकहरू समावेश गरिएको छ । यस परिभाषाअनुसार सन् २०१४ मा नेपालमा ४४ प्रतिशत परिवार बहुआयामिक गरिबीको अवस्थामा छन् ।

विविध सर्वेक्षणले मुलुकमा निरपेक्ष गरिबीको अवस्थामा सुधार भएका थुप्रै परिसूचकहरू प्रस्तुत गरेका छन् । यी परिसूचकहरूबाट २०५२ बाट २०६७ सालसम्म गरिबीको स्थितिमा निकै सुधार भएको स्पष्ट देखिएको छ । खासगरी, २०५२ देखि २०६७ सालबीचमा घरपरिवारको उपभोग तीन गुणाभन्दा बढीले बढेको छ । यसमध्ये सबैभन्दा माथिल्लो आय वर्गमा पर्ने २० प्रतिशत घरपरिवारको उपभोग तीन गुणाभन्दा बढीले वृद्धि भएको छ भने सबैभन्दा तल्लो आय वर्गमा पर्ने २० प्रतिशत परिवारको उपभोग पनि दोब्बर भएको छ । खाद्यान्नको अतिरिक्त आयस्तर वृद्धि भएमात्र बढी उपभोग गर्न सकिने तरकारी, दूध, फलफूल र माछामासुको उपभोग यस बीचमा उल्लेखनीय रूपले बढेको छ । प्रचलित मूल्यमा प्रतिव्यक्ति आयमा भएको वृद्धिको तुलनामा मूल्य वृद्धि कम रहेकाले पनि यो उपभोग क्षमता बढेको हो ।

खाद्यान्न, लत्ता-कपडा र आवास बाहेकका अन्य कतिपय वस्तु र सेवा उपभोगका कुराहरूले गरिबीको अवस्थामा सुधार हुन सकेको संकेत गर्दछन् । खासगरी, शिक्षा, स्वास्थ, पिउने पानी, विद्युत, सडक, सञ्चारजस्ता पूर्वाधारहरूमा पहुँचजस्ता कुराहरूले पनि गरिबीको अवस्थामा सुधार भएको अनुमान गर्न सकिन्छ । खासगरि ३० मिनेटको बाटोमा प्राथमिक विद्यालय पुग्ने परिवारहरूको संख्या २०५२ सालको ८८ प्रतिशतबाट २०६७ सालमा ९५ प्रतिशत पुगेको छ । २०५२ सालमा ४५ प्रतिशत परिवारमात्र आधा घण्टाको बाटोमा नजिकको स्वास्थ्य चौकीमा पुग्ने गर्दथे भने त्यो संख्या २०६७ सालमा ६२ प्रतिशत पुगेको छ । आधा घण्टाको यात्रामा नजिकको मोटर चल्ने बाटो पुग्ने परिवारको संख्या यस बीचमा ५८ प्रतिशतबाट ८० प्रतिशत भएको छ । बैकिङ सेवा पुगेका परिवारहरू २१ प्रतिशतबाट बढेर ४० प्रतिशत भएका छन् । यी तथ्याङ्कहरूले पनि गरिबीको अवस्थामा उल्लेख्य सुधार भएको संकेत गर्दछ ।

३. समष्टिगत आर्थिक नीति र निवारण

समष्टिगत आर्थिक नीतिभित्र सरकारी वित्त नीति, मौद्रिक तथा वित्तीय नीति, व्यापार तथा लगानी नीति र विदेशी विनिमय तथा विनिमयदर नीतिहरू पर्दछन् । यी नीतिहरूले आर्थिक वृद्धि, मूल्य नियन्त्रण, रोजगारी सृजना, आयको वितरण र सम्पत्तिको सृजनाका माध्यमबाट गरिबी निवारणमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्दछन् ।

मुलुकको कूल राष्ट्रिय आय बढ्दा प्रतिव्यक्ति आय पनि बढ्छ तर आय बढ्ने आधारको विश्लेषण र आयको वितरण नहेरी त्यसले सम्वृद्धि ल्याउँछ भन्न सकिने अवस्था रहँदैन ।

उदाहरणका लागि वातावरणलाई अधिक दोहन गरेर, प्राकृतिक साधन स्रोत मासेर, भावी पुस्तालाई छोड्नु पर्ने प्राकृतिक स्रोत अहिलेकै पुस्ताले सिध्याएर वा भोलिको पुस्तालाई प्रदूषण र अस्वस्थकर वातावरणमा बस्ने तुल्याएर बढाइएको उत्पादन र त्यसबाट बढेको प्रतिव्यक्ति आय दिगो विकास र गरिबी निवारणको हिसावले कदापि उपयुक्त होइन ।

पछिल्लो समयमा गरिबीको मापनका लागि बहुआयामिक गरिबीको अवधारणा पनि प्रयोगमा आएको छ । यसभित्र आर्थिक, शैक्षिक र स्वास्थ्यसम्बन्धी गरी १० वटा परिसूचकहरू समावेश गरिएको छ । यस परिभाषाअनुसार सन् २०१४ मा नेपालमा ४४ प्रतिशत परिवार बहुआयामिक गरिबीको अवस्थामा छन् । विविध सर्वेक्षणले मुलुकमा निरपेक्ष गरिबीको अवस्थामा सुधार भएका थुप्रै परिसूचकहरू प्रस्तुत गरेका छन् । यी परिसूचकहरूबाट २०५२ बाट २०६७ सालसम्म गरिबीको स्थितिमा निकै सुधार भएको स्पष्ट देखिएको छ ।

त्यस्तै बढेको राष्ट्रिय आयको ठूलो हिस्सा सरकारले करमार्फत् आफैँसँग राख्ने र सबै नागरिकको हितमा वा पूँजी निर्माणमा खर्च नगर्ने, सार्वजनिक संस्थाले कमाएको आय श्रमिकको हितमा कम र पूँजी लगानीकर्ताको हितमा अत्यधिक उपयोग गर्ने निजी व्यवसायहरूमा पूँजी प्रविधि वा उद्यमशीलताको दृष्टिकोणले सबैको पहुँच नपुग्ने र बजारको लाभको अवसर सीमित व्यक्तिले मात्र पाउने, पूँजीप्रधान उत्पादन प्रविधिले राष्ट्रिय आय त बढ्ने तर बेरोजगारी पनि बढेर ठूलो जनसंख्या आयआर्जनको अवसरबाट बञ्चित हुने तथा अन्यायपूर्ण श्रम सम्बन्धको कारण श्रम शोषणको अवस्था कामय रहने हो भने राष्ट्रिय तथा प्रतिव्यक्ति आयमा वृद्धि र गरिबी निवारण फरक विषय हुन जान्छन् ।

आयको वितरणलाई विश्लेषण नगरी प्रतिव्यक्ति आय वृद्धिलाई गरिबी निवारणको परिसूचक मान्न सकिँदैन । यदि अहिलेकै जस्तो १० प्रतिशत व्यक्तिको हकमा मुलुकको कूल आयको ४० प्रतिशत आय केन्द्रित रहने हो भने नेपालमा प्रतिव्यक्ति आय वृद्धिलाई गरिबी निवारणको परिसूचक मान्नु गलत हुनेछ । त्यसैले आर्थिक परिसूचकहरूलाई गरिबी निवारणका दृष्टिकोणले हेर्दा वातावरण र समाजलाई प्रदूषित नगरी, भावी पुस्तालाई अन्याय नगरी, उत्पादनका सबै साधनलाई उत्पादनको न्यायोचित वितरण गर्ने गरी, श्रम उपयोग बढाउँदै श्रमको शोषण हुन नदिने गरी, वृद्धि भएको आयको ठूलो हिस्सा सीमित वर्गमा केन्द्रित हुने परिपाटीको अन्त्य गर्दै तल्लो आयवर्गको कूल राष्ट्रिय आयमा हिस्सा वा अंश क्रमश बढ्ने गरी, सरकारले लिएको करको समन्यायिक वितरण हुने गरी तथा निजी क्षेत्रले गरेको व्यवसाय सामाजिक रूपमा उत्तरदायी हुने गरी सिर्जना भएको राष्ट्रिय आय र प्रतिव्यक्ति आयमात्र गरिबी निवारणको स्वस्थ परिसूचक हुनसक्छ ।

आर्थिक नीतिले दुई प्रकारले गरिबीलाई प्रभाव पार्दछन्:- (क) उच्च आर्थिक वृद्धिमार्फत र (ख) आयको पुनर्वितरणमार्फत । मुलुकका आर्थिक नीति यसबीचमा उच्च आर्थिक वृद्धि हासिल गर्न त्यति सफल भएनन् । यसबीच आर्थिक वृद्धि औसत ४ प्रतिशतमात्र रहन सक्यो । त्यसैले आर्थिक वृद्धिदरलाई मात्र हेर्ने हो भने यसबीच नेपालमा गरिबी उल्लेखनीय रूपले घटेको विश्वास गर्न कठिन हुन्छ । वार्षिक प्रतिव्यक्ति आय २०५२-२०६७ सालबीच औसत २% ले मात्र बढेको छ ।

यदि २% ले आर्थिक वृद्धिहुँदा गरिबी १% घट्ने सम्बन्ध स्थापित भएमा अर्थात् प्रतिव्यक्ति आय वृद्धिदरको गरिबीको अनुपातसँगको लोचनशीलता (-) ०.५% भन्दा बढी भएमात्र यो सम्भव हुन्छ । अहिलेको तथ्याङ्कले यही स्तरको लोचनशीलता (Elasticity) को संकेत गर्दछ । आयको वितरणमा सुधार भएको अवस्थामा यो लोचनशीलता स्वभाविक हुनसक्छ किनभने दक्षिण एसियाकै कतिपय मुलुकमा यो लोचनशीलता ०.५% भन्दा बढी छ । नेपालमा२०६० र २०६७ सालका बीच आयको असमानतामा केही सुधार भएको पनि छ । आयको असमानता नाप्ने गिनी गुणक (Gini Coefficient) यसबीच ०.३४ बाट घटेर ०.३३ भएको छ । यस्तो अवस्थामा थोरै वृद्धि भएको आयबाट निरपेक्ष गरिबीका रेखामुनिको जनसंख्यालाई माथि ल्याउन केही सहयोग मिल्यो भनेर भन्न सकिने अवस्था छ ।

अर्कातर्फ समग्र आर्थिक वृद्धिदरको अनुमान अपुरो भएको हुनसक्ने अनुमान पनि गरिन्छ । नेपालको राष्ट्रिय उत्पादन र आयको तथ्याङ्कमा धेरै समस्या छन् । कतिपय नयाँ आर्थिक गतिविधिहरू राष्ट्रिय लेखा पद्धतिले समेट्न सकेको छैन । कृषि क्षेत्रमा बढ्दै गएको व्यावसायीकरण र त्यसबाट तरकारी, फलफूल, पशुपालन आदि क्षेत्रमा भएको उत्पादन वृद्धिलाई तथ्याङ्कले समेट्न नसकेको हुनसक्छ । गैरकाष्ठजन्य वन पैदावार, जडिबुटी, चिया आदिको उत्पादन पनि पूर्ण नसमेटिएको हुनसक्छ ।

औद्योगिक उत्पादनतर्फ केही मात्रामा कर प्रयोजनका कारणले उत्पादनको न्यून रिपोर्टिङ हुने गर्दछ । चोरी निकासी हुनसक्ने वस्तुहरूको उत्पादनको पनि सही तथ्याङ्क प्राप्त हुन कठिन छ । नयाँ औद्योगिक उत्पादनहरूको तथ्याङ्क पनि प्राप्त नभएको हुनसक्छ । सबै तथ्याङ्क प्राप्त भएर पनि उपयुक्त भार (weightage) दिइएन भने त्यसको समग्र उत्पादन स्थितिमा सही असर पर्दैन । नेपालमा गरिएका औद्योगिक सर्वेक्षणहरूले यो संकेत गरिसकेका छन् । गैरसरकारी संस्था, उपभोक्ता समूहहरू, सहकारी संस्थाहरू र सामुदायिक संस्थाहरूले उपलब्ध गराएका सेवाहरू पनि राष्ट्रिय आयमा पूर्ण गणना हुन सकेका छैन । त्यसैले सम्पूर्ण आर्थिक वृद्धिदर नै अहिले अंकित भएभन्दा बढी हुनसक्छ, जसबाट निरपेक्ष गरिबीको स्तरमा सुधार ल्याउन मुख्य भूमिका खेलिएको होस् ।

कृषि क्षेत्रको उत्पादन वृद्धिले पनि गरिबी घटाउन सहयोग पुऱ्याएको हुनसक्छ । विगत १५ वर्षमा कृषि क्षेत्रको औसत वृद्धिदर ३% भन्दा बढी रह्यो । गत २ दशकमै यो वृद्धि सबैभन्दा सन्तोषप्रद हो । यसरी दुई तिहाई जनताको जीवन निर्वाह र आयआर्जनको

अवसरसँग गाँसिएको कृषि क्षेत्रको वृद्धिले निरपेक्ष गरिबीको रेखामुनिका समूहलाई माथि ल्याउन सहयोग पुऱ्याएको हुनसक्छ । कृषि क्षेत्रमा ज्यालाको दर निकै बढेको तथ्याङ्कले कृषि श्रमिकहरूको आयस्तरमा सुधार भएको अनुमान गर्न सकिन्छ ।

सरकारले वैदेशिक रोजगारीलाई प्रोत्साहन दिएका कारण पनि गरिबी घटाउनमा सकारात्मक प्रभाव परेको देखिन्छ । वैदेशिक रोजगारीमा ४० लाखभन्दा बढी युवा भएकाले बेरोजगारी र आन्तरिक ज्यालादारमा सकारात्मक प्रभाव परेको देखिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त रकमले आवश्यक उपभोग पुरा गर्न सहयोग गरेको र त्यसबाट वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने एक तिहाई परिवार लाभान्वित भएको अनुमान छ । यस्तो रकमको लेखाजोखा पूर्णरूपमा हुन नसक्ने र राष्ट्रिय लेखा पद्धतिले बढी कूल गार्हस्थ उत्पादनकै चर्चा गर्ने हुनाले पनि यो आयको विस्तृत विवरण र असर मापन हुन नसकेको हो । वार्षिकरूपमा कमसेकम १ लाख विप्रेषण पठाउनेका घरपरिवार गरिबीको रेखामुनि रहेको भए माथि आउन त्यो आय पर्याप्त भएको हुनुपर्दछ ।

समष्टिगत आर्थिक नीतिहरूले अनौपचारिक क्षेत्रका आर्थिक गतिविधिहरूलाई समेत प्रभाव पार्न सक्दछन् । मुलुकमा तीव्र विस्तार भइरहेका वित्तीय संस्थाहरू, सहकारी संस्थाहरू, वचत तथा ऋण सहकारीहरू, वन उपभोक्ता समूहहरूले आर्थिक-सामाजिक परिचालनका माध्यमबाट आयआर्जन र रोजगारीमा ठूलो सहयोग पुऱ्याइराखेका छन् । मुलुकमा झण्डै ५० प्रतिशत परिवारहरू कुनै न कुनै रूपमा सामाजिक समूहमा आवद्ध भई आर्थिक सामाजिक क्रियाकलापमा लागेका छन् । यिनीहरूको कार्यकलापको असर गरिबी निवारणमा उल्लेख्यरूपमा परेको हुनु पर्दछ ।

सरकारको आर्थिक नीतिका माध्यमबाट गरिबी घटाउने अर्को उपाय आयको वितरण पनि हो । नेपालका सन्दर्भमा विगत २२ वर्ष यताको सरकारको सामाजिक संरक्षण नीतिले पनि गरिबी निवारणमा उल्लेखनीय भूमिका खेलेको छ । जेष्ठ नागरिक भत्ता, बाल संरक्षण अनुदान, स्वास्थ्य सेवामा अनुदान, छात्रवृत्ति, अशक्तता र अपाङ्गता भत्ता, व्यावसायिक क्षेत्रका उत्पादनमा अनुदानहरू लगायतका धेरै अनुदानका कारण पनि गरिबी घटाउन सहयोग पुगेको देखिन्छ ।

४. उपसंहार

नेपालको संविधान २०७२ कार्यान्वयनसँगै मुलुकको घोषणासँगै संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्दैछ । यसले मौलिक हकको कार्यान्वयनका माध्यमबाट सबै प्रकारका गरिबीको अन्त्य गर्दै समृद्धिको जग बसाल्न सहयोग पुग्ने आधार तयार भएको मान्न सकिन्छ । प्रतिस्पर्धी र जनताप्रति बढी उत्तरदायी प्रदेशहरूको संख्याले स्थानीय साधन, स्रोत र अवसरको बढी उपयोग हुने, सेवा प्रवाहकर्ता र सेवाग्राही बीचको दुरी घट्ने र जनताको सहभागितामा अर्थपूर्ण विकास कार्य अघि बढ्ने अवसर प्राप्त हुन सक्नेछ ।

तर यो अवसर स्वतः भने आउने छैन, यसका लागि उपयुक्त कानून निर्माण, संस्थाहरूको विकास र नेतृत्व क्षमता वृद्धि पूर्वशर्तहरू हुनेछन् भने समष्टिगत आर्थिक नीतिहरू आयको वितरणलाई समन्यायिक तुल्याउने, निजी क्षेत्रको विस्तारमा सघाउ पुऱ्याउने र सामाजिक संरक्षणलाई गरिबी निवारणको अभिन्न अंगको रूपमा निस्तार गर्दै लैजाने गर्नु जरूरी छ । गरीबमुखी आर्थिक नीतिमार्फत संघीयता समेतको संविधानले ल्याएको अधिकारमा आधारित विकासको अवसरको लाभ लिन सकिएन भने आर्थिक विकास पछि पर्ने र समावेशितामा आधारित गरिबी निवारण गर्ने तर्फको यात्रा सफल हुने छैन । आर्थिक नीतिहरूमा समसामयिक पुनरावलोकन पनि जरूरी भएको छ ।

❖❖❖

गरिबीको दुष्चक्र भयावह

नेपालमा गरिबीको दुष्चक्र भयावह छ तर अफ्रिकाको सब-सहारा क्षेत्रका जनताको जस्तो कहालीलाग्दो छैन । नेपालमा गरिब धेरै प्रकारले भएका छन् । साहुले सीमान्तकृत किसानको घरजग्गा जाकडमा लिई सधैं उसलाई ऋणी बनाएकाहरू वा बासस्थान छोड्न बाध्य बनाएकाहरू, राज्य आफैंले परम्परागत पेशा ठिक भएन भनेर गर्दै गरेको व्यवसाय छोड्न बाध्य गराएर त्यसको सट्टामा नयाँ पेशा नदिएपछि भौंतारिएकाहरू, परिवारभित्रको कलह र विग्रहबाट बस्न नसकेर हिँडेकाहरू, बनिबुतोको दैनिक रोजगारी नपाएर रोजगारी खोज्दै निस्केकाहरू, बाढीपहिरोले घरखेत बगाएर बिचल्ली परेकाहरू, बैंक ऋणबाट डिक उठेकाहरू, सामाजिक अपराध गरेर छलिन वा लुक्न हिँडेकाहरू, यसै भएन उसै भएन भनेर लहैलहैमा लागेर हिँडेका घुमन्तेहरू, राजनीतिक दलका स्वार्थ सिद्धका लागि ठाउँ बदली-बदली नेताको संरक्षणमा बसेका सुकुम्वासीहरू, दसकौंदेखि कमैया, हलिया, देहव्यापारजस्ता शोषणमा परेकाहरू, दलितहरू, पुर्ख्यौली पेशा गुमाएकाहरू र कठिन भौगोलिक क्षेत्रमा पुस्तौंदेखि बसेका तर बाहिर निस्कन नसकेकाहरू नेपालका गरिबहरू हुन् ।

खेमराज नेपाल, समाज संस्कार र शासन, पृष्ठ ९२, प्रकाशक : स्वशासन अध्ययन प्रतिष्ठान, २०६९

नेपालमा गरिबी निवारण
प्रयास, अनुभव र अबको मार्गचित्र

– सुरेश प्रधान*

पृष्ठभूमि

विश्वका प्रत्येक राष्ट्रको प्रमुख गन्तव्य आर्थिक विकासमार्फत जनताको जीवनस्तरमा सुधार गर्नु रहेको हुन्छ। यसका लागि गरिबी निवारण गर्ने कार्य सरकारको एक अभिन्न र प्रमुख कार्य उद्देश्य र कार्यक्रम रहने गर्दछ।

तर गरिबी निवारण एक बहुआयामिक विषय भएकाले गरिबी निवारण गरिने जनताको क्रियाशीलता, देशको आफ्नो विकासको स्तर तथा सक्षम वातावरण समेतको आधारमा हरेक राष्ट्रको आफ्नो किसिमको प्रविधि वा उपायहरू प्रयोग गर्ने गरिएको देखिन्छ। गरिबी घटने वा घटाउने यस्ता कारक तत्वहरू पहिचान गरी परिवेशअनुसार सम्बोधन गर्नु आवश्यक हुन्छ। केही समयअघि सुर्खेतकी एक महिलाले समाजको आलोचनाका बाबजुद पुरुषले चलाउने मोटरबाइक प्रयोग गरी बजारमा तरकारी पुऱ्याई गरिबीको चक्र तोडेको समाचार आएको थियो भने हुम्लाको एक महिलाले डोकोमा बोकेको तरकारीको बजारभाउ मोबाइलबाटै बुझी बेच्ने प्रयास गरेका घटनाहरू पनि छन्।

पहिलो उदाहरण सामाजिक विरोध आलोचना र मनोवैज्ञानिक अवरोध पार गरी आफ्नो लक्ष्यमा अडिग र अर्की महिला आधुनिक प्रविधि (मोवाइल) प्रयोग गरी मालसामानको उचित मुल्य प्राप्त गर्ने प्रयास गरिएको देखियो। यस सन्दर्भमा सूचना-प्रविधि, बजारको पहुँच, सक्रियता र मनोवैज्ञानिक अवरोध पार गर्ने अठोटले गरिबी निवारण गर्ने सार्थक प्रयास भएको देखिन्छ। थाइल्याण्डमा शिक्षा, भौतिक पूर्वाधार र सामाजिक सुरक्षाको व्यवस्थाले गरिबी निवारण भूमिका खेलेको उदाहरण पाउन सकिन्छ भने संयुक्त अधिराज्यमा निशुल्क र अनिवार्य शिक्षा, निशुल्क स्वास्थ्य (बिमामार्फत) र सामाजिक सुरक्षाको व्यवस्थाले निरपेक्ष गरिबी घटाउन सकेको उदाहरण देख्न सकिन्छ। यसरी जनताको आफ्नो अवस्था र परिस्थिति अनुसारको क्रियाशीलता र देशको विकासको स्तर तथा सरकारको रणनीतिअनुसार पनि गरिबी निवारणका साधन पनि फरक हुने गरेको अन्य देशहरूको उदाहरणबाट पनि देख्न सकिन्छ।

संसारका विभिन्न राष्ट्रहरूको गरिबी निवारणका प्रयासहरूलाई अझ सार्थकता दिन सन् २०१६ देखि २०३० सम्मका लागि तयार गरिएको दीगो विकासको लक्ष्य (Sustainable Development Goals) मा संयुक्त राष्ट्रसंघले गरिबी निवारणलाई प्रमुख प्राथमिकता दिँदै सन् २०३० सम्ममा विश्वबाट गरिबी हटाउने लक्ष्य राखेको देखिन्छ। प्रस्तुत लक्ष्यमा सहमति जनाउने राष्ट्रको नाताले नेपालले पनि आगामी दिनमा सो लक्ष्य पूरा गर्न पनि गरिबी निवारणका लागि सघन कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। गरिबी निवारण नेपालको सबैभन्दा बढी चर्चा र महत्व पाएको विषय पनि हो। कहिले 'एसियाली मापदण्ड' त कहिले 'आधारभूत आवश्यकताको परिपूर्ति' त कहिले 'अमूक देशको स्तरमा नेपाललाई पुऱ्याउने' भनाई पनि देखियो। तर त्यहाँ कसरी पुगिने हो सो को खाका बन्न सकेको खासै नदेखिएको तथ्य हालको गरिबीको अवस्थालाई पनि लिन सकिन्छ।

नेपालको संविधान २०७२ ले जनतालाई विभिन्न मौलिक हकको व्यवस्था गर्दै विकाससम्बन्धी नीतिमा विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिंदै आमजनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने प्रावधानले गरिबी निवारण सरकारको प्रमुख प्राथमिकताको विषय रहेको देखिन्छ। करिब ६ दशकको विकास प्रयासका बाबजुद पनि नेपालमा गरिबीको स्तर र असमानता खासै सुधार भएको देखिँदैन। त्यसैले भन्ने गरिएको छ, विकास पूँजीवादी प्रणालीको एक त्यस्तो उद्योग हो जसले आफ्नो फाइदाका लागि गरिबीको व्यापार गर्दछ र जसले मौनता, अल्छी र अपेक्षा गल्ती कायम राख्दै आशाको किरण दिन्छ।

यस अर्थमा गरिबीको व्यापार गरेर विकास उद्योगका लागि नाफा कमाउने र पूँजीगत प्रणाली सुरक्षण गर्ने कार्य हुन्छ। जसले बहुमत मानिसलाई शोषण गरेर धनीलाई धनको थुप्रो प्रदान गर्दछ।

गरिबी मापन गर्ने विभिन्न विधिहरू नेपालमा प्रयोगमा आएको देखिन्छ। मापन गर्न सजिलो हुने आधारमा मानिसको आय (Income) को आधारमा गरिब छुट्याउने आधार निकै प्रचलित छ, जुन प्रतिदिन मानिसले कमाउने आय र यसको क्रयशक्ति समानता (Purchasing Power Parity) को आधारमा प्रतिदिन अमेरिकी डलर १, १.२५ र अझ २ डलरलाई समेत लिने गरिएको देखिन्छ।

* सहसचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय

धनी र गरिब बीचमा देखिएको खाडलले यही कुराको पुष्टी गर्ने गरेको देखिन्छ। त्यसैले चुहिएर झर्ने माध्यमबाट गरिबी घट्छ भन्ने दर्शनलाई मात्र नहेरी गरिबलक्षित र केन्द्रित कार्यक्रम तथा नीतिहरू सञ्चालन गरिनु आजको टड्कारो आवश्यकता छ।

गरिबी, यसको प्रकार र मापनका आधारहरू

सामान्यतः आमजनताको बुझाईमा गरिबी भन्नासाथ गाँस, बास र कपास तथा अन्य आधारभूत आवश्यकताको अभावको रूपमा लिने गरिन्छ। गरिबीका कारक र प्राप्त हुने परिणाम वा प्रतिफलको रूपमा हेर्दा यसमा सत्यता पनि छ। तर गरिबी बहुआयामिक अवधारणा भई यसका कारक तत्वहरू सामाजिक, आर्थिक, साँस्कृतिक र मनोवैज्ञानिक अवरोधहरू समेत हुने भएकाले अलि फराकिलो सोचमा लिनु आवश्यक देखिन्छ। गरिबी मूलतः (क) निरपेक्ष (Absolute) र (ख) सापेक्ष (Relative) गरी दुई खालको मानिन्छ। निरपेक्ष गरिबी भनेको अभावको त्यो अवस्था हुन्छ जब मानिसले शारीरिक स्वास्थ्यको न्यूनतम स्तर पूरा गर्न पर्याप्त साधनहरू प्राप्त गर्न सक्दैन। यसलाई क्यालोरी वा पोषणको सन्दर्भमा मापन गर्ने गरिन्छ। यस्तो गरिबी प्रायः सबै स्थानमा एकै हुन्छ। आवश्यक व्यवस्था गरिएको खण्डमा यसलाई हटाउन (eradicate) सकिन्छ। जस्तै, सरकारले (संयुक्त अधिराज्यमा) अनिवार्य शिक्षा, निःशुल्क स्वास्थ्य र न्यूनतम जीवन-यापन गर्न (पोषण लगायत खाद्य, अखाद्य र आवास व्यवस्था) आवश्यक खर्चका लागि सामाजिक सुरक्षणका व्यवस्था गरिएमा दीगो रूपमा नै गरिबी हट्न सक्छ। तर सापेक्ष गरिबीको सम्बन्धमा सरकारले निर्धारण गरेको निश्चित न्यूनतम स्तरको जीवनस्तर मापदण्ड हासिल गर्न नसक्ने अवस्था जुन जनसंख्याको ठूलो हिस्साले प्राप्त गरिरहेको हुन्छ र यो एक देशबाट अर्को देशमा फरक हुन्छ।

यस्तो गरिबी एउटै राष्ट्रमा पनि फरक हुन्छ र यस्तो गरिबी जहाँसुकै हुनसक्छ। तर यसलाई निर्मूल (Eradicate) गर्न सकिँदैन, घटाउन (reduce) सकिन्छ। जस्तै जीवनस्तर मापन सर्भेले २०११ मा गरेको सर्भेक्षणले २५.१६ गरिबी समग्रमा देखाएता पनि स्थान विशेषका आधारमा विभिन्न जिल्लामा गरिबीको दर फरक देखिन्छ। बाजुराको गरिबीको दर राष्ट्रिय गरिबी दरभन्दा बढी रहेको कुराले पनि सो पुष्टी गर्दछ।

गरिबी मापन गर्ने विभिन्न विधिहरू नेपालमा प्रयोगमा आएको देखिन्छ। मापन गर्न सजिलो हुने आधारमा मानिसको आय (Income) को आधारमा गरिब छुट्याउने आधार निकै प्रचलित छ, जुन प्रतिदिन मानिसले कमाउने आय र यसको क्रयशक्ति समानता (Purchasing Power Parity) को आधारमा प्रतिदिन अमेरिकी डलर १, १.२५ र अझ २ डलरलाई समेत लिने गरिएको देखिन्छ। विश्व बैंक तथा संयुक्त राष्ट्रसंघले दीगो विकासको सन्दर्भमा प्रस्तुत मापन विधिलाई आधार लिएको देखिन्छ।

सन् २०११ मा उपभोग खर्चका आधारमा नेपालमा गरिबी दर २५.१६ थियो भने बहुआयामिक मापनको आधारमा सोही वर्षमा सो दर ४४.२ प्रतिशत रहेको देखिन्छ। मापन आधार फरक हुँदा गरिबीको दरमा हुने फरकले कतिपय अवस्थामा द्विविधा ल्याउने र बहस निम्त्याएको अवस्था पनि छ। गरिबी मापनको अर्को आधार भनेको 'सक्षमताका आधार' पनि हो।

अर्को प्रमुख मापन विधि 'आधारभूत आवश्यकता, खर्च वा उपभोग' हो, जसमा गरिबले आधारभूत तथा मर्यादित जीवन-यापनका लागि आवश्यक पर्ने सेवा सुविधाबाट वञ्चित हुनुपर्ने अवस्थाबाट सिर्जित गरिबीलाई जनाउँछ। यसमा विशेषगरी खाद्य, अखाद्य र आवासमा गरिने खर्चलाई आधार मान्ने गरिन्छ। नेपालमा केन्द्रीय तथ्याङ्क विभागले सन् २०११ मा गरेको जीवनस्तर मापन सर्भेक्षण (Nepal Living Standard Survey III) ले यस विधिबाट २२२० क्यालोरी खान सक्ने नसक्ने अवस्थालाई लिई वार्षिक रूपमा गरिने खर्च (रु १९२६१) को आधारमा गरिबीको दर २५.१६ गणना गरिएको देखिन्छ।

हाल नेपालको आधिकारिक तथ्याङ्क यही गणना विधिमा आधारित गरिएको र नेपालको आवधिक योजनाहरूले यसै विधिमा आधारित भई गणना गरिएको गरिबीको औपचारिक तथ्याङ्कलाई प्रयोग गर्ने गरिएको देखिन्छ। त्यस्तै विश्वमा प्रचलित अर्को गरिबी मापनको विधि बहुआयमिक गरिबी मापन संकेत (Multi-Dimensional Poverty Index (MPI)) पनि हो। यस विधिमा १० वटा सूचक शिक्षा (विद्यालयमा भर्ना भएका विद्यार्थीको संख्या र विद्यालयमा बिताएका वर्ष), स्वास्थ्य (पोषण र बच्चा मृत्युदर) र जीवनस्तर (Living Standard) मापन आधार जस्तै खाना पकाउने इन्धन, पानी, ढल निकास, विद्युत, घरको भूँई, अन्य भौतिक सम्पत्तिहरूको स्तर र उपलब्धताको गुणस्तरको आधार लिने गरिएको देखिन्छ। प्रस्तुत मापन आधार संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम लगायतका निकायहरूले प्रयोग गर्ने गरेको देखिन्छ। उपभोग खर्च र प्रस्तुत आधारमा गरिने गरिबी मापनको दरमा फरक आउने गरेको देखिन्छ।

सन् २०११ मा उपभोग खर्चका आधारमा नेपालमा गरिबी दर २५.१६ थियो भने बहुआयामिक मापनको आधारमा सोही वर्षमा सो दर ४४.२ प्रतिशत रहेको देखिन्छ। मापन आधार फरक हुँदा गरिबीको दरमा हुने फरकले कतिपय अवस्थामा द्विविधा ल्याउने र बहस निम्त्याएको अवस्था पनि छ। गरिबी मापनको अर्को आधार भनेको 'सक्षमताका आधार' पनि हो। यसबाट मानिसले आफ्नो सम्पति (सीप, दक्षता र क्षमता) को उपयोग गरी आत्मसम्मान तथा आत्मनिर्देशित जीवनयापन गर्ने सक्षमताको कमीका कारणले हुने गरिबीलाई जनाउने मानिन्छ। मानिसमा सीप छ, त्यो सीपले उपयोग गर्ने अवसर उपलब्ध भई हस्तान्तरण गर्न सक्यो

भने मर्यादित ज्याला पाएमा सो मानिसको गरिबी हटाउन सकिने अवधारणा प्रस्तुत विधिको रहेको देखिन्छ। कतिपय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले आय-आर्जन गर्न सक्षम बनाउन भनी यसै विधिलाई पछ्याउँदै क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गरिएको देखिएको छ।

'असमानता र विभेदका आधारमा हुने गरिबी' मूलतः लैंगिक, जातीय, भौगोलिक, शारीरिक तथा आर्थिक आधारमा गरिने असमान व्यवहार, असुरक्षाको स्थिति, वञ्चितीकरण, संकटाभिमुखता तथा सबै प्रकारका विभेदको अवस्थामा जीवन जिउन बाध्य हुने गरिबीको स्थितिलाई मानिन्छ। नेपालका राष्ट्रिय योजना आयोगले दसौं योजनामा समावेशी विकासको अवधारणा यही आधारमा राखिएको देखिन्छ। त्यस्तै मानिसलाई आफ्नो कमाईले खान पुग्ने वा नपुग्ने (Food Sufficiency) अवधि (जस्तै, ३, ६, ९ महिना) आधारमा पनि सहसम्बन्ध (Correlation) अंक गणना गर्ने विधि प्रोक्सी मिन टेस्टिङ (Proxy Mean Testing (PMT)) को प्रयोग गरिएको छ, जुन विश्व बैंकले नेपालमा छात्रवृत्तिका लागि शिक्षा क्षेत्रमा समेत उपयोग गर्ने गरेको देखिन्छ। गरिब घरपरिवारका लागि खर्चको सहसम्बन्ध कायम गर्दा १८ वटा सूचकहरू जुन मापनयोग्य, देखिने र सम्पुष्टी गर्न सकिने आधारमा गरिएको छ। सो बोर्डले गरिब घरपरिवार सर्भेक्षणका लागि तयार गरेको गणना निर्देशिकामा गरिब पहिचानको आधारका लागि गरिएको पहिचान विधिमा नेपाल सरकारले निश्चित मापदण्डअन्तर्गत समय-समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनि रहेको, शिक्षा, स्वास्थ्यजस्ता मानव विकासका सूचकहरूका आधारमा पिछडिएको र निश्चित लिङ्गगत तथा सामाजिक समूहका आधारमा राष्ट्रिय विकास प्रक्रियामा समावेश हुन नसकेको व्यक्ति वा समूहलाई मानिएको छ।

र बत्तीको स्रोत, शौचालयको सुविधा, खाना पकाउने इन्धन, इन्टरनेट सुविधा, केवल टेलिभिजन र ल्याण्डफोन (घ) भौगोलिक क्षेत्र तथा क्षेत्रगत गरिबीको अवस्था (२) इलाकागत गरिबीको दर तथा भौगोलिक क्षेत्रगत अवस्था (हिमाल, पहाड र तराई, पाँच विकास क्षेत्रगत अवस्था) (ङ) जात तथा जातिगत गरिबीको दर : विभिन्न जात तथा जातिगत आधार (१) (यादव, महतो, कर्ण, मगर गुरुङ, ब्राह्मण, क्षेत्री आदि)। यसरी सकेसम्म गरिबीको मापन हुनसक्ने, देखिने र सम्पुष्टी गर्न सकिने सूचकहरूका आधारमा अतिगरिब, मध्यम खालका गरिब वा गरिब र सीमान्तकृत गरिबका तीन स्तरमा वर्गीकरण गरिएको छ।

यसरी गरिबी मापनको फरक-फरक आधारहरू भएकाले ती सबै आधारहरूलाई नेपालको सन्दर्भमा कसरी एकरूपता गर्ने वा समस्तर निर्धारण गर्ने प्रश्न समस्याकै रूपमा

आठौं योजनादेखि गरिबी निवारणको विषयलाई उच्च प्राथमिकतामा राखिएको र तद्नुरूपका नीति, कार्यनीतिहरू अंगीकार गरिएको थियो। आठौं योजना (२०४९-२०५४) ले दीगो आर्थिक वृद्धि हासिल गर्ने, गरिबी घटाउने, क्षेत्रीय असन्तुलन हटाउने उद्देश्यहरू लिएको थियो।

गरिबीको मापन गर्ने गरिएको छ, जुन नेपालमा गरिबी निवारण कोषले प्रयोग गर्ने गरेको देखिन्छ। अन्य देशमा गरिबी अंक कार्ड (Poverty Score Card) तयार गरी गरिबी घटाउने र अनुगमन गर्ने कार्य पाकिस्तान तथा इन्डोनेशियामा पनि देखिन्छ। जसमा गरिबीको स्तर १ देखि अन्य उच्चतम अंक (२० वा सोभन्दा बढी) विशेषताहरूका आधारमा मापन गरी स्तर निर्धारण गर्ने गरिएको र सो अंकमा बढ्दै जाँदा गरिबी घट्ने अवस्था संकेत गर्ने गरिएको देखिन्छ।

नेपालमा विभिन्न निकायले विभिन्न विधि अपनाएको भए पनि राष्ट्रिय स्तरमा गरिब घरपरिवार पहिचान सर्भेक्षणका लागि सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको गरिब घरपरिवार सहयोग समन्वय बोर्डले गरिब घरपरिवार पहिचान गर्ने सम्बन्धमा गरिब मानिसले खर्च गर्ने सम्भाव्य आइटमहरूलाई प्रोक्सी अंक प्रदान गरी

सोही आधारमा संकलित तथ्याङ्कलाई प्रोक्सी मिन टेस्टिङ प्रयोग गरी व्यक्तिको वित्तीय सम्पन्नताका आधारमा उसको योग्यता निर्धारण गरी राज्यले प्रदान गर्ने सहुलियत किटानी गरिन्छ। यसमा घरधुरी तथा व्यक्तिको विशेषताहरूलाई गरिबी घटेको अवस्था देखिने सम्पन्नताको अवस्थासँग सहसम्बन्ध स्थापना गरी गरिबीको स्तर यकिन गरिन्छ। सो कार्यका लागि गरिब घरपरिवार पहिचान विधि र १८ सूचकहरू वर्गीकरणका आधारहरू लिइएको छ, जुन निम्न छन् : (क) जनसाँख्यिक तथा मानवीय अवस्था (४) जसमा परिवारको आधार, परिवार मूलीको शैक्षिक अवस्था, निजी विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरू, परिवारमा अनुपस्थित व्यक्ति (विप्रषणको आधार लिन), (ख) बसोवास (घर) को भौतिक अवस्था (४) स्वामित्व, छाना, भित्ता र जग, (ग) घरायसी सुविधा (७) पिउने पानी

छ। गरिबीको मामिला हेर्ने समन्वय गर्ने र अनुगमन गर्ने निकायको अभावमा यस्तो अवस्था भएकाले दिशाहीन जस्तो गरिबी निवारणको प्रयासलाई सार्थक बनाउन गरिबी निवारणसम्बन्धी कार्य गर्ने मन्त्रालय तथा गरिब घरपरिवार सहयोग समन्वय बोर्डजस्ता निकायलाई सुसंगठित र प्रभावकारी संयन्त्रको रूपमा स्थापित गर्न आवश्यक छ।

गरिबी निवारणका प्रयास अनुभव र वर्तमान अवस्था

करिब ६ दशकको योजनाबद्ध विकासका क्रममा नेपालमा विकासका आधारशिला खडा गर्दै गरिबी निवारणका लक्षित कार्यहरू सञ्चालन हुँदै आएको देखिएको छ। गरिबी निवारणका सन्दर्भमा पहिलो आवधिक योजना हुँदै तेह्रौं योजनासम्म आइपुग्दा प्रत्येकजसो योजनाले गरिबी निवारणलाई केन्द्रबिन्दुमा राखेको पाइन्छ। आवधिक योजनाको

माध्यमबाट विकासका सर्वाङ्गिण पक्षहरू समेट्ने क्रममा प्रथम पञ्चवर्षीय योजनादेखि नै गरिबी निवारणको विषयले महत्व पाएको हो ।

आठौं योजनादेखि गरिबी निवारणको विषयलाई उच्च प्राथमिकतामा राखिएको र तद्नुरूपका नीति, कार्यनीतिहरू अंगीकार गरिएको थियो । आठौं योजना (२०४९-२०५४) ले दीगो आर्थिक वृद्धि हासिल गर्ने, गरिबी घटाउने, क्षेत्रीय असन्तुलन हटाउने उद्देश्यहरू लिएको थियो । नवौं योजना (२०५५–२०५९) मा दीर्घकालीन विकासको अवधारणा, रणनीति तथा लक्ष्य स्पष्ट गर्दै गरिबी निवारणको विषयलाई प्रधानता दिएको देखिन्छ भने दशौं योजना अवधिसम्म आइपुग्दा गरिबी निवारणका कार्यसूचीलाई मूल प्राथमिकता सहित सिङ्गो योजनालाई नै गरिबी न्यूनीकरण रणनीतिक पत्र (Poverty Reduction Strategy Paper) को ढाँचामा तयार गरिनुले गरिबी निवारणको दृष्टिले दशौं योजना कोशेढुङ्गा नै भएको देखिन्छ ।

दशौं योजनाले गरिबी घटाउने उद्देश्य पुरा गर्न मुख्य चार पक्ष : (क) उच्च, दीगो र फराकिलो आर्थिक वृद्धि, (ख) सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास, (ग) लक्षित कार्यक्रम र (घ) सु-शासन सहितका चार खम्बे रणनीति लिएको थियो । एघारौं (२०६४/६५–२०६६/६७), बाह्रौं (२०६७/६८–२०६९/७०), तेह्रौं (२०७०/७१–२०७२/७३) योजनाहरू तथा चौधौं (२०७३/७४–२०७५/७६) योजनाका आधार पत्रले पनि गरिबीलाई केन्द्रविन्दुमा राखी योजना अघि सारेको देखिन्छ । यद्यपि गरिबी निवारणको राष्ट्रिय लक्ष्यहरू आशा गरेअनुरूप पुरा हुन सकेको देखिँदैन । जसका पछाडि हाम्रा आफ्नै विशिष्ट परिवेश र कारणहरू हुन सक्छन् ।

हालै समाप्त भएको तेह्रौं योजना (२०७०।७१ देखि २०७२।७३) को अन्त्यसम्ममा नेपालको गरिबीको पछिल्लो अनुमानअनुसार करिब २१.६ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि रहेको देखिएको छ । आव २०७१।७२ मा नेपालीको प्रतिव्यक्ति कूल ग्रार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) ७६६ अमेरिकी डलर रहेको देखिन्छ भने धनी र गरिब बीचको खाडल (गिनी सूचक) ०.३२८ पुगेको देखिएको छ । गरिबीको विश्लेषण गर्दा नेपालको गरिबी पृथक प्रकृतिको देखिन आउँछ । भौगोलिक क्षेत्र, जाति, लिङ्ग, अपाङ्गता भएका नागरिकहरू, सिमान्तकृत वर्ग समेतका आधारमा गहिराइमा पुगेर मात्र नेपालको गरिबीको फैलावट, गरिबीको सघनता, विषमता र गहनतालाई मनन् गर्न सकिन्छ ।

समाजको परिवर्तित संरचना, मानिसको बदलिँदो जीवनशैली, भान्छादेखि ओछ्यानसम्म भित्रिएको प्रविधि समेतले गरिबीको आयाम र बुझाईमा सापेक्ष चिन्तन भित्रिएको छ । सहरी क्षेत्रमा अव्यवस्थित बसाई-सराईको तीब्रता र विप्रेषणको प्रभावबाट ग्रामीण गरिबी केही घटेको देखिएको छ भने ग्रामीणबाट सहरी गरिबीका रूपमा रूपान्तरण हुने क्रम बढ्न गएको देखिन्छ । गरिबी निवारणको क्रममा नेपालमा विभिन्न निकायहरूबाट गरिब लक्षित कार्यक्रमहरू सञ्चालन हुने गरेको देखिन्छ । यस्ता कार्यक्रमहरू सञ्चालन गर्ने मुख्य मुख्य निकायहरू निम्न देखिन्छ :

- नेपाल सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत गरिबी निवारण कोषको छुट्टै कार्यालय स्थापना गरी गरिबी निवारणको लक्ष्य पूरा गर्ने ध्येयका साथ उक्त कोषलाई कार्यक्षेत्राधिकार दिएकोमा विशेष गरी खाद्य पर्याप्तता (Food Sufficiency) को आधारमा सो कोषले गरिबी मापन र कार्यक्रम सञ्चालन गर्ने काम गरिरहेको छ । सो कोषबाट हालसम्म ५८ जिल्लाहरूमा विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत सञ्चालित गरिबसँग सम्बन्धित मुख्य कार्यक्रमहरू
  - आ.व. ०६९/०७० देखि ०७३/७४ सम्म कर्णाली अञ्चलका सबै जिल्लामा कर्णाली रोजगार कार्यक्रम तथा विश्व खाद्य कार्यक्रमको सहयोगबाट कामका लागि खाद्यान्न (Food for Work) कार्यक्रम विगत वर्षदेखि निश्चित सञ्चालनमा रहेका छन् ।
  - देशका ७५ वटै जिल्लाका ३९० वटा छानिएका गाविसमा २०५६ सालदेखि गरिबसँग विश्वेश्वर कार्यक्रम सञ्चालनमा रहेको छ ।
  - त्यस्तै गरिबीको तथ्याङ्कीय सूचनालाई अद्यावधिक गर्न गरिबी नक्साङ्कन तथा अनुगमन मूल्याङ्कन प्रणालीको स्थापना ७५ वटै जिल्ला विकास समितिमा गरिएको छ ।
  - लक्षित वर्गका लागि बजेट र कार्यक्रम अनिवार्य हुनेगरि व्यवस्था गर्न स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि र योजना तर्जुमाको दिग्दर्शन बनाई गाविस र नगरपालिका तथा जिल्ला विकास समितिहरूमा कार्यान्वयन गरिएको छ ।
- अर्थ मन्त्रालय अन्तर्गत देशका ७३ वटा जिल्लामा युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम गरिब तथा विपन्न समुदायका युवालाई नै लक्षित गरी बैंक तथा वित्तीय संस्था तथा सहकारीमार्फत युवालक्षित कार्यक्रमहरू सञ्चालित छन् । साना किसान विकास बैंकमार्फत सो बैंकले सहकारी संस्थाहरू अरबौं रकम गरिबहरूका लागि उपलब्ध गराइरहेको छ ।
- स्वास्थ्य मन्त्रालय अन्तर्गत विपन्न नागरिक स्वास्थ्य उपचार सहायता कार्यक्रमबाट विपन्नहरूलाई समेट्ने प्रयास गरिएको छ । जसमा निःशुल्क औषधि, निःशुल्क बेड, कडा रोग लागेका नागरिकलाई विशेष छुटजस्ता कार्यक्रमहरू राखिएको देखिन्छ ।
- महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत महिला बालबालिका तथा जेष्ठ नागरिकको उत्थानको कार्यक्रम सञ्चालन गरेको छ । महिलाका लागि सहकारी

संस्थामार्फत बचत परिचालन गर्ने कार्य, बालगृह तथा जेष्ठ नागरिकसम्बन्धी आवास व्यवस्थासमेत गर्दै आएको देखिन्छ। दलित, लोपोन्मुख जाति लगायतका नागरिकलाई सामाजिक सुरक्षाका कार्यक्रम, बालबालिका अनुदान कार्यक्रम, समावेशीकरण, आरक्षण, सकारात्मक विभेदको नीतिबाट पछाडि परेका वर्ग र क्षेत्रको मूलप्रवाहीकरण गर्ने कार्यहरू गरिएको देखिन्छ।

- उद्योग मन्त्रालय अन्तर्गत देशका कूल ३८ वटा जिल्लामा गरिब, महिला, सीमान्तकृत तथा पछाडि पारिएका समुदाय तथा परिवारलाई लक्षित गरी लघु उद्यम र सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ भने निजी क्षेत्र समेतको सहभगितामा एक गाउँ एक उत्पादन (One Village One Product) कार्यक्रमलाई समेत गरिबी निवारण गर्ने प्रयोजनको लागि समेत सञ्चालन गरिएको छ।
- शिक्षा मन्त्रालय अन्तर्गत विपन्न वर्गलाई छात्रवृत्तिको व्यवस्था, प्राविधिक तथा व्यावसायिक शिक्षाको नीतिमार्फत रोजगार र स्वरोजगार सृजना गर्ने गरी कार्यक्रम सञ्चालन गरिएको छ भने तालिमसम्बन्धी इभेन्ट परियोजना समेत सञ्चालनमा रहेको छ।
- भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत मुक्त कमैया पुनर्स्थापना तथा मुक्त हलिया लक्षित लगायतका कार्यक्रमहरू सञ्चालन गरिएका छन्।
- सहरी विकास मन्त्रालय अन्तर्गत आ.व. २०६६।०६७ देखि हालसम्म अतिविपन्न तथा सीमान्तकृत वर्गलाई सुरक्षित आवासको पहुँच पुऱ्याउने उद्देश्यले जनता आवास कार्यक्रम सञ्चालन भइरहेको र हालसम्म ६८०० भन्दा बढी घरहरू निर्माण भइसकेको देखिन्छ। सहरी गरिबलाई मध्यनजर गरी इचंगुनारायण, काठमाडौंमा २२७ परिवारका लागि संयुक्त आवास निर्माण भइसकेको छ।
- सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत आ.व. ०६९/०७० देखि गरिब घरपरिवार सहयोग समन्वय बोर्ड स्थापना गरी सो बोर्डमार्फत गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण गर्ने कार्यक्रमको सञ्चालन गरी हालसम्म छानिएका २५ वटा जिल्लामा सर्भेक्षण कार्यक्रम सम्पन्न भई गरिब घर परिवारलाई अति गरिब, मध्यम गरिब र सीमान्तकृत गरिबको रूपमा तथ्याङ्क तयार भइसकेको र पहिचान भएका घरपरिवारलाई गरिब परिचयपत्र वितरण गर्ने तयारी भएको छ।

पश्चिमी उच्च पहाडी गरिबी निवारण आयोजनामध्ये र सुदुरपश्चिमका हुम्ला, कालिकोट, रुकुम, रोल्पा, दैलेख, जाजरकोट, बझाङ र बाजुरा गरी ८ जिल्लामा सम्पन्न गरी सामुदायिक लगानी योजना जनताले आफू गर्न सक्ने काम आफैं पहिचान गरी आफैं खर्च गरी आफैं कार्यान्वयन र सम्पन्न गर्ने प्रणालीले गर्दा गरिब निवारणसम्बन्धी प्रस्तुत आयोजना सफल आयोजनाको रूपमा सम्पन्न गरेको छ।

मन्त्रालयले गरिबी निवारणको कार्य व्यवस्थित गर्न हाल राष्ट्रिय गरिबी निवारण नीति २०७३ मन्त्रालय स्तरबाट स्वीकृत भई मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेश गर्ने प्रकृयामा छ। सार्क विकास लक्ष्यको प्रगति प्रतिवेदन र दीगो विकास लक्ष्यको गरिबी निवारण गर्ने प्रथम सूचक कार्यान्वयन गर्ने सम्पर्क मन्त्रालयका रूपमा समेत मन्त्रालयले कार्य गरिरहेको छ। यसरी मन्त्रालयले नेपाल सरकारको कार्यविभाजन नियमावली अनुसार गरिबी निवारणको क्षेत्रमा कार्यात्मक, समन्वयात्मक र अनुगमात्मक भूमिकाको रूपमा स्थापित गर्ने कार्य गरिरहेको छ।

- **अन्य कार्यक्रमहरू :** उर्जा, मल, बिउ, सिँचाइ लगायतका कार्यक्रममा विषयसँग सम्बन्धित निकायहरूले अनुदान र सहुलियतको नीति लिएर गरिबलाई माथि उठाउने गरी कार्यक्रम सञ्चालन गरिएको देखिन्छ।

उल्लिखित सरकारी निकायहरूको अतिरिक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालका विभिन्न स्थानमा ग्रामीण विकास र गरिबी घटाउने कार्यक्रमहरू समुदाय वा स्थानीय स्तरमा सञ्चालन गर्ने गरेको देखिन्छ। तर यस्ता निकायहरूले सञ्चालन गर्ने कार्यक्रमहरू केही प्रभावकारी देखिएता पनि सरकारी निकाय वा अन्य विकासका साझेदार निकायहरूसँग समन्वय हुने गरेको नदेखिँदा वास्तविक गरिबी निवारणमा परेको असर यकिन गर्न कठिनाई भएको देखिन्छ जसको लेखाजोखा अति आवश्यक देखिन्छ।

गरिबी निवारणका चुनौतीहरू

गरिबी घटाउँदै अन्ततः गरिबी हटाउने र वर्तमान पुस्तालाई नै गरिबीको दुष्चक्रबाट बाहिर ल्याउने र पुनः गरिबीको दुष्चक्र भित्र नपर्ने गरी दीगो, समुन्नत र समृद्ध नेपालको निर्माण तर्फको यात्रा हाम्रो अबको गन्तव्य हो। विश्वमै दुर्लभ प्राकृतिक सुन्दरता, मौलिक संस्कृति, प्राकृतिक स्रोत, विकासका लागि जनसंख्याको अनुकूल संरचना लगायतका पक्षहरू जस्ता अवसर र सम्भावनाहरू हामीसँग उपलब्ध छन्। उपलब्ध प्राकृतिक सम्पदाको दीगो उपयोग, व्यवस्थापन, आर्थिक, सामाजिक विकास तथा विकासका अवसरमा गरिब समेतको पहुँच पुऱ्याउनु पर्ने बाध्यता हाम्रासामू विद्यमान नेपालमा गरिबी निवारणको प्रशस्त प्रयासहरू भएका छन्। यसको बावजुद गरिबी अपेक्षित स्तरमा नघट्नुमा मन्द आर्थिक विकास, सामाजिक र राजनीतिक पक्षको अतिरिक्त नेपालको सन्दर्भमा निम्न अवस्थाहरू चुनौतीका रूपमा देखिएका छन् :

- **लक्षित वर्ग (गरिब) को पहिचान :** वास्तवमा गरिब को हुन्, कहाँ बस्छन् र कुन स्तरको गरिबी छ भन्ने कार्यको पहिचानबिना फरक-फरक र आ-आफ्नै गरिबी मापनको आधारमा सरकारी निकायहरू, दातृ निकायहरू तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी

संस्थाहरूले आयोजना वा कार्यक्रमको सञ्चालन भएकाले कूल गार्हस्थ्य उत्पादनको समष्टीगत सूचकहरूका आधारमा गरिबी घटेको देखिएता पनि वास्तवमा कुन कुन लक्षित वर्गको गरिबी निवारण भएको हो भन्ने छुट्याउन सकिने अवस्था नै छैन । त्यसैले जति लगानी वा कार्यक्रम सञ्चालन भए पनि गरिबी घट्यो घटेन भनी मापन वा तथ्याङ्क प्राप्त गर्न कठिनाई नेपालको सन्दर्भमा सबैभन्दा प्रमुख चुनौती छ ।

पहिचानको आधार समुदायको छलफल, सहभागितात्मक ग्रामीण लेखाजोखा र प्रश्नावली तयार गरी सर्भेक्षण समेत आधार लिइएको देखिएता पनि त्यस्तो पहिचान विधि विभिन्न निकायको फरक फरक हुने सो तथ्याङ्क अन्य निकायका लागि मान्य हुने वा नहुने, द्विविधा हुने, भविष्यमा अनुगमन गर्न कठिनाई हुने भएकाले यस्ता कार्यहरू कार्यक्रम सञ्चालन गर्ने कर्मकाण्डीय विधिमात्र पूरा गर्ने गरेको देखिन्छ ।

त्यसैले लक्षित वर्गको पहिचानको अभावमा गरिबी निवारण वास्तविक क्षेत्र, वर्ग, समुदाय र घरपरिवारमा केन्द्रित हुन सकेन । अन्ततः गरिबी निवारणका प्रयासहरू अपेक्षाअनुरूप सफल हुन कठिन हुन गयो ।

- **गरिबी मापनका सैद्धान्तिक पक्ष :** नेपालमा गरिबी मापनका आधारहरू माथि उल्लेख गरिएझैं भिन्नता भएकाले गरिबीको बुझाई र कार्यक्रमको कार्यान्वयनमा समेत एकरूपता हुन सकेको देखिँदैन । आय, उपभोग, क्षमता, बहुआयामिक गरिबी संकेत, खान पुग्ने नपुग्ने आदिका आधारमा नेपालमा कार्यक्रम र आयोजना सञ्चालन हुँदै आएकाले गरिबीको पहिचान, गरिबीको दुष्चक्रभित्र पर्ने र बाहिरिनेको स्पष्ट चित्रण र अद्यावधिक भइरहने स्वचालित प्रणाली र तथ्याङ्कको स्थापना गर्न नसकिएको हुँदा नेपालमा गरिबी निवारण भयो भन्दा कुन मापन आधार वा तथ्याङ्क स्रोत हो भन्ने कुराको यकिन गरिनुपर्ने अवस्था आएको देखिन्छ । विभिन्न मापनका आधार भएको अवस्थामा उपभोग (खर्च) को आधारमा गरिबी मापन गरिए नेपालको अन्तर्राष्ट्रिय स्तरमा गरिबी निवारणको समस्तरमा विश्लेषण गर्ने आधार तय गर्न पनि कठिन हुने गरेको देखिन्छ ।
- **गरिबी निवारणका कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयनमा समन्वय :** नेपालमा गरिबी निवारण भनी कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय करिब पन्ध्र देखिएका छन् भने सामाजिक समन्वय परिषद्अन्तर्गत दर्ता भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, संयुक्त राष्ट्रसंघका विकास नियोगहरू, विश्व बैंक तथा एशियाली विकास बैंकजस्ता बहुपक्षीय निकायको साथै सहकारी संघ-संस्थाहरूले समेत गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्ने गरेका छन् ।

  यस प्रसंगमा गरिबी निवारण कोष एकातिर छ भने अन्य रोजगारसम्बन्धी विषयहरू विभिन्न निकायहरूमा छन् । यसले गर्दा गरिबी निवारणको नीति, रणनीति र कार्यक्रमहरू माथि उल्लिखित सरकारका विभिन्न निकायबाट सञ्चालन हुनुका साथै र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले समेत आ-आफ्नै तरिकाले कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारणका कार्यक्रमबीच तालमेल हुन सकेको छैन । एकै स्थानमा पनि बहुनिकायको कार्यक्रम सञ्चालन हुने गरेको देखिन्छ ।

  दुर्गम स्थान वा पहाडी क्षेत्रमा एकै स्थान वा जनसमुदायलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिँदा समन्वय नहुने बजेटको दुरूपयोग हुने अवस्था सिर्जना हुन पुगेको छ भने छरिएका प्रयासहरूले गरिबी निवारणको लक्ष्य पूरा गर्नसमेत कठिन भई एक ठूलो चुनौतीका रूपमा छ । जसले गर्दा गरिबी निवारण सहितको सहश्राब्दी विकास लक्ष्य, आवधिक योजनाका लक्ष्यहरू र क्षेत्रगत लक्ष्य पूरा गर्न आवश्यक लगानी र स्रोतको अपर्याप्तताका कारण गरिबी निवारणका प्रयासहरू सार्थक हुन सक्ने अवस्थामा पनि कार्यान्वयन हुन सकेको देखिँदैन ।
- **गरिबी निवारणसम्बन्धी एकीकृत सोचको अभाव :** गरिबी निवारण कसरी हुने भन्ने एकीकृत सोच राख्ने निकायको अभावमा शिक्षा स्वास्थ्य पूर्वाधार विकास र सामाजिक सुरक्षणका कार्यहरू कसरी गर्ने भन्ने सरकारी निकायको अभाव देखिन्छ ।

  सामाजिक सुरक्षा कोष एकातिर छ भने स्थानीय निकायमार्फत नगद हस्तान्तरण, सञ्चय कोष, छात्रवृत्ति, स्वास्थ्य बिमालगायत कृषि विकास मन्त्रालयमार्फत दिइने मल, बिउमा दिइने अनुदान, पशु वा बाली विमा तथा आपूर्ति मन्त्रालयले पेट्रोलियम पदार्थमा दिइएको अनुदान आदिसमेत युनिभर्सल पद्धतिको रूपमा दिइने भएकाले यस्ता गरिबी निवारणसम्बन्धी कार्यक्रमहरूले तुलनात्मक लाभ लिन सकेको छैन भने सार्वजनिक क्षेत्रको सेवा प्रवाह पनि प्रभावकारी हुन नसक्दा गरिब र सीमान्तकृत समुदायमा आधारभूत मानवीय तथा अन्य अत्यावश्यक सेवाको वितरण न्यायोचित रूपमा प्रवाहमा कठिनाई भई गरिबी हटाउन र न्यूनीकरण गर्ने कार्यमा अपेक्षित सफलता प्राप्त गर्न सकिएको छैन ।

  यस्तै गरिबसापेक्ष तथा लक्षित नीतिहरूरकार्यकमहरू समेत गरिबमैत्री हुन नसक्दा निरपेक्ष गरिबी अपेक्षित मात्रामा घट्न सकेको देखिँदैन । रोजगारीको सिर्जना हुने कार्यक्रम वा आयोजनाहरूको अनुमानको अभाव र मर्यादित रोजगारीको अवस्था सिर्जना गर्ने अवस्थामा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगजस्ता समन्वय गर्ने निकायहरूले समेत पर्याप्त प्रयास गर्न नसक्दा गरिबी निवारणका कार्यहरू छरिने, समन्वय नहुने र निकायहरू बीच खिचातानीको अवस्था हुन पुगेको देखिन्छ ।
- **गरिबी निवारणका असल अभ्यास र सिकाईहरूको अभिलेखीकरण :** गरिबी निवारणका लागि सफल

मानिएका असल अभ्यास (मोडल) र कार्यक्रमहरूको अभिलेखीकरण गर्ने कार्यको निरन्तरता दिने कुनै खास निकायले नगरेको हुँदा गरिबी निवारणको प्रगतिको अनुगमन वा अभिलेखीकरण गर्ने कार्य वा गरिबी बढे वा घटेको अद्यावधिक स्थिति यकिन गर्न सकिने वस्तुगत आधार नहुँदा नेपालको गरिबी निवारणको अवस्था दिशाहीन जस्तो देखिन्छ। आर्थिक विकासको कारणबाट समष्टीगत परिसूचकहरूको आधारमा गरिने अनुमानबाहेक लक्षित वर्गहरूको वस्तुगत आधारमा अनुगमन गर्न सकिने अवस्था नहुँदा अभिलेखीकरण पनि द्विविधापूर्ण नै रहेको छ।

- **क्षमता वा सीप विकास र अवसर उपलब्धताको समन्वय :** नेपालका शैक्षिक प्रतिष्ठान वा प्रशिक्षण केन्द्रहरूले कस्ता शिक्षा, प्रशिक्षणको माध्यमबाट नेपाली जनताको क्षमता विकास कसरी गरिरहेका छन् सो को लेखाजोखाको अभाव देखिन्छ भने विद्यमान शिक्षा सीपमुखी प्रणालीको रूपमा स्थापित हुन नसक्दा रोजगार पाउन कठिन देखिएको छ। कति रोजगारका अवसर र बजार उपलब्ध छन् सो को प्रक्षेपण वास्तविक हुन नसक्दा पनि नेपाली युवा रनभुल्लमा छन्। रोजगार सूचना केन्द्र छ तर सोको कार्य प्रभावकारी देखिँदैन भने सो को क्षमता विकास र अवसरमा पहुँच दिलाउने कार्यसमेत भएको देखिँदैन। रोजगारी र गरिबी निवारणबीचको सहसम्बन्ध भए पनि सम्बन्ध जोड्न नसकेको वर्तमान अवस्थाले पनि गरिबी निवारणको लक्ष्य हासिल गर्न अझ कठिन हुन पुगेको छ।

- **सहरी तथा ग्रामीण गरिबी :** नेपालमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या घट्दै गएता पनि सहरी तथा ग्रामीण एवं विभिन्न भौगोलिक क्षेत्र र समूहहरूबीच भिन्नता छ भने तीव्र सहरीकरण र उपभोगमुखी आमप्रवृतिका कारण कृषिजन्य वस्तुहरूको उत्पादनमा आएको ह्रास, उर्वर जमीन बाँझो रहने स्थिति एकातिर छ। ठूलो परिमाणमा अत्यावश्यकीय खाद्य पदार्थहरू आयात गर्नु पनि परेको छ। यसबाट व्यापार घाटा चुलिएको र अर्थतन्त्र नै खल्बलिएको अवस्था छ। ग्रामीण गरिबीको प्रकृति परिवेश र अवस्था सहरी गरिबभन्दा पृथक हुने भएकाले गरिबीको स्थान विशेषको प्रकृतिअनुसार रणनीति कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने कार्यहरू भएको देखिँदैन।

  सहरी गरिब भनी एउटा मन्त्रालयले सहरी गरिबको स्थिति अवस्था र परिभाषासमेत उपयुक्त रूपमा इकिन नगरी कार्यक्रम सञ्चालन (जनता आवास, इचंगुनारायण आवास) गर्दा समन्वयको अभाव देखिन्छ भने ग्रामीण विकास, स्थानीय विकास र रोजगार (कर्णाली), कामका लागि खाद्यान्नजस्ता कार्यक्रमहरू संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सञ्चालन गरेको परिप्रेक्ष्यमा यी दुवै प्रकारका गरिबी बीचको पृथक पक्ष विशेषता र समन्वय तथा एकीकृत गर्न सकिने आधारहरू पनि मन्त्रालयगत विभिन्नताका आधारमा रनभुल्लमा नै परेको छ।

- **सामाजिक-सांस्कृतिक रीतिरिवाज र परम्परा :** सनातन देखिको प्रथा प्रचलन, सामाजिक-सांस्कृतिक रीतिरिवाज, परम्परागत सामाजिक सांस्कृतिक विभेद, संस्कारजन्य मान्यताहरू जस्तै छुवाछुत, छाउपडी, बादी, कमैया, हलियाजस्ता अवस्था पनि गरिबी निवारणका लागि स्वयं गरिबहरूलाई घेरा बाहिर ल्याउन कठिन हुने गरेको छ। उनीहरूका लागि आफ्नै खुट्टामा उभिन सक्ने, आत्मनिर्भर भई मर्यादित जीवन बाँच्न सक्ने, सम्मानपूर्वक पेशा, व्यवसाय, रोजगार गर्न पाउने फराकिलो आधार अझै हुन सकेको देखिँदैन।

- **निजी क्षेत्रको विकास र स्तर :** निजी क्षेत्रले सरकारले तयार गरिएको सक्षम वातावरणको आधारमा अर्थतन्त्रको विकासका लागि लगानी बढाई नयाँ कलकारखाना उद्योगधन्धा स्थापित गरी रोजगारीको सिर्जना गर्नुपर्नेमा निजी क्षेत्रको कमजोर क्षमता, निजी क्षेत्रले सृजना गरेका रोजगारका सीमित र न्यून अवसरहरू, संस्थागत संस्कृतिको अभाव र निजी क्षेत्रका लगानी ठूला पूर्वाधार विकासमा हुन नसकेका कारण आर्थिक क्रियाकलापहरूमा वृद्धि हुन कठिनाई भई अन्ततः गरिबी निवारण र समग्र अर्थतन्त्रमा अपेक्षित अनुकूल प्रभाव पर्न सकेको देखिँदैन।

- **आप्रवास र जीवनस्तर :** बदलिँदो सामाजिक परिवेश र बढ्दो सहरीकरणका कारण साथै बेरोजगारी, प्राकृतिक तथा मानव सिर्जित विपत्, आजीविकाको खोजीजस्ता कारणले आन्तरिक आप्रवासीहरूको सख्या सहरमा बढिरहेको र यस्ता व्यक्ति तथा परिवारहरू सुरक्षित बास, सफा खानेपानी लगायतका आधारभूत आवश्यकताबाट वञ्चित रहेको अवस्था सहरमा विद्यमान छ। आन्तरिक आप्रवासनकै कारण उनीहरूले राज्यबाट पाउनुपर्ने गरिब लक्षित कार्यक्रम र सामाजिक सुरक्षाको कार्यक्रमबाट समेत वञ्चित रहनुपर्ने अवस्थामा गरिबीको कारणले युवा जनशक्तिको विदेश पलायन बढ्दो छ।

  गरिबी र बेरोजगारीको दुष्चक्रका कारण विदेशिएका युवा जनशक्तिले पठाएको विप्रेषणले मुलुकको कूल ग्राहस्थ उत्पादनको ठूलो हिस्सा भए पनि यसले सृजना गरिरहेका प्रतिकूल पारिवारिक तथा सामाजिक प्रभाव त्यति नै संवेदनशील छन्। विदेशिने युवाको उपार्जन ज्यादै न्यून छ भने मर्यादित श्रम व्यवहार र आर्यआर्जनमा सुधार गरी आय र अर्थतन्त्रमा टेवा पुऱ्याउनु आजको आवश्यकता बनेको छ। युवा जनशक्तिको बढ्दो विदेशिने प्रवृत्तिले स्वदेशमा पूर्वाधार विकास, उत्पादन वृद्धि तथा सेवा विस्तारलगायत जनशक्तिको अभावले विदेशी श्रमिक ल्याउनुपर्ने तथा स्वदेशी उत्पादन बढ्न नसकेको हुँदा विदेशी आयातमा निर्भरता बढेको देखिन्छ। यसले विप्रेषणबाट प्राप्त वैदेशिक

मुद्रा विदेशमै खर्च गर्नुपर्ने चुनौति थपिएको छ ।

- **प्राकृतिक विपद् :** नेपालमा प्राकृतिक विपद् जस्तै भूकम्प, बाढी, पहिरो र आगलागी आदिले विपन्न घरपरिवारलाई यस्ता घटनापछि निरपेक्ष गरिबीबाट बाहिर निस्कन लागे पनि पुनः जोखिम र गरिबीमा धकेलिदिएका छन् । त्यसमाथि जलवायु परिवर्तनले विषम बनाउँदै गरेको अतिवृष्टि, अनावृष्टि, बाढी र खडेरीजस्ता समस्याले विपन्न समुदायको जोखिमलाई बढाएको छ । जलवायु परिवर्तनको प्रभाव र प्रकोपका घट्नाहरू बढ्दै जाँदा उनीहरूलाई गरिबीको दुष्चक्रबाट बाहिर आउन कठिन भएको छ । २०७२ वैशाख १२ को भूकम्पले नेपालमा झन्डै ७ लाख जनतालाई गरिबीतर्फ धकेलेको आँकलन गरिएको छ । प्राकृतिक विपद् हुने खतरा रहेको भनिने नेपालको सन्दर्भमा यो अझ एक चुनौतीका रूपमा छ ।
- **वित्तीय पहुँचको अवस्था :** विशेषगरी दुर्गम तथा बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने औपचारिक कर्जामा गरिबहरूको पहुँच नगण्य छ । स्थानीय स्तरमा कर्जामा पहुँच हुन सक्ने साहु महाजन, सहकारी सँस्था तथा समूहको चलनचल्तीको ब्याजदर अत्याधिक चर्को हुनाले गरिब परिवार गरिबीको दुष्चक्रबाट बाहिर आउन नसक्ने अवस्था देखिन्छ । अनौपचारिक क्षेत्रमा अत्यधिक रूपमा केन्द्रित विद्यमान बढ्दो बेरोजगारी घटाउनु, जीवन-यापनमा सीमित कृषिमा आश्रित अधिक जनसंख्यालाई व्यावसायिक कृषि वा गैरकृषि उत्पादनशील क्षेत्रमा स्थानान्तरण गराउनु, नयाँ रोजगारीका अवसर सृजना गर्न थप लगानी, सीप र उद्यमशीलताको विकास, उत्पादनशील प्रविधिको विकास, सुरक्षित र मर्यादित आप्रवासनका आधारमा गुणात्मक वैदेशिक रोजगारीको प्रवर्द्धन, आदि प्रमुख चुनौती गरिबी निवारणको रहेको छ ।

तीब्र सहरीकरण, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, कृषि ज्यालामा भएको वृद्धि, गैरकृषि क्षेत्रको रोजगारी तथा ज्यालामा भएको वृद्धि र आर्थिकरूपमा सक्रिय उमेरका जनसंख्याको हिस्सामा बहुलता आदिका कारणले गरिबी घटिरहेको तथ्य अगाडि ल्याएको छ । यद्यपि, भौगोलिक क्षेत्र तथा विभिन्न जातजाति बीचको मानवीय गरिबी र असमानताका अन्य सूचकहरू अझै उच्च रहेको विश्लेषण गरेको छ । गरिबीको रेखामुनि रहेका कूल जनसंख्यामध्ये २४.४% को मात्र प्राथमिक शिक्षा, त्यसमध्ये २०.८% को माध्यमिक स्तरको शिक्षामा र १७.९% को उच्च शिक्षामा पहुँच रहेको छ । त्यसैगरी गरिबीको रेखामुनिका १५.६% जनताले मात्र सरकारी अस्पतालको सेवामा पहुँच राख्दछन् भने १५.३% को मात्र कृषि केन्द्रहरूमा पहुँच रहेको अवस्था विद्यमान रहेको देखिन्छ ।

गरिबीको विश्लेषण गर्ने सन्दर्भमा दसौं योजनाले न्यून आय, मानव विकासका प्रमुख सूचकहरूमा कमजोर स्थिति तथा सामाजिक रूपमा वञ्चितीकरण समेतका आधारहरू लिएको थियो । यी आधारहरू हालसम्म पनि प्रयोगमा छन् । गरिबीको उल्लिखित तीन आयामिक सूचकहरूमा विगतका प्रयासहरूले केही सफलता हासिल गरे पनि गरिबी हटाउने लक्ष्यमा अपेक्षित सफलता प्राप्त हुन सकेको छैन । आज चौधौं योजनासम्म आइपुग्दा पनि यो विषय त्यत्तिकै चुनौतीपूर्ण बनेको छ ।

गरिबी निवारणसम्बन्धी अबको मार्गचित्र

योजनावद्ध विकासको माध्यमबाट अपेक्षित गरिबी निवारणको स्थिति पत्ता लगाउन, अनुगमन गर्न तथा स्तरवृद्धिको अवस्था यकिन गर्न अझै कठिन छ । गरिबी निवारणको कार्य अन्तरसम्बन्धित हुने भएकाले जुन आधार वा कारणले गरिबी घटाउन सकिन्छ त्यही कार्य गरेर गरिबी निवारणका प्रयासहरूलाई घनिभूत बनाई निवारणका प्रयास गरी वस्तुगत उपलब्धि हासिल गरी गरिबी घटाउने र निर्मूल गर्ने कार्यमा देशको विकासका प्रयासहरू केन्द्रित गरिनु आवश्यक छ । माथि प्रस्तुत गरिएका चुनौति, मापनका आधार तथा वस्तुस्थितिलाई मध्यनजर राखी निम्न आयामहरूको आधारमा गरिबी निवारणको कार्यहरू मार्गचित्रका रूपमा अवलम्बन गर्नु आवश्यक छ ।

सर्वप्रथम, मानिसलाई गरिबीतर्फ धकेल्ने कारक मानिएका प्रमुख तत्वहरू जस्तै अत्यधिक जनसंख्याको अवस्थालाई सम्बोधन गर्न जनसंख्याको उपयुक्त आकारसम्बन्धी कार्यक्रम नीति र व्यवस्थापन गर्ने, स्रोत र साधनहरूको असमान वितरणलाई संघीय संरचनाअनुसार स्थानीय अवस्था र अवसरहरूको आधारमा वित्तीय स्रोत र साधनको व्यवस्थापन गर्ने, उच्च जीवनस्तरको आवश्यकता पूरा गर्न असक्षम र जीवन निर्वाह लागतलाई सम्बोधन गर्न सरल आपूर्ति, खाद्य भण्डारण तथा मुद्रास्फ्रिति सम्बन्धी कार्य व्यवस्थित गर्ने, अपर्याप्त शिक्षा र रोजगारीका अवसरहरूका सन्दर्भमा जीवनोपयोगी र सक्षमताको आधारमा सीपमूलक शिक्षा प्रदान गर्ने कार्यक्रमहरूको कार्यान्वयन, वातावरणीय ह्रासका कारण सिर्जित समस्याहरूका लागि जलवायु परिवर्तनसम्बन्धी आवश्यक नीति र कार्यक्रम कार्यान्वयन, नेपालको भौगोलिक प्रवृत्तिहरू (पहाड, तराई, हिमाल आदि) को स्थान विशेषका आधारमा देखिएको गरिबीलाई विशेषताका आधारमा सम्बोधन गर्ने प्रयास गरिनु आवश्यक छ । संयुक्त राष्ट्रसंघको दीगो विकास लक्ष्य (सन् २०१६-२०३०) ले गरेको परिकल्पनाअनुसार गरिबीको अन्त्य हासिल हुने गरी नेपालको राष्ट्रिय आर्थिक विकासको समग्र र गरिब लक्षित कार्यक्रम सञ्चालन गरिनु आवश्यक छ ।

दोस्रो, नेपालको आर्थिक विकासको सम्भाव्य क्षेत्र जस्तै कृषि, पर्यटन, जलस्रोत र प्राकृतिक श्रोत (खनिजजन्य, जंगल, जडिबुटी आदि) मा आधारित उत्पादनमुखी उद्यमशीलतालाई प्राथमिकताका राखी सो क्षेत्रको उत्पादन र उत्पादकत्व

वृद्धिमार्फत रोजगारीका अवसरमा वृद्धि गरी गरिबी निवारण गर्दै समृद्धिको यात्रा सुनिश्चित गरिनु पर्छ । यसका लागि सरकार, निजी क्षेत्र वा सहकारी क्षेत्रको प्रत्यक्ष सहभागिता हुने क्षेत्र आदि पहिचान गरी सुशासित, व्यवस्थित र सुसंगठित रूपमा सामाजिक संघसंस्थाहरूको उपयुक्त परिचालनबाट गरिबी निवारणको राष्ट्रव्यापी प्रयास सफल हुनसक्छ । त्यस्तै वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण र वैदेशिक रोजगारीका क्रममा नेपाली युवाले आर्जन गरेको सीप तथा प्रविधिको उपयोग गर्ने व्यवस्था गरिनु आवश्यक देखिन्छ ।

तेस्रो, आर्थिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दा वा लक्षित कार्यक्रमहरू सञ्चालन गर्दा गरिबी निवारणका कार्यहरू व्यवस्थित गरिँदा वस्तुगत रूपमा नै उपलब्धिको लेखाजोखा गर्न सकिने भएकाले निम्न उपायहरू गरिनु आवश्यक देखिन्छ :

- **सशक्त केन्द्रीय निकायको रूपमा मन्त्रालयलाई सुदृढ गर्ने :** विगतमा मन्त्रालय छुट्टै गठन नभएको स्थितिमा विभिन्न निकायले गरिबी निवारणसम्बन्धी कार्यहरू गर्दै आएकोमा अबदेखि परिवर्तित संघीय संरचनाअनुरूप गरिबी निवारणको कार्यलाई प्रभावकारी बनाउन सो मन्त्रालयको सहकार्य, समन्वयमा मात्र अन्य मन्त्रालय वा निकायहरू (विकासका साझेदार, गैरसरकारी संस्था र स्थानीय तथा प्रादेशिक सरकार आदि) ले गरिबी निवारणका कार्य तथा क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था गरिनुपर्छ । जसले एकीकृत विकास र कार्यान्वयन तथा अनुगमनको कार्य सरल सहज र उपलब्धीमूलक बनाउन सकिन्छ । छरप्रष्ट रहेका कार्यक्रम र आयोजना सञ्चालनमा दोहोरोपन अन्त्य भई लगानी बचत र बजेटको कार्यान्वयन प्रभावकारी हुने हुँदा गरिबी निवारणका प्रयासहरू परिमाणमुखी तुल्याउन सकिन्छ ।
- **गरिब घरपरिवार पहिचान र परिचय-पत्रको कार्य व्यवस्थापन :** आर्थिक विकासको प्रतिफल चुहिएर लक्षित वर्गसम्म पुग्ने हालसम्मको काम खासै सफल हुन नसकेको परिप्रेक्ष्यमा गरिब घरपरिवारको सबै स्थानमा सर्भेक्षण गरी स्तरीय मापन विधि प्रयोग गर्नुपर्छ । यसरी पहिचान गर्ने र ती परिवार वा व्यक्तिलाई परिचयपत्र प्रदान गर्ने कार्य अविलम्ब पूरा गरी सो आधारमा सबै सरकारका संघीय, प्रादेशिक र स्थानीय तहका निकायहरू तथा गैरसरकारी संस्था र विकासका साझेदार सबैले परिचयपत्र पाएका गरिब घरपरिवारलाई केन्द्रित गरी कार्यक्रम वा आयोजना तर्जुमा र कार्यान्वयन गर्ने प्रणाली स्थापित गर्नु आवश्यक छ ।

  यसले हालसम्मको गरिबीको अवस्था पत्ता लगाउन असफल भएको अवस्थामा पूर्ण सफल हुन सकिने र यसबाट अनुगमन तथा स्तरोन्नतिको कार्य सजिलै जानकारी हुन्छ । जसबाट प्रभावकारी रणनीति तय गर्न सम्भव हुनुका साथै सजिलै गरिबीको स्तर मापन गर्न सकिन्छ ।
- **गरिबी निवारण नीति तर्जुमा :** हालसम्म नेपालमा गरिबी निवारण नीति बनेको छैन । गरिबी घटाउने रणनीति दसौं योजनामा ल्याइए पनि सो को कार्यान्वयन स्थिति मापन प्रविधिको आधारमा पहिल्याउन सकिने अवस्थामा छैन । हाल सहकारी तथा गरिबी निवारण मन्त्रालयले सो नीतिको मस्यौदा तयार गरेको सन्दर्भमा त्यसलाई स्वीकृत गरी नेपालको गरिबी निवारणको प्रयासलाई निर्देशित गरिनु आवश्यक छ ।

  यसबाट गरिबी निवारण सञ्चालन गर्ने कार्यमा संलग्न निकायहरूको कार्यहरू निर्देशित गर्ने, कार्यक्रम सञ्चालन, समन्वय तथा अनुगमन गर्नुका साथै रणनीतिक दस्तावेज तयार गरी दीगो विकास लक्ष्य, सार्क विकास लक्ष्य, बिम्स्टेक (BIMSTEC) गरिबी निवारण कार्यक्रम, विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने हिसाबले गरिबी निवारणको कार्यहरू निर्धारण गरिनुपर्छ । सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता पूरा गर्न पनि एकीकृत प्रयास कार्यान्वयन गर्न, अनुगमन तथा समन्वय गर्न सहज हुने भएकाले गरिबी निवारण गर्न ठोस कार्यहरू प्रभावकारी बनाउन सकिन्छ ।
- **गरिब घरपरिवारको तथ्याङ्क व्यवस्थापन :** गरिब घरपरिवारको सर्भेक्षण गरी प्राप्त गरिबीका तथ्याङ्क र मापन आधारलगायत तथ्याङ्क आधार सुदृढ र प्रभावकारी बनाउन गरिब व्यक्ति, घरपरिवार, समुदाय तथा भौगोलिक क्षेत्रका आधारमा विद्यमान गरिबीको अद्यावधिक तथ्याङ्क, अभिलेख र विवरणहरू संकलन, प्रशोधन, अभिलेखीकरण र प्रकाशन गर्ने व्यवस्था गर्नु आवश्यक छ ।

  गरिब घरपरिवारसम्बन्धी कार्य व्यवस्थित गर्न गरिब घरपरिवार सहयोग समन्वय बोर्डलाई स्थायी प्रकृतिको संरचना खडा गरी यस्तो तथ्याङ्क अन्य सबै सरकारी निकाय र जुनसुकै गैरसरकारी संस्था विकास साझेदारहरूले पनि उपयोग गर्ने व्यवस्था प्रचलन गरिनुपर्छ । तथ्याङ्क अद्यावधिक गर्ने, मापनका आधारहरू यकिन र एकरूपता गर्ने, अनुगमन गर्ने र नेपालको गरिबीको स्थितिको आधिकारिक तथ्य र तथ्याङ्क व्यवस्थित गर्ने कार्य सो निकायमार्फत गरी नेपालमा गरिबीको क्षेत्रमा काम गर्ने जुनसुकै निकायहरूले सो बोर्डको तथ्याङ्क प्रयोग गरी नीति कार्यक्रम आयोजना तर्जुमा कार्यान्वयन गर्ने, अनुसन्धान गर्ने, अद्यावधिक गर्ने कार्य लगायतका कार्य गरिनु आवश्यक छ ।

  जसले गर्दा गरिबहरूले निकायगत रूपमा गरिब भनिन वा देखिन तथ्याङ्क संकलन गरिरहने कामको लागत पनि कम हुने, एकरूपता हुने र मुख्यतः वस्तुगत र पारदर्शी हुने अवस्था जुनसुकै समयमा प्राप्त गर्न सकिने हुन्छ । यसले प्रणाली व्यवस्थित गर्न सकिन्छ ।
- **चौथो**, सामाजिक सुरक्षणका कार्यक्रमहरू एकीकृत गरी विभिन्न निकाय मातहत रहेका सामाजिक सुरक्षा कोष, सञ्चय कोष, लगानी कोष, नगद हस्तान्तरण (एकल महिला, जेष्ठ नागरिक, असहाय

आदि), विपन्न नागरिकलाई सहायता र अनुदान (आवास), निशुल्क पाठ्यपुस्तक तथा छात्रवृत्ति, स्वास्थ्य सेवा, कृषिमा बिउपूँजी मलखाद्य अनुदान, कार्यक्रम अनुदान, इन्धन अनुदानजस्ता सरकारले सामाजिक सुरक्षणका रूपमा गरिबी निवारणका लागि सुविधा प्रदान गरिरहेको अवस्था भएकाले छरप्रष्ट गरिनुको साटो सम्भाव्यताका आधारमा पुनर्संरचित गरी एकद्वार प्रणालीमार्फत गर्ने संयन्त्र स्थापना गरिनुपर्छ । संयुक्त अधिराज्यको मिनिस्ट्री अफ वर्क एण्ड पेन्सनले केही वर्षअघि तयार गरेको सामाजिक सुरक्षण प्रणालीले काम खोज्ने र काम नपाए सामाजिक सुरक्षण स्वरूप प्राप्त गर्ने नगद रकमले नागरिकलाई काम गर्ने र खोज्ने मानसिकतालाई व्यवहारमा उतार्न प्रयास गरेको देखिन्छ ।

साताको निश्चित घण्टा काम खोज्नै पर्ने र नखोजेमा सामाजिक सुरक्षणको रकम बन्द गर्नसक्ने व्यवस्थाले काम खोज्न नागरिक तयार हुनुपर्ने व्यवस्थासमेत गरेको छ । सामाजिक सुरक्षण लिने काम नगर्ने वा कार्यसंस्कारको खाँचो रहेको नेपाली समाजको चरित्रले यसतर्फ भने सचेत हुने सन्देश दिएको छ । सामाजिक सुरक्षणको स्तर परिमाण प्रकृति र प्रवाह यकिन गर्दा भने आर्थिक तथा उत्पादनशील क्षमता, दीगो जीवनयापन क्षमता, मानवीय क्षमता, समावेशी तथा समन्यायिक क्षमता, शासकीय क्षमताको अध्ययन विश्लेषण गर्नु आवश्यक छ । यस आधारमा एकीकृत सामाजिक सुरक्षण प्रणाली स्थापना गरी कार्यसंस्कार र आवश्यकताबीच सन्तुलन गरिनुपर्छ ।

हाल गृह मन्त्रालयले प्रत्येक नागरिकलाई प्रदान गर्न लागेको राष्ट्रिय परिचयपत्रको युनिक नम्बर, गरिब घरपरिवार पहिचान परिचय-पत्र आदिको विशेष नम्बरको आधारमा यस्तो सुरक्षणमा पहुँच हुने व्यवस्था गरी सामाजिक सुरक्षण पोर्टल (Social Protection Portal) वेभमा आधारित बनाई जुन गरिब वा सीमान्तकृत वर्गले सो सुविधा उपभोग गर्छ वा जुन निकायले त्यस्तो सेवा उपलब्ध गराउँछ सोको अभिलेख हुने व्यवस्था गरिनुपर्छ । यस व्यवस्था लागू गरिएको अवस्थामा कार्यक्रमिक बाहेक अन्य सेवा सुविधा बन्द गरिनु आवश्यक हुन्छ । सहरी गरिबका लागिसमेत जब केन्द्रको व्यवस्था यस प्रणालीमार्फत गर्न सकिन्छ र अझ सहकारीकरण गरिएमा दीगो रूपमा निजहरूले नै सञ्चालन गर्न सकिने कार्य प्रणाली बनाउन सकिने भएकाले दीगो बनाउन पनि सकिन्छ ।

- **पाँचौं,** गरिबहरूका लागि वित्तीय पहुँच : सहकारीको माध्यमबाट गरिबहरूको सहभागिता, क्षमता विकास, आर्थिक उपार्जनमा वृद्धि र शिक्षा तथा स्वास्थ्यजस्ता सामाजिक आवश्यकता पूर्ति गर्नमा साझेदारी, समन्वय र परिचालन गर्न सकिने अवसर विद्यमान भने ग्रामीण वा औपचारिक रूपमा संगठित बैंक तथा वित्तीय संस्था नपुगेको वा पुगे पनि स्थानीय बचत परिचालन प्रभावकारी रूपमा गर्न सक्ने अवस्थामा सहकारी संस्थाहरू वा माइक्रो क्रेडिट संस्थाहरू मार्फत वित्तीय पहुँचको कार्य गरिनु आवश्यक छ ।

गरिबी कुनै पनि व्यक्तिको जन्मसिद्ध परिचय होइन, यो समाजको असमान शक्ति सम्बन्ध तथा अवसर, स्रोत र पहुँचमा व्याप्त विभेदका कारण सृजना भएको विषय हो । दक्षिण अफ्रिकाका नेता नेल्सन मण्डेलाले भनेअनुसार, 'गरिबी कुनै दुर्घटना होइन, दासप्रथा र रंगभेद जस्तै मानिसहरूको कार्यले सिर्जना गरेको हुँदा यो पनि मानिसहरू कै कार्यबाट समाधान गर्न सकिन्छ ।'

सीप, जाँगर, प्रविधि र बजार भए पनि पूँजीको अभाव भएको अवस्थामा त्यस्ता नागरिकलाई गरिबीको चक्रबाट उकास्न ठूलो सहयोग गर्दछ । गरिबीको चपेटामा परेका नेपालका महिलाको सहकारी संस्थाहरूमा उल्लेख्य संख्यामा भएको उपस्थिति (करिब ६० लाख सदस्यमध्ये ५१ प्रतिशत) ले यसलाई उजागर गरेको छ । यसबाट महिलाको आर्थिक सामाजिक हैसियत र मनोविज्ञानमा प्रभाव पारेको देखिन्छ । वास्तवमा सहकारी संस्थाहरू महिलाहरूका लागि नेतृत्व विकास गर्ने थलोसमेत बनेको देखिन्छ ।

- **छैठौं,** गरिबमैत्री सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली : कार्यकारी मन्त्रालय वा निकायहरूले सम्पादन गर्ने कामहरू नेपाल सरकारको कार्यसम्पादन नियमावली अन्तर्गत छ/छैन र दोहोरोपना छ/छैन भनी लेखाजोखा गर्ने समन्वय गर्ने काम अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको भएता पनि बजेट र कार्यक्रम स्वीकृत गर्ने यस्ता निकायहरू त्यसतर्फ उदासीन छन् । जसका कारण विभिन्न मन्त्रालय वा निकायहरूले गरिबी निवारण र सामाजिक सुरक्षणका कार्यक्रमहरू राख्दा स्वीकृत गर्ने परिपाटीले पनि कार्यक्रमहरू छरिएर आउने कार्यान्वयनमा कठिनाई हुने समन्वय नहुने र अनुगमन गर्न पनि कठिन हुने अवस्था देखिएको छ ।

जनताको आवश्यकता र अपेक्षा नीतिमा छ/छैन, नीतिअनुसार योजना कार्यक्रम आयोजना र क्रियाकलाप विकास भयो/भएन र सोअनुसार बजेट व्यवस्था भई कार्यान्वयन भयो/भएन भन्ने लेखाजोखा हुन नसकेको वर्तमान बजेट र खर्च व्यवस्थापन प्रणालीले जनताको जीवनस्तरमा खासै प्रभाव पार्न नसकेको कुरा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वको २८ परिसूचकहरूले पनि उजागर गरेको देखिन्छ । खर्च प्रणाली, लेखांकन प्रणाली, सार्वजनिक खरिद प्रणाली र बजेटलाई कार्यसम्पादनमा आधारित बनाउन नसकिएको

वर्तमान बजेट प्रणालीमा पनि संरचनात्मक सुधार अपरिहार्य छ। आ.व २०६३/६४ देखि थालनी गरेका लैंगिक उत्तरदायी बजेट तर्जुमा गर्ने परिपाटीको सुरु भए पनि बजेट व्यवस्थाले यसको उपलब्धिमा के कति प्रभाव पऱ्यो ? कस्तो प्रतिफल हासिल भयो ? भन्ने लेखाजोखा मूल्यांकन र नतिजा मापन गर्ने आधार देखिँदैन। अतः गरिबी निवारणका दृष्टिले पनि नेपाल सरकारको बजेट प्रणाली र सार्वजनिक खर्च तथा खरिद व्यवस्थापन प्रणालीमा संरचनात्मक सुधारको अपरिहार्यता छ।

- **सातौं**, खाने बानीमा सुधार र स्थानीयकरण : गरिबी निवारणका लागि नागरिक आफैं सचेत हुने र क्रियाशील हुने काम नगरी सुविधा खोज्ने प्रवृत्ति पनि सुधार गर्नुपर्छ भने खानपीन तथा आहार प्रणालीमा पनि सुधार गर्ने सचेतनाको विकास गरिनुपर्छ। स्थानीय उपलब्ध खाद्य बाली प्रणालीको उपयोग र स्थानीय सक्रियतामा सञ्चालन गर्न सकिने काम र कामको अवसर सिर्जना गर्न सक्ने खुबीको विकास गर्ने कार्य गर्नुपर्छ।

यस सन्दर्भका कुनै निकायले नेपालीको रहन-सहन खाने बानी र आहार प्रणाली तथा पोषणको अवस्था अध्ययन-अनुसन्धान र त्यसमा सुधार गर्न हस्तक्षेपकारी व्यवस्था गर्न सकिने गरी प्रणाली तयार गरिनुपर्छ। जुम्लाको सिंजा उपत्यकामा आफ्नै किसिमको धान हुन्छ, स्याउ फल्छ, अन्य जडिबुटी पनि उपलब्ध भएको देखिन्छ भने उपलब्ध हुने त्यस्तो खाद्यान्न बाली र पोषणको महत्व तथा व्यावसायिक सीप प्रदान गर्ने व्यवस्था मिलाई (जुन सहकारीमार्फत हुनसक्छ) खाने बानी (Eating Habits) र रहन-सहनमा सुधार गर्नु पनि आवश्यक देखिन्छ। यसबाट परनिर्भरता हटाई गरिबी निवारणमा सघाउ पुग्न जान्छ।

निष्कर्ष

गरिबी कुनै पनि व्यक्तिको जन्मसिद्ध परिचय होइन, यो समाजको असमान शक्ति सम्बन्ध तथा अवसर, स्रोत र पहुँचमा व्याप्त विभेदका कारण सृजना भएको विषय हो। दक्षिण अफ्रिकाका नेता नेल्सन मण्डेलाले भनेअनुसार, 'गरिबी कुनै दुर्घटना होइन, दासप्रथा र रंगभेद जस्तै मानिसहरूको कार्यले सिर्जना गरेको हुँदा यो पनि मानिसहरू कै कार्यबाट समाधान गर्न सकिन्छ।' त्यसैले सरकार जनता र सरोकारवाला सबैले यसतर्फ सक्रिय भई उपयुक्त तरिकाले सम्बोधन गर्न सकिएमा मात्र सापेक्ष गरिबी घटाउन र निरपेक्ष गरिबी हटाउन सकिन्छ।

यी उपाय वा आयामहरू मात्र गरिबी निवारण गर्ने जादु भने होइन, बहुआयामिक अवस्थाले गरिबीमा प्रभाव पार्ने भएकाले देश-विशेषका अन्य पक्षहरूको समेत ख्याल राखी देशको विकास स्तर र समाजसापेक्ष गरिबी निवारणको कार्य व्यवहारमा उतार्नु आवश्यक छ।

७. सन्दर्भ सामग्रीहरू

- राष्ट्रिय योजना आयोग, चौधौं योजनाको आधार पत्र २०७३, काठमाडौं
- केन्द्रीय तथ्याङ्क विभाग, जनगणना प्रतिवेदन २०६८, केन्द्रीय तथ्याङ्क विभाग
- गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय, गणना निर्देशिका २०६९, काठमाडौं
- अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०७२।०७३, सिंहदरबार, काठमाडौं
- विश्व बैंक, विश्व बैंक प्रतिवेदन, २०१०, काठमाडौं
- अर्थ मन्त्रालय (२०६९), लैंगिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन २०६९, काठमाडौं
- UNDP, 2030 Agenda for Sustainable Development.
- सहकारी तथा गरिबी निवारण मन्त्रालय (२०७३), राष्ट्रिय गरिबी निवारण नीति २०७३ (अप्रकाशित मस्यौदा), सिंहदरबार, काठमाडौं
- भाष्कर गौतम, जगन्नाथ अधिकारी र पूर्ण बस्नेत (सम्पादित) (२०६१), नेपालमा गरिबीको बहस, मार्टिन चौतारी काठमाडौं, नेपाल
- The Hilayan Times (English national daily newspaper) , Surkhet Valley women cycle out of poverty , Chaitra 3, 2073, Kathmandu.

❖❖❖

धनी र वैभव, गरिब र दुःख

धनीहरू आफ्नो वैभव देखाउन चाहन्छन्, गरिबहरू दुःख लुकाउन चाहन्छन्। गरिबलाई राष्ट्रवाद प्यारो छ, धनीलाई अन्तर्राष्ट्रियवाद प्यारो छ। धनीहरू धन कमाउनेमा मात्र लाग्छन् र त्यागमा नलागेकाहरू धन कमाउने होइन, धन कम आउनेमा परेका छन् र धनको लालचामै निधन प्राप्त गरेका छन्। नेपालमा धनीहरू यशआराम गरेर जिन्दगीभर खानपीन र विलासिताको मस्ती गर्छन्, सुख भोग गर्छन्। जुन सुखको कारण सयौं रोगले गाँजिसकेको हुन्छ र बडो दुःखका साथ मर्छन्। गरिबहरू जिन्दगीभर दुःखका साथ बाँच्छन् र मर्दा फुस्स जान्छन्। यस्तो छ नियति।

खेमराज नेपाल, समाज संस्कार र शासन, पृष्ठ ९४-९५, प्रकाशक : स्वशासन अध्ययन प्रतिष्ठान, २०६९

गरिबी निवारणमा
उर्जा विकास

– मनोजकुमार खडका*

आधुनिक जीवनका लागि उर्जामा पहुँच आर्थिक तथा मानवीय विकासका निम्ति अत्यावश्यक वस्तु हो । भरपर्दो, किफायती, सफा तथा आधुनिक उर्जाको सर्वसुलभ पहुँचले आर्थिक विकासका अवसरहरूको सिर्जना गरि दिगो बनाउन मद्दत गर्दछ । जलस्रोत तथा अन्य नवीकरणीय उर्जाको स्रोतमा प्रचुर सम्भावना भएता पनि नेपालमा उर्जाको पहुँच धेरै जनसंख्यासम्म पुग्न सकेको छैन । साथै पहुँच भएका स्थानमा समेत यसको गुणस्तर तथा भरपर्दोपना सीमित रहेको छ ।

उर्जाको भरपर्दो पहुँच नहुँदा यसको उपयोग सीमित घरायसी प्रयोगको निम्तिमात्र हुन जान्छ तथा यसले गर्दा साना, मझौला तथा ठूला उद्योगको स्थापना गरी यसबाट मनग्य रोजगारी सिर्जना गरी तीब्र आर्थिक विकास गर्न अवरोध हुन आउँछ । उर्जा तथा मानवीय विकास एक अर्काका परिपूरक हुन् । यसका मूलतः तीनवटा सूचकहरू रहेका छन् : प्रतिव्यक्ति उर्जा खपत, कूल उर्जा खपतमा आधुनिक तथा किफायती उर्जाको अंश तथा कूल जनसंख्यामा विद्युत तथा अन्य आधुनिक उर्जाको पहुँच ।

संयुक्त राष्ट्रसंघद्वारा प्रतिपादित मानवीय विकास सूचकाङ्क (Human Development Index) को एक महत्वपूर्ण पक्ष प्रतिव्यक्ति उर्जा खपत पनि हो किनकि यसको सम्बन्ध प्रत्यक्षरूपमा समग्र मानवीय तथा आर्थिक विकाससँग हुन आउँछ । विकसित क्षेत्रको तुलनामा विकासोन्मुख तथा अति कम विकसित देशमा प्रतिव्यक्ति उर्जा खपतसमेत अत्यन्त कम हुन्छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सन् २०१६ को मानवीय विकास प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचकाङ्क ०.५५८ रहेको छ र यो विश्वको १४४औं स्थानमा रहेको छ । यो सूचकाङ्क सन् १९९० मा ०.३७८ रहेको थियो । विश्व बैंकको



चित्र १ : HDI र प्रति व्यक्ति विद्युत खपत

* उर्जा विशेषज्ञ

प्रतिवेदनअनुसार सन् २०१३ मा प्रतिव्यक्ति विद्युत खपत १२८ kwh/year रहेको छ, जुन १९९० मा ३५ kwh/year रहेको थियो। अन्तर्राष्ट्रिय उर्जा एजेन्सी (IEA) को प्रतिवेदनअनुसार सन् २०१४ सम्म नेपालको प्रतिव्यक्ति विद्युत खपत १४० kwh/year, अमेरिकाको १२९७२ kwh/year र समग्र एशियाली क्षेत्रको औसत खपत ९४७ kwh/year रहेको पाइन्छ। यसर्थ पनि समग्र मानवीय विकासको निम्ति प्रतिव्यक्ति विद्युत उर्जा खपतलाई वृद्धि गर्नुपर्ने हुन आउँछ।



चित्र २: आर्थिक क्षेत्र अनुरुप उर्जाको खपत

नेपालको परिप्रेक्षमा हालसम्म ७६ प्रतिशत जनसंख्यालाई उर्जाको पहुँच प्राप्त भएकोमध्ये १५ प्रतिशतभन्दा बढी जनसंख्या विद्युत प्राधिकरणको ग्रीडभन्दा स्थानीय रूपमा उत्पादित लघु जलविद्युत तथा सौर्यउर्जाबाट लाभान्वित भएका छन्। जल तथा शक्ति आयोगको प्रतिवेदनअनुसार कुल प्राथमिक उर्जाको माग (Total Primary Energy Demand) मध्ये ८० प्रतिशत आपूर्ति परम्परागत उर्जाको स्रोतबाट भएको पाइन्छ। समग्रमा घरायसी क्षेत्रमा कुल उर्जा खपतको ८० प्रतिशत खपत हुँदा औद्योगिक तथा कृषि क्षेत्रमा क्रमशः ७.९ प्रतिशत तथा १.१७ प्रतिशतमात्र खपत भएको पाइन्छ।

करिब ७० प्रतिशत जनसंख्या नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्दछन्। सहरी क्षेत्रमा आधुनिक उर्जाको पहुँच केही हदसम्म सहज भए पनि ग्रामीण क्षेत्रमा यसको पहुँच तथा गुणस्तरमा प्रश्नचिन्ह नै लागेको छ। नेपाल सरकारले वैकल्पिक तथा नवीकरणीय उर्जाको प्रवर्द्धनका निम्ति विभिन्न प्रविधिहरूमा अनुदान नीतिअनुरूप आर्थिक तथा प्राविधिक सहयोग गर्दै आएको छ। मुलुकको २५ प्रतिशतभन्दा बढी जनता गरिबीको रेखामुनि रहेका छन् र यो वर्गमा उर्जाको अत्यन्त सीमित रूपमा पहुँच छ। गरिबी न्यूनीकरण तथा निवारणका निम्ति विभिन्न किसिमका आर्थिक अवसरहरू सिर्जना गराई दीगो रोजगारी र आयआर्जनको व्यवस्था गरिनुपर्ने हुन्छ। यसका निम्ति उर्जाको पहुँचको सुनिश्चितताले महत्वपूर्ण भूमिका खेल्दछ। उर्जाको पहुँचले ग्रामीण जनजीवनका सीमित सकारात्मक प्रभावहरू पार्दछ। यसले शिक्षा, जनस्वास्थ्य, महिलाहरूलाई गाह्रो कार्यबाट मुक्ति (Drudgery Reduction), सूचना तथा प्रविधिका क्षेत्रमा सकारात्मक प्रभाव पार्नुका साथै पहुँच वृद्धि गर्दछ। गरिबी निवारणका निम्ति आर्थिक विकासका अलावा यस्ता सामाजिक विकासले समेत महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

राष्ट्रिय गरिबी निवारणको तथ्याङ्कअनुरूप सन् १९९६ बाट सन् २०११ सम्म आइपुग्दा गरिबीको रेखामुनि रहेका जनसंख्या ४१ प्रतिशतबाट घटेर २५.२ प्रतिशतमा झरेको देखिन्छ। समग्र उपभोग प्रवृत्तिमा वृद्धिका कारण प्रतिव्यक्ति आय सन् २००६ मा युएस डलर ४१० बाट बढेर सन् २०१५ मा युएस डलर ७५२ हुन पुगेको छ। यस अवधिमा आधुनिक तथा दिगो उर्जाको विस्तारले पनि यो लक्ष्य हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको छ। गरिबीको मूल कारण परिवारको आयआर्जनको अवसरको कमीका अलावा समुदायहरू आधारभूत पूर्वाधारसँग कसरी जोडिएका छन् भन्नेसमेत महत्वपूर्ण हुन आउँछ।

आधुनिक तथा किफायती उर्जा प्रविधिको विकास तथा पहुँचले आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुऱ्याउँछ। आधुनिक कृषि प्रणालीको मद्दतले ग्रामीण स्तरमा रोजगार प्रवर्द्धन तथा जीवनस्तर सुधारमा मद्दत पुऱ्याउँछ। कृषिलाई व्यावसायीकरण तथा मूल्य अभिवृद्धि (Value Addition) का निम्ति उर्जाको आवश्यकता हुन आउँछ।

कुल गार्हस्थ उत्पादन युएस डलरमा कृषि क्षेत्रको योगदान करिब ३५ प्रतिशत छ र ग्रामीण अर्थतन्त्रको मूल आधार नै कृषि रहेको छ। कृषिमा व्यावसायीकरण तथा अन्य कृषि तथा प्राकृतिक स्रोतमा आधारित लघु तथा मझौला उद्योगको विकास, उपयुक्त प्रविधिको पहुँच तथा प्रयोगका साथै उपयुक्त क्षमता अभिवृद्धिले समेत गरिबी क्रमबद्ध ढंगले निवारण गर्न सहयोग पुऱ्याउन सक्दछ।



चित्र ३ : इन्धनको श्रोत अनुसार उर्जाको खपत

उर्जा प्रविधिको विस्तार तथा विकासले गरिबी निवारण तथा मानव जीवनस्तरमा आर्थिक-सामाजिक वातावरणीय क्षेत्रमा सकारात्मक प्रभाव पार्दछ । यसका निम्ति सरकारी तहबाट समेत योजनावद्ध रूपमा आर्थिक विकास तथा उर्जाको पहुँचको कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र (AEPC) तथा यससँग सम्बन्धित कार्यक्रमले खासगरि विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण नपुगेको क्षेत्रमा विकेन्द्रित उर्जा प्रणाली मुख्य तथा लघु जलविद्युत (Micro Hydro) तथा सौर्य फोटोभोल्टाइक (Solar PV) मार्फत ग्रामीण समुदायको उर्जाको पहुँचमा वृद्धि गरेको छ । हालसम्म लघु जलविद्युत परियोजनाहरू मार्फत २६ मेगावाट उत्पादन भई २ लाख ५० हजारभन्दा बढी घरधुरी लाभान्वित भएका छन् भने सौर्य उर्जामार्फत २ लाखभन्दा बढी घरधुरीमा सेवा पुऱ्याएको छ ।

विशेषगरी लघु जलविद्युत आयोजनाहरू समुदायमा आधारित रही समुदायद्वारा नै सञ्चालन तथा व्यवस्थापन गरी चलाइएको पाइन्छ । यस प्रकारको आयोजनाको उद्देश्य उर्जाको पहुँचमा अभिवृद्धि मात्र नभई समग्र ग्रामीण क्षेत्रमा परम्परागत उर्जाको स्रोतमा रहेको निरर्भरता हटाई वातावरण तथा जनस्वस्थ्यमा समेत सकारात्मक प्रभाव पार्दछ । ग्रामीण क्षेत्रमा उर्जाको माग मुख्यतया बिहान र बेलुकी अत्यावश्यक उज्यालोका लागि हुन्छ र कुनै पनि उद्योगधन्दा तथा कलकारखाना सञ्चालन हुन नसक्दा यस्ता परियोजनाले यथेष्ठ मात्रामा महसुल उठाउन सक्दैन ।

परियोजनाबाट उठेको महसुल नै यस्ता सामुदायिक विकेन्द्रित उर्जा परियोजनाको आर्थिक स्रोतको मुख्य आधार हो । यस प्रकारका विकेन्द्रित आयोजनाहरूको दिगोपनाका निम्ति समेत समुदायमा उपयुक्त प्रविधिमार्फत उत्पादनशील प्रयोगको प्रवर्द्धन गरिनुपर्ने हुन्छ । विशेषगरी गाउँगाउँका कुटानी पिसानी उद्योग, विभिन्न लघु उद्यमजस्तै कुखुरापालन, फर्निचर उद्योग, ग्रील, मनोरञ्जन गृह, होटल, लोक्ता कागजजस्ता स्थानीय स्तरमा पाइने कच्चा पदार्थको प्रयोग गरी उर्जाको खपत बढाउन सकिन्छ । यस्ता उत्पादनमूलक प्रयोगले गर्दा समग्र गरिबी निवारणका साथै उर्जाको दिगोपनमा मद्दत पुऱ्याउँछ ।

लघु जलविद्युतको व्यापक विस्तार तथा जडान भएता पनि कतिपय यस्ता परियोजनाहरू भएका स्थानहरूका राष्ट्रिय प्रसारण लाइन विस्तार भई लघु जलविद्युत नचलाई छोडिएका छन् । उपयुक्त योजनाको अभावमा लाखौं मूल्यका यस्ता परियाजनाहरू नचल्नाले राज्यको स्रोतका साथै स्थानीय निकाय तथा समुदायको लगानी खेर गएको छ । यसर्थ विकेन्द्रित आयोजनाहरू निर्माण गर्दा सो पक्षलाई ध्यान दिई योजना बनाउनु पर्छ र यसका साथै उपयुक्त प्रविधिको माध्यमबाट विकेन्द्रित परियोजनाहरू राष्ट्रिय प्रसारण लाइनमा जोड्न पहल गर्नुपर्ने हुन्छ । यसले गर्दा स्थानीय स्तरमा बढी भएको विद्युत शक्ति राष्ट्रिय प्रसारण लाईनमा खपत गराई सो परियोजनाबाट आर्थिक लाभसमेत लिन सकिन्छ ।

संयुक्त राष्ट्रसंघद्वारा सन् २०११ मा विश्वव्यापी रूपमा सबैका लागि दिगो उर्जा (Sustainable Energy for All-SEforALL) को घोषणा भएको थियो । यो मूलतः यसका तीन उद्देश्य छन्, आधुनिक उर्जामा सबैको पहुँच, उर्जा दक्षतामा दोब्बर सुधार तथा कूल उर्जा खपतमा नवीकरणीय उर्जाको अंशलाई सन् २०३० सम्ममा दोब्बर बनाउनेमा केन्द्रित छ । नेपालसमेत विश्वका विभिन्न राष्ट्रहरू यस अभियानमा समाहित भई यी उद्देश्यहरूलाई सरकारको योजना तथा कार्यक्रममा राखेको छ । सन् २०३० को दीगो विकास एजेण्डामा रहेको दिगो विकास लक्ष्य (Sustainable Development Goal-SDG) को सातौं लक्ष्यले समेत यसलाई आत्मसात गरेको छ ।

यसको मूलकारण नै समग्र उर्जा विकासले गरिबी निवारण तथा तीब्र आर्थिक वृद्धिदरलाई महत्वपूर्ण योगदान रहेकाले नै हो । दिगो विकास लक्ष्य (SDG) ले उर्जालाई एक लक्ष्यको रूपमा लिए तापनि यसले अन्य लक्ष्यहरू गरिबी निवारणसम्बन्धी जलवायु परिवर्तन तथा आर्थिक विकासका सम्बन्धमा समेत योगदान गर्दछ ।

चित्र ४: ग्रामीण क्षेत्रमा लघु जलविद्युत परियोजना

स्थानीय निकायहरूको भूमिका विकेन्द्रित उर्जा प्रवर्द्धन गर्न महत्वपूर्ण रहेको छ । हाल जिल्ला समन्वय समितिको कार्यालयमा उर्जाको इकाई गठन भई समुदायमा आधारित यस्ता परियोजनालाई आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ । विकेन्द्रित उर्जा परियोजनाहरूमा हालको स्थानीय निकाय (जिसस तथा गाउँपालिका) मार्फत नेपालको सरकारको केन्द्रीय अनुदानको अलावा पनि करोडौं रूपैयाँ अनुदान उपलब्ध गराई यस्ता परियोजनालाई स्थापना गर्न सहयोग पुऱ्याएको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची नम्बर १९ मा उल्लेख भएअनुसार साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा अब स्थानीय तहद्वारा गरिनुपर्ने हुन्छ । यसका निम्ति स्थानीय तहको एकीकृत योजना निर्माण, समन्वय तथा प्राविधिक क्षेत्रमा क्षमता अभिवृद्धि गरिनुपर्ने हुन आउँछ ।

समग्रमा, उर्जा प्रविधिको विस्तार तथा विकासले गरिबी निवारण तथा मानव जीवनस्तरमा आर्थिक-सामाजिक वातावरणीय क्षेत्रमा सकारात्मक प्रभाव पार्दछ । यसका निम्ति सरकारी तहबाट समेत योजनाबद्ध रूपमा आर्थिक विकास तथा उर्जाको पहुँचको कार्यक्रम सञ्चालन गरिनुपर्दछ । विशेषतः ग्रामीण क्षेत्रमा उपयुक्त प्रविधिको प्रचारप्रसार तथा विस्तार, उर्जा आयोजना सञ्चालन तथा व्यवस्थापनमा क्षमता अभिवृद्धि, आर्थिक स्रोतको परिचालन तथा उद्यमशीलता विस्तारले उर्जाको खपतलाई बढाउनुका साथै ग्रामीण गरिबी समुदायको विकासमा समेत टेवा पुऱ्याउन सक्छ ।

❖❖❖



गरिबी निवारणलाई १ अर्ब ६७ करोड

गरिबी निवारण मन्त्रालयले गरिबी निवारणका लागि मात्र एउटा कार्यक्रम सञ्चालन गरेको छ जसका लागि चालु आर्थिक वर्षमा १ अर्ब ६७ करोड बजेट छुट्याएको छ । मन्त्रालयले बझाङ, बाजुरा, रुकुम, रोल्पा, कालिकोट, जाजरकोट, हुम्ला र दैलेखजस्ता पश्चिमका उच्च पहाडी जिल्लामा गरिबी निवारण कार्यक्रम सञ्चालन गरिरहेको छ ।

गरिबसँग विश्वेश्वर कार्यक्रम

आवश्यकता र औचित्य

– पृथ्वीप्रसाद शर्मा*

पृष्ठभूमि

हलो जोतिरहेको किसानको तस्वीर हेरेर विकास योजना बनाउने र गरिब परिवारलाई आफूजस्तै मध्यम वर्गीय आर्थिक एवं सामाजिक स्तरमा उठाउने सोचका साथ सुरुआत भएको कार्यक्रम हो गरिबसँग विश्वेश्वर । नेपाली काँग्रेसको प्रजातान्त्रिक समाजवादको नेपाली संस्करण उहाँद्वारा प्रतिपादित समाजवादले प्रजातान्त्रिक प्रकृयाद्वारा स्वयं गरिबलाई नै गरिबी निवारणको बाटो डोऱ्याउने स्वस्फूर्त र स्वचालित प्रक्रियाको परिकल्पना गरेको हो । महामानव विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री हुँदाको १५ वर्षे प्रतिज्ञामा आधारित यो कार्यक्रम उहाँको समाजवादी आस्थाका ऐतिहासिक प्रमाण पनि हो । यही सैद्धान्तिक आदर्शबाट निर्देशित नेपाली काँग्रेसले आफू सरकारमा रहेको बेला आव २०५६/५७ देखि राष्ट्रिय अभियानका रूपमा गरिबसँग विश्वेश्वर कार्यक्रम सञ्चालनमा ल्याएको हो ।

गाउँका अति विपन्न परिवारहरू जसको आँडमा फाटेको मैलो लुगा छ, जो झुपडीमा बस्छ, जसका छोराछोरीले पढ्ने र लेख्ने अवसर पाउँदैनन्, जो बिरामी पर्दा आफू र आफ्ना केटाकेटीका लागि औषधी उपचार गर्न सक्दैनन् र जसको पहुँच भूमि, पूँजी, तालिम र रोजगारीमा समेत छैन, त्यस्ता अति विपन्न परिवारहरू नै गरिबसँग विश्वेश्वर कार्यक्रमका लक्षित वर्ग हुन् । यो गरिबीविरुद्ध गरिबहरूलाई नै संघर्ष गर्न सिकाउने र सक्षम बनाउने कार्यक्रम हो ।

राष्ट्रले गरिबी निवारणका क्षेत्रमा गरेको लगानी तथा सञ्चालन गरिएका गरिबी निवारण कार्यक्रमबाट उत्साहप्रद उपलब्धि हासिल हुन नसकेको यथार्थ तस्वीर ती दुर्गम क्षेत्रका गाउँमा बस्ने विपन्न परिवारको झुपडीमा पुग्नै पर्दछ । विपन्न परिवारको आफ्नै सहभागिता बेगर सञ्चालन गरिएका कार्यक्रमले जुन वर्गको उत्थान हुनपर्ने हो, जसलाई गरिबी नामको रोगले ग्रस्त बनाएको छ, त्यो वर्ग जहाँको त्यहीँ रहन गयो, धनी र टाठाबाठाहरूले नै यसको फाइदा लिन पुगेको यथार्थता दृष्टिगत गरी आव २०५६/५७ मा राष्ट्रिय संकल्प साथ यो कार्यक्रम प्रारम्भ गरिएको हो ।

तत्कालीन अवस्थामा २०५ निर्वाचन क्षेत्रबाट सुरु भएको कार्यक्रम आव २०५८/५९ सम्म आइपुग्दा ७५ जिल्लाका ४ सय २१ गाउँ विकास समितिमा सञ्चालन भइसकेको थियो । आव २०५९/६० बाट कार्यक्रमले क्रमशः न्यून प्राथमिकता पाउन थाल्यो । आव २०६२/६३ बाट बजेट अभावका कारण कार्यक्रमले निरन्तरता पाउन सकेन । जुन उद्देश्यका लागि कार्यक्रम सञ्चालन गरिएको थियो त्यो उद्देश्य प्राप्त गर्नुको सट्टा प्रभावकारिता समेत अध्ययन नभई कार्यक्रम नै खारेज हुन पुग्यो ।

आव २०६६/६७ को बजेट, नीति तथा कार्यक्रमले गरिबसँग विश्वेश्वर कार्यक्रमलाई निरन्तरता दिने भनी सम्बोधन भएबमोजिम बजेट व्यवस्था भई आव २०६६/६७ बाट पुनः यो कार्यक्रम साबिकका कार्यक्षेत्रमा सञ्चालन भइआएको हो । आव २०७२/७३ मा जिल्लाको मागबमोजिम ३९ जिल्लाका ९७ गाविसमा क्षेत्र विस्तार गरियो । यसरी आव २०७२/७३ देखि यो कार्यक्रम ७५ जिल्लाका ४ सय ६६ गाविसमा सञ्चालन भइसकेको छ । साथै जिल्लामा एक/एकजना जिल्ला समन्वयकर्ता नियुक्त गरी कार्यक्षेत्रको अनुगमन गर्ने, सामाजिक परिचालकहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने जिम्मेवारी दिई जिविसमै रहेर काम गर्ने व्यवस्था मिलाइएको छ ।

उद्देश्य

कार्यक्रम सञ्चालन भएका क्षेत्रका अति विपन्न परिवारलाई रोजगारी तथा आयमूलक क्रियाकलापमा संलग्न गराउँदै गरिबीको रेखाबाट माथि उठाई स्वावलम्वनतर्फ अग्रसर गराउनु यसको मूलभूत उद्देश्य हो । यसका साथै यसका अन्य उद्देश्य यस्ता छन् :

* कार्यक्रम निर्देशक, गरिबसँग विश्वेश्वर कार्यक्रम, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

- आय अभिवृद्धिको क्रियाकलापका लागि संस्थागत कर्जासँग गरिबको पहुँच बढाउने ।
- स्थानीय स्तरमा मानव संशाधनको विकास गरी सामाजिक पूँजीको विकास गर्ने ।
- आन्तरिक बचत संकलन र परिचालन गर्ने ।
- शिक्षा, स्वास्थ्य, पिउने पानी, तालिम, कृषि प्रसार प्रविधि, बजार व्यवस्थापन र बजार प्रणाली आदिसँग गरिबको पहुँच बढाउने ।
- आय अभिवृद्धिको क्रियाकलापका लागि संस्थागत कर्जासँग गरिबको पहुँच बढाउने ।
- परम्परागत सीपको अभिवृद्धि गर्दै लघु उद्यमबाट स्वरोजगार सृजना गर्ने ।
- निर्णय प्रकृयामा विपन्न व्यक्तिलाई प्रत्यक्ष संलग्न हुने अवसर सृजना गरी उनीहरूको आत्मविश्वास बढाउँदै सशक्तीकरण गरिनुका साथै स्वाबलम्बी हुन अग्रसर गराउने ।

कार्यक्रम कार्यान्वयन क्षेत्र छनोटका मापदण्डहरू

कार्यक्रम कार्यान्वयनका लागि जिल्ला विकास समितिले गाविस छनोट गर्दा निम्न अध्ययन प्रतिवेदन र तथ्याङ्कहरूको आधार लिनुपर्नेछ,

- जिल्लाको वस्तुगत विवरण
- भौगोलिक सूचना प्रणाली
- जिल्लास्थित स्वास्थ्य, शिक्षा, कृषिबजार तथा भौतिक संस्थागत पूर्वाधारसम्बन्धी अन्य तथ्याङ्क
- अन्य अध्ययन प्रतिवेदन
- गाविस छनोट गर्दा अति विपन्न परिवार पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्गको बाहुल्यता भएको वर्गलाई प्राथमिकता

कार्यक्रम सञ्चालन पद्धति

- योग्यता प्राप्त स्थानीय बासिन्दा महिला बुहारीलाई सामाजिक परिचालकमा नियुक्त गरी पारिवारिक सर्वेक्षणद्वारा विपन्न वर्गको पहिचान गरिने ।

- आवश्यकता र कार्यक्षेत्रको स्थिति अध्ययन गरी लक्षित परिवारहरूलाई समूहमा आवद्ध गरिने ।
- लक्षित परिवारलाई तालिमको व्यवस्था गरिने ।
- बचत संकलन तथा परिचालन गरिने ।
- सहयोगी निकायहरूको सहयोगमा विभिन्न आर्थिक तथा सामाजिक कार्यक्रमहरू सञ्चालन गरिने ।
- बिउपूँजीको परिचालन गरिने ।
- लक्षित परिवारको मागबमोजिम विभिन्न किसिमका सीप विकास तालिम प्रदान गरिने ।
- स-साना ग्रामीण पूर्वाधार विकासमा अनुदान दिई कार्यक्रम सञ्चालन गरिने ।
- विभिन्न निकाय तथा सम्बन्धित गाविस/जिल्ला विकास समिति/स्थानीय विकास कोषबाट अनुगमन मूल्यांकन गरिने ।

कार्यक्रमका आधारभूत मान्यताहरू

- गरिब माथिको विश्वास ।
- गरिब जनतालाई उसको सरोकारका विषयमा निर्णय गर्न दिने ।
- गरिबहरूलाई छुट्टै संगठनका माध्यमबाट संगठित तुल्याउने ।
- लक्षित परिवारबाट गठन भएका सामुदायिक संस्थाका सदस्यहरूलाई समाजका मूल्य/मान्यताअनुरूप आचरण गर्न उत्प्रेरित गर्ने ।

न्यून बजेट कम प्रशासनिक खर्चमा ७५ वटै जिल्लामा सञ्चालन भएको यस कार्यक्रमले उल्लिखित उद्देश्य प्राप्तिका लागि तोकिएको कार्यक्षेत्रमा स्वीकृत मापदण्डबमोजिम लक्षित परिवारहरू पहिचान गरी गाविस/नगरपालिकाको समन्वयमा समूह संस्थामार्फत् स-साना ग्रामीण पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरेका छन् । नियमित मासिक बैठक बसी सामूहिक बचत संकलन गरिरहेछन् । यसरी संकलित बचत रकम समूहको निर्णयानुसार समूहमै परिचालित छ ।

निर्णय प्रकृयामा विपन्न व्यक्तिलाई प्रत्यक्ष संलग्न हुने अवसर प्राप्त भई उनीहरूको आत्मविश्वास बढेको छ । साथै सशक्तीकरणका साथै स्वाबलम्बी हुने अवसरसमेत प्राप्त भएको छ । तर अत्यन्त न्यून बजेट र सरकारको प्राथमिकतामा नपरेका कारण समूह संरचनाको गतिशीलता क्रियाशील देखिए पनि अशातीत उपलब्धि देखाउन सकिरहेको छैन । कार्यक्रम कार्यान्वयन क्षेत्र लक्षित परिवार, समूह, सामूहिक बचत र अन्य कार्य प्रगति निम्नानुसार छ :

- कार्यक्रम कार्यान्वयन क्षेत्र : ७५ जिल्ला ४ सय ६६ गाविस/नगरपालिका
- लक्षित परिवार : ८३ हजार ४ सय ७७ (विपन्न घरपरिवार)

- समूह संख्या : ६ हजार ७४
- सामूहिक बचत रकम : १४ करोड ३६ लाख ९२ हजार ३ सय ४३ रूपैयाँ

बिउपूँजी चालुकोष

बिउपूँजी चालुकोष सकिने, उत्पादनमूलक क्रियाकलाप, घरायसी, विविध तथा भैपरी आउने समस्या समाधानका लागि थोरै कर्जा प्रवाह गरी विपन्न वर्गको क्षमता र आयवृद्धि गर्न बिउपूँजी चालुकोष (अक्षयकोष) को स्थापना गरिएको छ। यो कोष कार्यक्रम लागू भएका सबै जिल्लामा स्थापना भइसकेको छ।

आव २०५७/५८ देखि २०६१/६२ सम्म लक्षित परिवार संख्याका आधारमा प्रतिवर्ष बिउपूँजी चालुकोषमा थप बजेट विनियोजन भइरहेको थियो। यो कोष समूह सदस्यको घरआँगनमा घुमिरहने एक किसिमको घुम्ती कोष हो। अति विपन्न परिवारहरू जुन यस कार्यक्रमका लक्षित परिवार भित्र पर्छन्, तिनीहरूलाई तत्काल आइपर्ने समस्या टार्नका लागि ऋण लिनु पर्‍यो भने साहु महाजन र बैंकको मुख ताक्न नपर्ने गरी समूहको निर्णयबाटै समूह जमानीमा उनीहरूको घरदैलोमा सहज तरिकाले जिल्ला समन्वय समिति - जिसस (जिविस) स्थानीय विकास कोषमार्फत् सम्बन्धित गाविस मूलसमिति अध्यक्ष र सामाजिक परिचालकको समन्वयमा स्वीकृत निर्देशिकाको प्रकृया पुर्‍याई आएमा समूह जमानीमा कोषको रकम लगानी गरिन्छ।

५० प्रतिशतलाई दबाब समूहमा राखी लगानी गरिने कोषको रकम निश्चित अवधिभित्र असुल भई पुनः पर्खाईमा रहेका समूह सदस्यहरूले प्रयोग गर्ने गर्छन्। यो कोषको रकम कार्यक्षेत्रका आधारमा ७५ वटै जिल्लामा ९ करोड २६ लाख ४० हजार छ। बजेट अभावका कारण साहु महाजन र बैंकको मुख ताक्नु पर्ने विपन्न परिवारहरूलाई तत्कालको गर्जो टार्न यो कोष परिचालित छ। यसबाट कर्जा प्रवाहको प्रकृया जानकारी हुने, समुचित उपयोग गर्न बानी बस्ने आत्मविश्वासमा वृद्धि भई केही हदसम्म आर्थिक स्थिति सुदृढ भएको समेत देखिएको छ।

- कार्यक्रमको उपलब्धि
  - कार्यक्रमबाट ८३ हजार ४ सय ७७ अति विपन्न परिवार छनोट गरी समूह संस्थामा आवद्ध भई क्रियाशील छन्।
  - ४ सय ६६ जना सामाजिक परिचालकहरूबाट ४ सय ६६ कार्यक्षेत्रका ६ हजार ७४ समूह परिचालन भइरहेका छन्।
  - १४ करोड ३६ लाख ९२ हजार ३ सय ४३ रूपैयाँ स्वेच्छिक रूपमा समूहले संकलन गरेको बचत रकम समूहमै परिचालन भइरहेको छ।
  - ९ करोड २६ लाख ४० हजार (ब्याजबाहेक) को बिउपूँजी चालुकोष (अक्षयकोष) स्थापना भई समूह संस्थाको मागबमोजिम आय अभिवृद्धिका क्रियाकलापमा लगानी गरी तोकिएको अवधिभित्र असुली भइरहेको छ।
- नियमित समूह बैठकबाट लक्षित परिवारमा चेतनास्तर वृद्धि भएको छ।
- लक्षित समूहको मागबमोजिम स-साना ग्रामीण पूर्वाधार विकास कार्यक्रम सम्पन्न भएका छन्।
- कार्यक्रमका माध्यमबाट कार्यक्षेत्रका सम्पूर्ण विपन्न परिवारमा सशक्तीकरण भई सामाजिक, आर्थिक क्रियाकलापमा पहुँच अभिवृद्धि भएको छ।
- आवश्यकता पहिचान, योजना तर्जुमा, कार्यक्रम सञ्चालन अनुगमन, मर्मतसम्भार तथा लाभ बाँडफाँडमा विपन्न परिवारको प्रत्यक्ष सक्रिय सहभागिता भई निर्णय क्षमतामा वृद्धि भएको छ।
- लक्षित परिवारबाट गठन भएका समूह/संस्थाका योजनाहरूलाई स्थानीय निकायको सहभागितामूलक योजना प्रक्रियासँग आवद्ध गराई आफैंले सहभागितामूलक अनुगमन गरी आफ्नो स्तरसमेत निर्धारण गर्न सक्ने भएका छन्।

गरिबी निवारणजस्तो कठिन र चुनौतिपूर्ण कार्यका लागि कम्तीमा १५ वर्षे कार्ययोजना निर्धारण गरिनुपर्छ ।

उपसंहार

निमुखालाई न्याय र विपन्नलाई आयको अवधारणामा सञ्चालित गरिबसँग विश्वेश्वर कार्यक्रमले आव २०५६/५७ देखि अनेकौं राजनीतिक, आर्थिक एवं सामाजिक आरोह/अवरोहहरू पार गरी अहिलेको अवस्थासम्म आइपुगेको छ। कार्यक्रमको वस्तुपरक मूल्याङ्कन नै नगरी वर्षेनी कार्यक्रमको संरचना र कार्यविधि परिवर्तन गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ।

गरिबी निवारणजस्तो कठिन र चुनौतिपूर्ण कार्यका लागि कम्तीमा १५ वर्षे कार्ययोजना निर्धारण गरिनुपर्छ। वर्षैपिच्छे आउने अन्योलता हटाउनुपर्छ। बजेट विनियोजन, निकासा आदिमा रहेका प्रक्रियागत कठिनाईहरू हटाइनु पर्दछ। कार्यक्रमको प्रभावकारी अनुगमनका लागि सुदृढ संयन्त्र बनाइनुपर्छ। वर्षैपिच्छे निहित स्वार्थवश कार्यक्रममा संशोधन र परिमार्जित गर्ने परिपाटी यथावत रहेमा गरिबी निवारण क्षेत्रमा प्रगति होइन, अधोगति हुने कुरा स्पष्ट छ।

ग्रामीण गरिब समाजको जराधार (Grass-root) तहदेखि नै निकै नै लोकप्रिय रहेको यो कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गर्न सकिएमा यो कार्यक्रम नेपाली गरिब समाजको आर्थिक रूपान्तरण गर्न प्रभावकारी हतियार सावित हुने कुरा यसको हालसम्मको अनुभवले सिद्ध गरिसकेको छ।

त्यसैले सम्बन्धित निकाय विशेषगरी कार्यक्रमको जन्मदाता नेपाली काँग्रेसका पहलमा उच्च प्राथमिकता साथ यस कार्यक्रमलाई क्रमशः मुलुकभर सञ्चालन गर्न उच्चस्तरको आर्थिक, सामाजिक तथा राजनीतिक प्रतिवद्धताका साथ कार्यान्वयन हुनुपर्ने आवश्यकता देखिएको छ।

❖❖❖

नेपालमा गरिबी मापन अभ्यास

गरिब घरपरिवार पहिचान प्रक्रिया

– रामहरि गैह्रे*

पृष्ठभूमि

गरिबी एक बहुआयामिक अवधारणा हो। गरिबी मापनका निरपेक्ष र सापेक्ष गरी दुई विधिहरू छन्। सापेक्ष गरिबीको मापन विकसित देशहरूमा प्रचलित छ भने विकासोन्मुख मुलुकहरूमा विश्व बैंकले विकास गरेको निरपेक्ष गरिबी मापन विधि प्रयोग गरिंदै आएको छ।

यसका लागि प्रतिव्यक्ति प्रतिदिन आवश्यक न्यूनतम क्यालोरीको पूर्ति गर्न खाद्य खर्च र सोही अनुपातमा गैरखाद्य खर्च गर्न सक्ने गरी 'आधारभूत आवश्यकताको मूल्य' को हिसाब निकालिन्छ र यसैको आधारमा गरिबीको मापन गरिन्छ। यो मौद्रिक मापनबाहेक अक्सफोर्ड विश्वविद्यालयको 'अक्सफोर्ड गरिबी तथा मानवीय विकास प्रयास' ले हालै विकास गरेको जीवनस्तर, शिक्षा र स्वास्थ्यको स्थिति जनाउने 'बहुआयमिक गरिबी सूचक' तथा प्रसिद्ध अर्थशास्त्री अमर्त्य सेनद्वारा प्रतिपादित 'सामर्थ्यको क्षमता' लाई आधार मानी गरिने गरिबी मापनका अन्य महत्वपूर्ण विधिहरू पनि छन्।

नेपालमा निरपेक्ष गरिबी मापनको वैज्ञानिक अभ्यास सन् १९९५/९६ मा केन्द्रीय तथ्याङ्क विभागद्वारा सञ्चालित पहिलो नेपाल जीवनस्तर सर्वेक्षणको विवरणको आधारमा भएको हो। सन् २००३/०४ र २०१०/११ मा सञ्चालित दोस्रो र तेस्रो नेपाल जीवनस्तर सर्वेक्षणका आँकडाको आधारमा नेपालमा गरिबीको दर सन् १९९५/९६ मा आकलन गरिएको ४१.८ प्रतिशतको तुलनामा उल्लेखनीय रूपमा घटी क्रमशः ३०.८ र २५.२ प्रतिशतमा आइपुगेको देखिन्छ।

लक्षित कार्यक्रम सञ्चालन गर्न सरकार र योजनाकारको रुची भने भौगोलिक तथा विभिन्न वर्गको प्रतिनिधित्व गर्ने खण्डीकृत गरिबीको दरमा हुन्छ

यसैगरी, 'अक्सफोर्ड गरिबी तथा मानवीय विकास प्रयास (ओपीएचआई)' ले विकास गरेको र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी) ले कार्यान्वयनमा ल्याएको 'बहुआयमिक गरिबी सूचक' शिक्षा आयामका दुई परिसूचक (शिक्षा आर्जनमा बिताएको औसत वर्ष र प्राथमिक विद्यालय जाने उमेरका बालबालिकाको विद्यालयमा हाजिरी), स्वास्थ्य आयामका दुई परिसूचक (परिवारमा भएको बालमृत्यु र बालपोषणमापक परिवारमा अल्पवजन भएका बालबालिकाको उपस्थिति) र जीवनस्तर मापक ६ परिसूचक (घरपरिवारमा बिजुलीमा पहुँच, शौचालयको सुविधा, बढीमा आधा घण्टाको दूरीमा उपलब्ध सुरक्षित खानेपानीको स्रोत, परिवार बस्ने घरको भित्ता वा भूइँ पक्की, ग्याँस वा बिजुलीजस्ता स्वस्थकर खाना पकाउने इन्धन र रेडियो, टीभी, टेलिफोन, साइकल वा मोटरसाइकलजस्ता एकभन्दा बढी घरायसी सुविधाका साधन वा कुनै प्रकारको गाडी) का आधारमा गरिबीको दर र गहनता हिसाब गरी निकालिन्छ। यस्तो गरिबीको मापनबाट आयाम अनुसारको अवस्था हेरी गरिबी निवारणका कार्यक्रमको पहिचान गर्न सकिन्छ।

यसरी घरपरिवार सर्वेक्षणको आँकडाको आधारमा गरिने गरिबीको दर राष्ट्रिय तहको अतिरिक्त क्षेत्रीय, प्रादेशिक र ग्रामीण/सहरी क्षेत्रसम्म मात्र विश्वसनीय रूपमा प्राप्त हुन्छन्। लक्षित कार्यक्रम सञ्चालन गर्न सरकार र योजनाकारको रुची भने भौगोलिक तथा विभिन्न वर्गको प्रतिनिधित्व गर्ने खण्डीकृत गरिबीको दरमा हुन्छ जुन सानो आकारको घरपरिवार सर्वेक्षणबाट विश्वसनीय रूपमा प्राप्त हुन सक्दैन।

त्यसका लागि घरपरिवार सर्वेक्षण र जनगणनाबाट प्राप्त विवरणको संयोजनबाट जिल्ला, इलाका, नगरपालिका तथा गाउँ विकास समिति तहसम्म गरिबीको स्थिति प्राप्त गर्न सकिन्छ। नेपाल जीवनस्तर सर्वेक्षण २००३/०४ र राष्ट्रिय जनगणना २००१ को समायोजनबाट इलाका तहसम्मको र नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ र राष्ट्रिय जनगणना २०११ को समायोजनबाट नगरपालिका तथा गाउँ विकास समिति तहसम्मको गरिबीको दर, गरिबीको विषमता र गरिबीको गहनता तथा उपभोग खर्चको असमानताजस्ता सूचकहरूको आँकडाहरू निकालिएका थिए। नेपालमा तथ्याङ्कको माग र आपूर्तिमा खासै सन्तुलन हुन सकेको छैन र योजना प्रक्रियामा तथ्याङ्कको प्रयोग अपेक्षित रूपमा हुन सकेको देखिँदैन। यसैको परिणामस्वरूप यी तथ्याङ्क भण्डारको प्रयोग न त योजनाकारहरूले न त स्थानीय सरकारहरूले नै गर्न सके।

नेपालमा गरिबीमापनको अभ्यास

नेपालमा वैज्ञानिक तरिकाले गरिबी मापनकै लागि गरिएका सर्वेक्षणमा नेपाल जीवनस्तर सर्वेक्षणहरू हुन् तथापि त्यसअघि पनि नेपालमा गरिबीको मापन भएको देखिन्छ। हालसम्म उपलब्ध गरिबी मापनको विवरण तलको तालिकामा दिइएको छ।

* निर्देशक (वरिष्ठ तथ्याङ्कशास्त्री), गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय

तालिका १ : विभिन्न सर्वेक्षणमा आधारित गरिबीमापन विधि र नतिजाहरू

सर्वेक्षणको नाम	सर्वेक्षण वर्ष	सर्वेक्षण सञ्चालन गर्ने निकाय	आवश्यक किलो क्यालेरी (प्रतिव्यक्ति प्रतिदिन)	गरिबीको रेखा (रु. प्रतिव्यक्ति प्रतिवर्ष)	गरिबीको दर (प्रतिशत)	असमानताको सूचक (गिनी गुणाङ्क)
रोजगार, आय वितरण तथा उपभोगको ढाँचा सर्वेक्षण	२०३३/३४	राष्ट्रिय योजना आयोग	२२५६*	७२०	३६.१	अप्राप्त
बहुउद्देश्यीय घरपरिवार बजेट सर्वेक्षण	२०४१/४२	नेपाल राष्ट्र बैंक	२२५०*	१७४१	४१.४	अप्राप्त
नेपाल जीवनस्तर सर्वेक्षण	२०५२/५३	केन्द्रीय तथ्याङ्क विभाग	२१२४**	५०८९	४१.८	०.३४
नेपाल जीवनस्तर सर्वेक्षण	२०६०/६१	केन्द्रीय तथ्याङ्क विभाग	२१४४**	७६९६	३०.८	०.४१
नेपाल जीवनस्तर सर्वेक्षण र नेपाल श्रमशक्ति सर्वेक्षण	२०६०/६१ र २०६६/६७	केन्द्रीय तथ्याङ्क विभाग	***बहुचल विश्लेषण		२५.४	०.४६
नेपाल जीवनस्तर सर्वेक्षण	२०६८/६९	केन्द्रीय तथ्याङ्क विभाग	२२२०**	१९२६१	२५.२	०.३०

*अनुमानित **सर्वेक्षणबाट हिसाब गरी निकालिएको ***लघुक्षेत्र अनुमानको सिद्धान्तमा लेखकद्वारा विश्लेषित

तालिका २ : विभिन्न सर्वेक्षणमा आधारित बहुआयामिक गरिबी सूचकहरू

सर्वेक्षणको नाम, वर्ष	विश्लेषण गर्ने निकाय, वर्ष	गरिब जनसंख्या प्रतिशत (ग) (गरिबी सूचक सीमा = ३३%)	गरिबबीचको औसत सघनता (स) (प्रतिशत)	बहुआयमिक गरिबी सूचक (बगसू = ग × स)
नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २००६	ओपीएचआई, २०१०	६४.७	५४.०	०.३५०
नेपाल जन सांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११	ओपीएचआई, २०१४	४९.०	४४.२	०.२१७
नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१४	ओपीएचआई, २०१५	२८.६	४४.२	०.१२६

गरिब घरपरिवारको पहिचान कार्यक्रम

केन्द्रीय तथ्याङ्क विभागबाट नेपाल जीवनस्तर सर्वेक्षणका आँकडाबाट राष्ट्रिय तथा क्षेत्रीय रूपमा गरिबीको मापन गरिएकोमा स्थानीय तहको नीति निर्माणमा ती तहसम्म गरिबीको अवस्थाको जानकारीको माग हुँदै आएको थियो । राष्ट्रिय सर्वेक्षणमा छानिएका घरपरिवारको नमूनाले जिल्ला, इलाका, नगरपालिका वा गाविस तहसम्मका विश्वसनीय अनुमानहरू प्रदान गर्न सक्दैन ।

त्यसका लागि राष्ट्रिय जनगणना र जीवनस्तर सर्वेक्षणको संयोजनद्वारा लघुक्षेत्र अनुमान (Small Area Estimation) को विधिबाट तल्लो तहसम्म गरिबीका विश्वसनीय अनुमानहरू प्राप्त गर्न सकिन्छ । यसबाट तोकिएको क्षेत्रमा पूर्वाधार विकाससम्बन्धी सामूहिक गरिबलक्षित कार्यक्रमहरू प्रभावकारी तथा वस्तुगत रूपमा सञ्चालन गर्न मद्दत पुग्दछ । कतिपय अवस्थामा गरिब घरपरिवारलाई राज्यको प्रत्यक्ष सहयोगको जरुरत हुन्छ, त्यसका लागि सर्वेक्षणमार्फत् हरेक घरपरिवारको आर्थिक समृद्धिको विवरण सङ्कलन गर्नुपर्ने हुन्छ ।

गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण गर्न नेपाल सरकारले २०६९ भदौ ५ गते गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण समन्वय बोर्ड (२०७१ माघ १३ गतेको ११औं बोर्ड बैठकद्वारा गरिब घरपरिवार सहयोग समन्वय बोर्डमा रूपान्तरित) को गठन गरेको छ । यस बोर्डले लक्षित समूहको पहिचानको लागि अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मापदण्डबाट विधिसम्मत एवं पारदर्शी ढंगले गरिब घरपरिवारको पहिचान गर्दछ । यसबाट गरिब लक्षित कार्यक्रमहरूको कार्यान्वयनपूर्व आवश्यक सूचना प्राप्त भई विभिन्न निकायहरूलाई वस्तुगत योजना बनाउन र यस्ता कार्यक्रमहरूबाट हुने चुहावट रोक्न तथा सञ्चालन खर्चमा कमी ल्याउन मद्दत पुग्ने देखिन्छ । उक्त बोर्डको सचिवालयबाट नेपालका गरिबीको दर धेरै भएका जिल्लाहरू र हिमाल-पहाड-तराई र पाँच विकास क्षेत्रको प्रतिनिधित्व गर्ने हिसाबले समेत पहिलो चरणमा २५ जिल्लाहरू छानी गरिब घरपरिवारको पहिचान गर्ने कार्यक्रम सम्पन्न भएको छ ।

गरिब घरपरिवार पहिचान विधि

गरिब घरपरिवार पहिचानका लागि विज्ञ समूहद्वारा तयार पारिएको प्रश्नावली फारमको माध्यमबाट छानिएका क्षेत्रका सम्पूर्ण घरपरिवारको आधारभूत विवरणहरू सङ्कलन गरिन्छ । यसरी सङ्कलित तथ्याङ्कको सङ्केतीकरण र सम्पादन गरी कम्प्युटरमा प्रविष्ट गरिन्छ । प्रत्येक घरपरिवारको महत्वपूर्ण परिसूचकमध्ये उपभोग खर्चसँग प्रत्यक्ष सम्बन्ध राख्ने प्रतिनिधि सूचकहरू (Proxy indicators) र गरिबी मापन सर्वेक्षणबाट प्राप्त परिसूचकहरूको तथ्याङ्कीय विधिबाट संयोजन गरी गरिब घरपरिवारहरूको पहिचान गरिन्छ ।

यस विधिलाई Proxy Means Test (PMT) भनिन्छ । गरिबको पहिचान गरी राज्यले प्रदान गर्ने सेवा सुविधा तथा सहुलियतहरूका लागि यो विधि विश्व बैंकको पहलमा अन्तर्राष्ट्रिय क्षेत्रमा आमरूपमा प्रयोग गरिँदै आइएको छ । यो कुनै व्यक्तिको वित्तीय सम्पन्नताको आधारमा उसको योग्यता निर्धारण गरी राज्यले प्रदान गर्न सक्ने सहुलियतको किटानी गर्ने विधि हो । यसले कुनै घरपरिवार तथा व्यक्तिको विशेषता (Characteristics) सम्पन्नताको अवस्थासँग कसरी सहसम्बन्ध (Correlate) राख्छ भन्ने विश्लेषण गर्दछ र त्यसैको आधारमा गरिब घरपरिवारको पहिचान गरिन्छ ।

नेपालमा घरको स्वामित्व, जग, गारो र छानोको प्रकार, खाना पकाउने इन्धनको प्रकार, खानेपानी तथा घरमा बालिने बत्तीको स्रोत, चर्पीको प्रकार, घरायसी सुविधाका साधन, परिवारको आकार, परिवारमूलीको जातजाति र शैक्षिक स्तर, परिवारको भौगोलिक अवस्थिति, परिवारमा प्राप्त विप्रेषणको परोक्ष सूचकहरूलाई गरिबी मापनको आधार मानिएको छ । गरिबी मापन गर्ने राष्ट्रिय घरपरिवार सर्वेक्षण (नेपाल जीवनस्तर सर्वेक्षण) बाट Regression विधिद्वारा गरिबीसँग सम्बन्धित परिसूचकको मान निकालिन्छ ।

गरिबी निवारणका कार्यक्रमहरू प्रभावकारी र नतिजामूलक बनाउन व्यक्ति र परिवारहरूको पहिचान आवश्यक हुने भएकाले मन्त्रालय मातहतको गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयले छानिएका २५ जिल्लामा गरिब घरपरिवार पहिचानको कार्यक्रम सम्पन्न गरिसकेको छ । त्यसका लागि घरपरिवार सर्वेक्षण फारममार्फत् प्रत्येक घरपरिवारको तथ्याङ्क सङ्कलन गरी गरिबीमापनका सूचकहरूको आधारमा करिब १२ लाख घरपरिवारमध्ये प्रारम्भिक रूपमा ३,५६,४१८ घरपरिवारहरूको पहिचान गरिएको थियो । यसरी पहिचान भएका घरपरिवारको सूची २५ जिल्लाका तत्कालीन गाविस कार्यालय वा नगरपालिका वडा कार्यालयमार्फत सार्वजनिक गरी गुनासो सुनुवाई र छानविनपश्चात् अति गरिब, मध्यम गरिब र सीमान्त गरिब गरी तीन समूहमा वर्गीकृत गरिब घरपरिवारको अन्तिम सूची तयार भइसकेको छ ।

दिगो आर्थिक विकासका लक्ष्यहरूमध्ये सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने पहिलो लक्ष्यको एउटा उद्देश्य सन् २०३० सम्म गरिब तथा जोखिममा परेका जनतालगायत पिछडिएका सबैलाई उल्लेख्य रूपमा समेट्ने गरी देशअनुकूलको सामाजिक संरक्षण प्रणाली र तौरतरिका अबलम्बन गर्ने प्रस्ताव गरिएको छ । त्यसको लागि सर्वेक्षणको विश्लेषण गरी पहिचान भएका गरिब घरपरिवारलाई लक्षित सामाजिक सुरक्षाका कार्यक्रमहरूको वस्तुपरक अनुगमन तथा मूल्याङ्कन गर्न केन्द्रीय तथ्याङ्क आधार तयार भएको छ ।

गरिब घरपरिवार सहयोग समन्वय बोर्डकबाट गरिब घरपरिवारको पहिचान स्वीकृत गरी पारित गरेपछि सरकारले गरिब परिचयपत्र वितरण गर्ने र गरिब लक्षित कार्यक्रमहरू एकद्वार प्रणालीमार्फत सञ्चालन गर्न सहज हुनेछ । यसैगरी, गरिब घरपरिवारको पहिचानको आधारमा स्वरोजगारमूलक आयआर्जन कार्यक्रम, स्वास्थ्य बीमा, छात्रवृत्ति, खाद्य सुरक्षा, रोजगारमूलक सीप हस्तातरण, आवास सुधारजस्ता गरिबलाई प्रत्यक्ष सम्बोधन गर्ने कार्यक्रमहरूको कार्यान्वयन गर्ने प्रक्रिया सहितको खाका तयार भएको छ । यसको सफल कार्यान्वयनले 'गरिबको लागि सरकार' कार्यक्रमले सार्थकता पाउने आशा गर्न सकिन्छ ।

❖❖❖

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

मालसामान तथा सेवा खरीद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्यरुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिबृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५०००। (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुपमा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरुपमा विजक लिन हुन अनुरोध छ ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

बाढी व्यवस्थापन तथा जीविकोपार्जनमा
समुदाय तहको क्षमता विकास

– डा. दुर्गाप्रसाद पौड्याल*

गाउँमा घर कुर्ने बुढाबुढी र केटाकेटीमात्र रहेकाले परम्परागत कृषि प्रणाली ध्वस्त भएको छ । अर्कोतिर घर, बाटो तथा अन्य पूर्वाधार निर्माणको माग तीब्ररूपमा बढेकाले उक्त मागलाई पूरा गर्न मापदण्डविपरित जथाभावी ढुंगा, गिट्टी र बालुवाको दोहन भएको पाइन्छ ।

नेपाल भौगोलिकरूपमा उत्तर तर्फका उच्च हिमाली हिमश्रृंखलाबाट मध्यपहाडी इलाका तथा चुरे पर्वत श्रृंखलाहुँदै दक्षिण तर्फको समथर तराई मैदानतर्फ फैलिएको देश हो । त्यसैले यहाँको हावापानी, नदीनाला तथा बासस्थान सोहीअनुरूप रहेका पाइन्छन् । उच्च हिमाली क्षेत्रमा नदीका किनार तथा गल्छीहरूमा थोरै जनसंख्या बसोबास गरेको पाइन्छ भने मध्यपहाडी क्षेत्रका पहाड तथा टारहरूमा घना बसोबास गरेको पाइन्छ । केही समय अघिसम्म 'चारकोशे झाडी' ले छोपेको अति कमलो चट्टान भएको चुरे पर्वतमाला समेतमा वन फडानी भई मानव बस्तीले भरिन थालेको छ । अनि दक्षिण तर्फको समथर तराई मैदानमा घनाबस्ती रहेको पाइन्छ ।

विगत केही दशकयता विभिन्न कारणबाट हिमाली तथा पहाडी क्षेत्रका गाउँबस्तीबाट तराई तथा सहरी क्षेत्रहरूमा बसाइँसराई हुने क्रम तीब्ररूपमा बढ्दो छ । त्यस्तै, ग्रामीण क्षेत्रहरूका गाउँ-बस्तीबाट त्यहीँका बजारहरूमा बसाइँ सर्ने क्रमसमेत बढ्दै गएको छ । भारतीय औद्योगिक वस्तुहरूको अनियन्त्रित विस्तारले जग्गा प्लटिङ गरी आधुनिक घर निर्माण, ग्याँस चुलो, फ्रिज, पंखा, मोटरसाइकल, मोबाइल फोन आदिको व्यापक प्रयोग बढेको छ । यसबाट गाउँघरको मासिक खर्च अकासिएको छ । यो खर्च धान्न नसकेर गाउँका अधिकांश युवायुवती भारत, मलेसिया तथा खाडी राष्ट्रका जोखिमपूर्ण श्रमबजारमा पलायन भएका छन् ।

गाउँमा घर कुर्ने बुढाबुढी र केटाकेटीमात्र रहेकाले परम्परागत कृषि प्रणाली ध्वस्त भएको छ ।अर्कोतिर घर, बाटो तथा अन्य पूर्वाधार निर्माणको माग तीब्ररूपमा बढेकाले उक्त मागलाई पूरा गर्न मापदण्डविपरित जथाभावी ढुंगा, गिट्टी र बालुवाको दोहन भएको पाइन्छ । यसबाट एकातर्फ जनसंख्याको असन्तुलित बसोबासले विकासको समानुपातिक वितरणमा बाधा उत्पन्न हुने देखिन्छ भने अर्कोतर्फ भूक्षय एवं वातावरण विनाश तीब्ररूपमा बढेर ग्रामीण जनजीविकामा ठुलो असर पारेको पाइन्छ । अझ २०७२ वैशाखको भूकम्पबाट पहाडी तथा हिमाली क्षेत्र अरू अस्थीर र कमजोर भएको छ ।

यसमध्ये सबैभन्दा प्रत्यक्ष असर देखिएको क्षेत्र हो प्रत्येक बर्खायाममा बढ्दै गएको बाढीको प्रकोप । वास्तवमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका प्रायः सबै नदीनालाहरू हिमाल, पहाड तथा चुरे क्षेत्रका विभिन्न कन्दराहरूबाट उद्गम भएर तराईहुँदै भारततर्फ बग्ने गर्छन् । हिउँदमा सानो आकारमा बग्ने ती नदीहरूमा बर्खाको झरीसँगै पानी तथा पहाडको पहिरोले ल्याएको ढुंगामाटोको लेदो एवं गेग्रेन मिश्रित बाढीले तराईका उर्वर भूमि बगाउने, बालीनाली पुरिदिने तथा गाउँबस्तीहरूमा ठुलो धनजनको क्षति हुने गर्दछ ।

यता सरकारले भने बाढीलाई 'दैवी प्रकोप' को रूपमा बुझेर केन्द्रमा गृह मन्त्रालय र स्थानीय तहमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा दैवी प्रकोप उद्धार संयन्त्र बनाएको छ जसले बाढीमा फसेका वा मृत भएकाहरूको उद्धार गर्ने र राहत वितरण गर्ने काम गर्छ । यद्यपि वर्षैनि आउने यस्ता बाढीको प्रकोपबाट समुदायलाई कसरी बचाउने, उनीहरूको खाद्यान्न लत्ताकपडा कसरी जोगाउने र बाढीको क्षतिलाई कसरी न्यूनीकरण गर्ने भन्ने दीर्घकालीन सोच लिएको पाइँदैन ।

त्यस्तै बाढीको प्रकोपलाई समुदायहरूले कसरी सामना गर्छन्, उनीहरूको जनजीविकामा यसले कस्तो असर पार्छ र उनीहरूलाई सुरक्षित बनाउन के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्छ भन्ने विषयहरूमा थोरैमात्र कार्यगत अनुसन्धान भएका छन् । यसैमध्ये ग्रामीण स्वावलम्बन विकास केन्द्र (यसपछि केन्द्र भनिएको) ले Malteser International (यसपछि एमआई भनिएको) सँग मिलेर बर्दिया जिल्लाको कर्णाली नदीमा बाढी प्रभावित सिमावर्ती नेपाल र भारतका बस्तीहरूमा विगत पाँच वर्षदेखि कार्यगत अनुसन्धान गर्दै आएको छ । प्रस्तुत आलेखमा यस कार्यगत अनुसन्धानको नेपाल तर्फको क्षेत्र बर्दिया जिल्लाको राजापुर इलाकामा भएका केही उपलब्धि तथा सिकाईहरूलाई उल्लेख गर्ने प्रयास गरिएको छ ।

* कार्यकारी प्रमुख, ग्रामीण स्वालम्वन विकास केन्द्र, काठमाडौं

कार्यक्षेत्रको परिचय

बर्दिया जिल्लाको राजापुर क्षेत्रलाई कर्णाली नदीले दुवैतिरबाट घेरेर टापुजस्तो बनाएको छ। यस क्षेत्रमा मुख्यतः थारू समुदाय बसोबास गर्छन्। संयुक्त परिवारमा बस्न रुचाउने यो समुदायको एउटा बस्तीभित्र नजिकका नातेदार समेतका स-साना माटोको बेरा भएका खरका घरहरू, वस्तुबाखाका गोठहरू तथा अन्न भण्डारण गर्ने माटोको कलात्मक 'डेरी' पिँढीमा रहेको पाइन्छ। बीचमा सबै घरहरूको साझा आँगनमा पानीको ट्युबवेल वा इनार हुन्छ भने बाहिरी भागमा आ-आफ्नो खाल्डे चर्पी रहेको हुन्छ। थारूबाहेक अन्य समुदायका घरहरू छरिएर रहने भए पनि घरआँगनको बनोट उस्तै देखिन्छ।

हरेक बर्खामा आउने कर्णाली नदीको बाढीले यो समग्र क्षेत्र जलमग्न हुन्छ। नदी छेउछाउका जमिन कटान हुन्छ, बस्तीमा बाढी पसेर घरहरू बगाउँछ र धनजनको समेत क्षति हुने गर्छ। माटोको डेरी बगाएर अन्नपात नष्ट हुन्छ। ट्युबवेल वा इनारमा बाढीको पानी पसेर खानेपानी दुषित हुन्छ भने खाल्डे चर्पीको फोहोर बगाएर हैजा फैलने डर रहन्छ। सिँचाइ विभागले बनाएको बुढीकुलोको व्यवस्थित रूपमा सञ्चालन र मर्मत-सम्भार नहुँदा ऐले 'बुढी खोला' बन्न पुगेको छ, जसले बाढीको लेदो ल्याएर खेत पुरिदिन्छ र बाली नष्ट हुन्छ। यस अवस्थामा त्यहाँका बासिन्दा बाढी आएको बेलामा अग्लो ठाउँमा भागेर ज्यान जोगाउँछन्। अग्लो ठाउँको अभावमा धेरैजसो बासिन्दाले स्कुल, गाविस भवन, स्वास्थ्य चौकीको छतमा अथवा बाँसको भ्याँङ वा रुखमा आश्रय लिएका हुन्छन्। तर धेरैले अन्नपात र पशुहरू जोगाउन सक्तैनन्। बाढीका कारणले ग्रामीण अर्थतन्त्रको एकतिहाई आम्दानी र बचत नष्ट हुने गरेको अनुमान छ। त्यसैले बाढीपछि बाँडिने केही किलो चिउरा वा पुराना लुगाफाटाले उनीहरूलाई सहानुभूतिसम्म दिन्छ तर पुनर्स्थापना गर्न सक्दैन।

भारततर्फ भने उत्तरप्रदेशको बाह्राबाँकी र बहरैच जिल्लाको घागरा (नेपालमा कर्णाली) नदीको तटीय क्षेत्रका समुदायहरूमा लखनउस्थित सहभागी शिक्षण केन्द्रले कार्यक्रम सञ्चालन गरेको थियो।

स्वावलम्बन कार्यक्रम

२०६८ साल (सन् २०१२) तिर एमआई भारतको बाढीग्रस्त इलाकामा त्यहाँको गैरसरकारी संस्था सहभागी शिक्षण केन्द्रसँगको साझेदारीमा उत्तरप्रदेशको घाघरा (नेपालको कर्णाली) नदीको प्रभावित क्षेत्रमा काम गर्दै थियो। त्यही सिलसिलामा नदीको माथिल्लो तटीय क्षेत्रलाई पनि समेटेर काम गर्दा एकअर्काबाट सिक्ने र प्रभाव राम्रो हुने निष्कर्षबाट समुदाय तहमा काम गरेका नेपाली साझेदार संस्थाको खोजीमा थियो। बाँके र बर्दिया जिल्लामा पहिला काम गरिसकेको र समुदाय तहमा राम्रो प्रभाव रहेकाले केन्द्र र एमआईले साझेदारीमा काम गर्ने सहमति बन्यो। एमआईको आर्थिक सहयोगमा केन्द्रले मुख्यरूपमा निम्न कार्यक्रमहरू सञ्चालन गऱ्यो।

क्षेत्र	कार्यक्रम	संख्या	लाभान्वित संख्या
बाढी प्रकोप न्यूनीकरण	अग्लो धारा	२१	४८३६
	अग्लो आश्रय स्थल	२	४००६
	अग्लो चर्पी	३	१२९६
	स्वावलम्बन चौतारी	७	३१४७
	स्वावलम्वन भकारी	४	१८२१
	प्लाष्टिकको भकारी	३०	१५४
	काठको नाउ	१	५३०
खानेपानी तथा सरसफाई	स्कुलमा सरसफाई अभियान	१७ स्कुल	१०१४०
	कञ्चन फिल्टर वितरण	३१	१६०
	किशोरीहरूलाई पुनः प्रयोग गरिने प्याड बनाउने तालिम	२०१	२०१
	समुदायमा खानेपानी तथा सरसफाईसम्बन्धी तालिम	४६ आय आर्जन समूह	६५९७
जनजीविका	आय आर्जन समिति	४६	१२८६ परिवार
	व्यावसायिक तालिम		३५ जना
	करेसाबारी तालिम		४६२ जना
	तरकारी खेती तालिम		५३९
	खाद्य प्रशोधन तालिम		२४१

त्यस्तै, बाढी व्यवस्थापनमा नेपाल र भारतका कार्यक्रम क्षेत्रका जनताको अनुभव आदान-प्रदान आदि कार्यक्रम समेत समावेश गरिएका थिए ।

भौतिक पूर्वाधारहरूको निर्माण

बाढीपीडितलाई चाहिने आधारभूत सेवाहरू 'सफा पानी, सफा खाना र सुरक्षित बासस्थान' पुऱ्याउने उद्देश्यले कतिपय कार्यक्रमहरू तय गरिएकोमा कार्यान्यवन गर्दै जाँदा लक्षित वर्गको ज्ञान, अनुभव र सहभागिताका आधारमा अरू परिस्कृत गरियो भने कतिपय नयाँ प्रविधिहरूको विकास गरियो । तीमध्ये केही तल उल्लेख गरिएका छन् ।

- **अग्लो धारा र चर्पी :** प्रायः सबै घरहरूमा ट्यूबवेल/इनार भए तापनि बाढीको समयमा ती सबै दूषित हुन्छन् । त्यसैले बाढीको समयमा सफा पानी खान तथा दिसापिसाब गर्न समुदायलाई पायक पर्ने ठाउँहरूमा अग्लो धारा र चर्पीको निर्माण गरियो ।

- **अग्लो सुरक्षित घर :** सुरक्षित आश्रय स्थलको अभावमा बाढीपीडितहरू सार्वजनिक भवनका छतहरू बाँसघारी वा रूखहरूमा आश्रय लिने गर्थे । तर ग्रामीण इलाकामा धेरै सार्वजनिक पक्की घरहरू नहुने र भएका पनि टाढा हुँदा नदीकिनारका बस्तीहरूलाई मर्का परेको थियो । त्यसैले धेरैलाई पायक पर्ने ठाउँहरूमा स्थानीय संस्थाहरूसँग मिलेर अग्लो धारा र चर्पी सहितको आश्रयस्थल निर्माण गरियो । बर्खाको बेलामा आश्रयस्थलको रूपमा प्रयोग हुन्छ भने हिँउदमा बिहेवारी वा अन्य सामाजिक काममा प्रयोग हुने गर्छ ।

- **स्वावलम्वन चौतारी :** बाढी कुनै पनि बेला आउन सक्छ । तर त्यो बेलामा सबै पीडित घरपरिवार सुरक्षित स्थानमा नपुग्न पनि सक्छन् । त्यसैले समुदायभित्रका वरपिपलमा अग्लो चौतारी निर्माण गरियो, जसमा नजिकैका घरपरिवारहरू दौडेर पुग्न सक्छन् । यी चौतारीहरूमा सुख्खा याममा पूजाआजा गर्ने वा बिहान/बेलुका विद्यार्थीहरू जम्मा भएर पढ्ने गरेका छन् ।

- **स्वावलम्बन भकारी :** बाढीको पानीले गरिब किसानको खाने अन्न, बिउबिजन, लत्ताकपडा तथा कागजातहरू नष्ट गरिदिन्छ । त्यस्तो प्रकोपबाट राहत पाउन समुदायको

बीचमा पर्ने गरी स्वालम्वन भकारीको निर्माण गरिएको हो । बाढी आउने जोखिम बढेपछि समुदायले अन्न, बिउ, लुगाफाटो तथा कागजातहरू यो भकारीमा राख्छन् । तर कतिपय छरिएर रहेका घरहरूले यस्तो सामूहिक भकारीसम्म आफ्नो सामान ल्याउन सक्दैनन् । त्यसैले त्यस्ता घरपरिवारलाई ५०० लिटरको प्लास्टिकको ट्यांकी दिइयो । उनीहरूले अग्लो टाँड बनाएर ट्यांकी राखेका छन् जसमा बाढीको समयमा अन्न, बिउ, लुगाफाटो तथा कागजातहरू राख्छन् ।

जनजीविकामा समुदायको क्षमतागत विकास

वास्तवमा केन्द्रले विगत २५ वर्षदेखि सञ्चालन गर्दै आएको 'विपन्नताबाट मुक्तिका लागि स्वावलम्बन' कार्यक्रमको मूलभूत मान्यता के रहिआएको छ भने विपन्न जनताले आफैंमाथि विश्वास गुमाउँदै गरेको बेलामा उनीहरूलाई यो अवस्थाबाट मुक्ति दिलाउन उनीहरूको आवश्यकता, क्षमता, चाहना र समस्यालाई समेटेर लैजानुपर्छ जसले उनीहरूको आत्मविश्वास जागृत गराउँछ । यसका लागि लक्षित परिवारलाई नै कार्यक्रमको निर्णायक कार्यान्वयनकर्ता र सम्पूर्ण लाभ लिन सक्ने तुल्याउनुपर्छ जसले कार्यक्रमका उपलब्धिहरूलाई दिगो तुल्याउँछ । त्यसैले सामाजिक परिचालनको माध्यमबाट २० देखि ३० वटा घरपरिवारलाई समूहमा आवद्ध गर्ने (जसलाई केन्द्रले आयआर्जन समूह भन्छ) समूहको नियमित बैठक गरी सामूहिक समस्याहरूका विषयमा छलफल गर्ने र सामूहिक निर्णयलाई लिपीवद्ध गर्ने अभ्यास गरिन्छ । त्यस्तै उनीहरूको आयआर्जनका लागि चाहिने पूँजी जम्मा गर्न नियमित बचत संकलन गर्ने र समूहको निर्णयका आधारमा समूहभित्र लगानी गर्ने अभ्यास गराइन्छ । उनीहरूलाई चाहिने कृषि तथा अन्य क्षेत्रमा तालिम दिइन्छ । यिनै मूलभूत सिद्धान्तका आधारमा विगत ४ वर्षमा ४६ वटा आयआर्जन समूह गठन भई १ हजार २ सय ८६ घरधुरी (विशेषगरी महिला) लाई समेटेको छ ।

आयआर्जन समूहहरूको बैठक नियमित बस्छ र सामूहिक विषयहरूमा छलफल गरी बैठकको निर्णय लेखिन्छ । नियमित रूपमा १० देखि एक सय रूपैयाँसम्म बचत संकलन हुन्छ । विगत ४ वर्षमा जम्मा २६,४३,०४६ रूपैयाँ बचत परिचालन गरिएको छ । कार्यक्रमले पनि हौसला स्वरूप ८,९२,४५० रूपैयाँ बिउपूँजी थप गरी जम्मा ३५,३५४९६ रूपैयाँको स्थानीय कोष जम्मा भएको छ । यो रकमलाई समूहले निर्णय गरेको आयोजनाहरूमा औसतरूपमा १२ प्रतिशत ब्याजमा लगानी गरिन्छ । रमाइलो पक्ष के छ भने जब सदस्यहरूले यो बचत उनीहरूको हो र उनीहरूकै निर्णयबाट यसको परिचालन हुन्छ भन्ने बुझे तब उनीहरूले विभिन्न सामूहिक काम गरी आम्दानी बढाएर कोषमा रकम थप गरेका छन् । तलको तालिकामा खैरीचन्दनपुरमा कोष वृद्धिका लागि गरिएका कार्यहरू देखाइएको छ ।

समूहको नाम	सामूहिक कार्यहरू	कोषमा जम्मा गरेको रकम
किसान आय आर्जन समूह	अधिया धान खेती, music system भाडामा	१ लाख
बिहानी आय आर्जन समूह	दाउरा बिक्री	१० हजार
महिला परिवर्तन आयआर्जन समूह	आँप ठेक्का, दाउरा बिक्री, धान काट्ने	१ लाख
कोपिला आयआर्जन समूह	सामूहिक तरकारी खेती, दाउरा बिक्री, मेलामा खाजा बिक्री	१ लाख ५ हजार
शान्ति आयआर्जन समूह	दाउरा बिक्री	६३ हजार
जुनतारा आयआर्जन समूह	दाउरा बिक्री, सामूहिक तरकारी खेती, धान काट्ने	८० हजार
हरियाली आयआर्जन समूह	सामूहिक तरकारी खेती, बंगुर पालन	५० हजार
महिला आयआर्जन समूह	बंगुर पालन, च्याउ खेती	३० हजार
प्रगतिशील आयआर्जन समूह	सामूहिक तरकारी खेती, च्याउ खेती	२५ हजार

अनुभवको आदान-प्रदान

कर्णाली नदीको बाढीबाट प्रभावित नेपाल भारतका सिमावर्ती इलाकाका समुदायहरूको कसरी बाढी व्यवस्थापन तथा जीविकोपार्जनमा क्षमता विकास गर्न सकिन्छ भन्ने उद्देश्य रहेकाले आयोजना सञ्चालनका क्रममा नेपाल तर्फको आयोजना क्षेत्रबाट केही युवालाई लखनउको सहभागी शिक्षण केन्द्रमा मोबाइल मर्मत, सिकर्मी, डकर्मी आदि तालिम दिइयो । भारत तर्फका आयोजना क्षेत्रबाट आएका सहभागीहरूले घागरा नदीको बाढीको स्रोत नेपालको पर्वतीय क्षेत्र हो भन्ने पहिलोपटक बुझेका थिए । नेपालले अनियन्त्रित पानी छोडेर तल्लो तटीय क्षेत्रका बासिन्दा मारमा परेको भन्ने बुझेका जनताले नेपाल भारत सिमानामा भारतले बनाएको लक्ष्मणपुर ब्यारेजले बेलाबखत पानी थुन्ने र पानीको बहाब धेरै भएपछि छोडिदिने कार्यले दुवै देशका समुदायहरू मारमा परेको कुरा दुखद् आश्चर्यका रूपमा थाहा पाए ।

निष्कर्ष

नेपालको आर्थिक सम्वृद्धिका लागि तराई, पहाड र हिमाल बीचको अन्तरनिर्भरतामा आधारित दिगो विकासको मोडेल चाहिन्छ । स्थान विशेषको समस्या र सम्भावनालाई सम्बोधन गरेर समुदायको प्रत्यक्ष सहभागितामा गरिएको विकासमात्र दिगो हुने विगतका अनुभवहरूले देखाउँछन् । तर दिगो ग्रामीण विकासप्रति राज्यको उदासीनता, द्वन्द्वले ल्याएको असुरक्षा तथा औद्योगिक वस्तुहरूको निर्वाध पहुँचबाट बढेको घरखर्च धान्न नसकी गाउँबाट युवा विदेशी रोजगारीमा जाने र फर्केर आएपछि सहरतर्फ बसाइँसराई हुने प्रवृत्ति देखिएको छ । त्यसबाट उत्पन्न भएको जनसंख्याको असमान वितरणले मुलुकको समग्र विकास हुन बाधा पुगेको छ ।

प्राकृतिक स्रोत र साधनको अनियन्त्रित दोहन र वन विनाशले हिमाल, पहाड, तराईमा बाढीपहिरोको प्रकोप बढ्दो छ । उर्वर भूमिहरू मासिँदै गएका छन् । आज ग्रामीण जनतासामू सोझिएको मूलभूत प्रश्न के हो भने परम्परागत कृषि प्रणालीलाई कसरी सुधार गरी जनजीविकामा सुधार ल्याउन सकिन्छ ? अथवा यहाँको जनजीविका धान्न युवायुवती विदेसिनु पर्ने अबको बाध्यता नै हो भने भोलिका लागि 'काँध फेर्ने' पुस्ता खोइ ?

यस पृष्ठभूमिमा काठमाडौं केन्द्रित अधिकारलाई जनताको घरदैलोमा पुऱ्याउने उद्देश्यले नयाँ संविधानले संघीय, प्रान्तीय तथा स्थानीय तहको व्यवस्था गरी तीनै तहको अधिकार सुनिश्चित गरेको छ । सोहीअनुसार स्थानीय तहको पुनर्संरचना गरी आगामी वैशाख ३१ गते निर्वाचन हुने घोषणा भइसकेको छ । तर विगतको अनुभवबाट हेर्दा साइनबोर्ड र लेटरप्याड परिवर्तनलाई संस्थागत परिवर्तन ठान्ने र नागरिकता वितरण, नाता प्रमाणित, जन्म दर्ता आदि प्रशासनिक कामलाई अधिकार निक्षेपण ठान्ने प्रवृत्तिले 'स्थानीय सरकारलाई जनताको घरदैलोमा ल्याएको' मान्ने अवस्था हुँदैन, हुने छैन पनि ।

किसानहरू अबको स्थानीय सरकारसँग स्थानीय स्रोतसाधनको व्यापक उपयोग गरी कसरी आम्दानी र रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ र स्थानीय युवालाई गाउँमै आकर्षण गर्न सकिन्छ भन्ने क्षेत्रमा सहकार्य गर्न चाहन्छन् । त्यसका लागि अनियन्त्रित औद्योगिक वस्तुहरूको आयातलाई आवश्यक नियन्त्रण गरी स्थानीय उत्पादनलाई प्रतिस्पर्धी बनाउन जरुरी छ । ग्रामीण भेगमा बहुसंख्यक साना किसानहरू भएकाले उनीहरूका उत्पादित वस्तुहरू सानो परिमाणमा हुन्छन् । तिनीहरूलाई जम्मा गर्ने, प्रशोधन गर्ने तथा बजार व्यवस्थापन गर्ने कार्यले उत्पादन लागत बढ्न गई ठुलो पैमानाको उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्दैन । यस अवस्थामा स्थानीय सरकारले आवश्यक नीतिगत सहयोग गर्नुपर्ने हुन्छ ।

अर्कोतर्फ शिक्षा, स्वास्थ्य, ठेक्कापट्टा, सार्वजनिक यातायात, सहकारी, संस्था, गैरसरकारी संस्था आदिको दलीय नियन्त्रणले गर्दा जनताले निष्पक्षता, पारदर्शीता तथा गुणस्तरीयताको अनुभूत गर्न सकेका छैनन् । त्यसैले अबको अधिकार सम्पन्न स्थानीय सरकारमार्फत् यी र यस्ता सार्वजनिक संस्थाहरूमा तात्विक सुधार गरी ग्रामीण जनजीविकामा गुणात्मक सुधार हुने अपेक्षा राखेका छन् ।

(नोट : यस लेखको सारांश हिमाल खबरपत्रिकाको २३-२८ साउन, २०७३ को अंकमा प्रकाशित भएको छ-लेखक)

❖❖❖

निर्देशिका तथा कार्यविधि

नेपाल सरकारले गरिबको रेखामुनी रहेको जनसंख्यालाई केन्द्रित गरी लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने परियोजनका लागि गरिब घरपरिवारको पहिचान गरी परिचयपत्र वितरण गर्ने सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी गरिब घरपरिवार र परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका, २०६९ मन्त्रीपरिषद्बाट स्वीकृत गरी लागू गरेको छ । बोर्डको कार्य सञ्चालनका लागि निम्न तीन प्रकारका निर्देशिका तथा कार्यविधि कार्यान्वयनमा ल्याइएका छन्,

- गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण (दोस्रो संशोधन) निर्देशिका, २०७१
- गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण (पहिलो संशोधन) कार्यविधि, २०७१
- गरिब घरपरिवार पहिचानसम्बन्धी आर्थिक (दोस्रो संशोधन) निर्देशिका, २०७२
- गुनासो सुनुवाई प्रणाली मार्गदर्शन, २०७२

स्थानीय पहलमा
गरिबी निवारण

– विनोद निरौला*

भनिन्छ, 'सबैभन्दा साऱ्हो ढुङ्गा हुन्छ तर ढुङ्गा भन्दा 'नहुनु' झनै साऱ्हो' । समाजशास्त्रीय दृष्टिकोणले हेर्दा मृत्यु सत्य र सबैभन्दा भयावह हो, गरिबी त्योभन्दा पनि ज्यादा त्रासदीपूर्ण र कष्टकर हुन्छ । किनभने कतिपय अवस्थामा यही त्रासदीपूर्ण गरिबीले मृत्युलाई समेत निम्त्याइरहेको हुन्छ ।

नेपाली शब्दकोषअनुसार गरिब भन्नाले धन-सम्पत्ति केही नभएको भन्ने अर्थ लाग्दछ । अंग्रजी शब्दकोषले जीवन धान्न आवश्यक पर्ने कुराहरू नहुनुलाई गरिब भनेको छ । यसरी परम्परागत रूपबाट हेर्दा गरिबी शब्दको साधारण अर्थ नै आयविहीनता वा निर्धनता हो । वर्तमान सन्दर्भमा हुनु र नहुनुसँग मात्र गरिबीले सरोकार राख्दैन । गरिबी भौतिक उपलब्धिसँग मात्र पनि सीमित छैन, भौतिकता एउटा पक्षमात्र हो ।

विश्वका करिब दुई-तिहाई जनता विकासशील राष्ट्रका ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । गरिबी राजनीतिक, सामाजिक, आर्थिक र वातावरणीय तत्वहरूको संयुक्त मिलनले जन्माएको नकारात्मक परिणाम हो । गरिबी कुनै दुर्गम बस्तीमा मात्र सीमित हुँदैन । कुनै मानिस, समूह वा वर्ग गरिब हुनका लागि राजनीतिक, आर्थिक, सामाजिक र वातावरणीय कारणहरू हुन्छन् । यी कारणहरू राज्य वा शासन सञ्चालन प्रणाली, सामाजिक संरचना तथा नीति, आर्थिक नियन्त्रण प्रणाली, अवसरहरूको वितरण र पहुँच, व्यक्ति स्वयं रहेको मौजुदा वातावरणले पनि कतिपय अवस्थामा कारक तत्वको रूपमा भूमिका खेलेका हुन्छन् । यस्ता तत्वहरूले समाजमा जकडिएर रहेको गरिबीलाई संरचनागत तथा प्रणालीगत रूपमा नै फैलन र अझ झाँगिन सहयोग गर्दछ । यी तत्वहरू स्थानीय तल्लो तहदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा समेत रूपमा देख्न सकिन्छ ।

विभिन्न विद्वान् तथा निकायहरूले गरिबीलाई आ-आफ्नो तरिकाले व्याख्या बुझाउने प्रयास गरेको देखिन्छ । यद्यपि सबैको एउटै कुरामा साझा बुझाई के हो भने मानिसको दैनिक जीवन गुजारा गर्न आवश्यक पर्ने गाँस, बास र कपासको आवश्यकतालाई पूरा गर्न नसक्ने मानिसलाई गरिबी मानिएको छ । तसर्थ गरिबीको रेखामुनि रहेका तमाम जनतालाई तिनीहरूको दैनिक आवश्यकता पूरा गर्दै समृद्ध र सम्मानपूर्वक जीवनयापनको अवसर सृजना गर्नका लागि अपनाइने उपयुक्त निदान नै गरिबी निवारण हो ।

किन हुन्छ त गरिबी ?

गरिबीका विभिन्न तह र स्तरमा कारणहरू रहेका हुन्छन् । गरिबीका कारणहरू वस्तुनिष्ठ विश्लेषण नगरीकन गरिएको गरिबी निवारणका उपायहरू निरर्थक हुन्छन् । गरिबीलाई सापेक्ष तथा निरपेक्षताको कसीमा राखी हेर्न सकिन्छ । सामान्यतया गरिबीका कारणहरूलाई यसरी हेर्न सकिन्छ । अनावृष्टि, बाढी, भूकम्प, पहिरो, महामारीजस्ता कारणले गरिबी उत्पन्न हुन्छ । सामाजिक कुरीति र आर्थिक शोषणले गरिबीलाई निम्त्याइरहेको हुन्छ ।

१. गरिबीका तत्कालीन कारणहरू (Immediate Causes of Poverty)

मानिसको दैनिक जीवन र मरणसँग प्रत्यक्ष सम्बन्ध राख्ने वा नकारात्मक असर पुऱ्याउने तत्वहरू गरिबीका तत्कालीन कारणहरू अर्न्तगत पर्दछन् । यस तहका कारणहरू जीवयापनका क्रममा प्रत्यक्ष भोग्न, देख्न र अनुभव गर्न पनि सकिन्छ । तर यसको सामाधानले मात्र व्याप्त गरिबीलाई निवारण गर्न सकिँदैन ।

२. गरिबीका अन्तरिम कारणहरू (Intermediate Causes of Poverty)

मानिसको जीवनयापनको क्रममा जीवन स्तर, सम्पन्नता तथा समृद्धिपूर्ण भोगाईसँग सम्बन्धित पक्षहरू यसअन्तर्गत पर्दछन् । यसले आवश्यकताका आधारमा आधारभूत सेवा सुविधाको पहुँच, सीपको कमी, उत्पादन र उत्पादकत्वको अवस्था आदिजस्ता कुराहरूलाई केन्द्रित गर्दछ । उत्पादित वस्तुको मूल्य लागतभन्दा तल जाने, पानी/बिजुलीबाट सञ्चालित कार्य पानी/बिजुली कटौती भई बन्द हुने, दैनिक उपभोग्य वस्तुको आपूर्ति अचानक बन्द हुने (नाकाबन्दी) आदि उदाहरण हुन् । वर्तमान

गरिबीका विभिन्न तह र स्तरमा कारणहरू रहेका हुन्छन् । गरिबीका कारणहरू वस्तुनिष्ठ विश्लेषण नगरीकन गरिएको गरिबी निवारणका उपायहरू निरर्थक हुन्छन् । गरिबीलाई सापेक्ष तथा निरपेक्षताको कसीमा राखी हेर्न सकिन्छ । सामान्यतया गरिबीका कारणहरूलाई यसरी हेर्न सकिन्छ ।

* कार्यक्रम संयोजक, नामसालिङ सामुदायिक विकास केन्द्र, इलाम

विकास प्रकृयामा सञ्चालन गरिने अधिकांश क्रियाकलापहरू यस तहका कारणहरूलाई सम्बोधन गर्ने गरी कार्यान्वयन भएका पाइन्छन् ।

३. गरिबीका मूलभूत कारणहरू (Underlying Causes of Poverty)

यसमा विशेषगरि स्रोतसाधनमाथि कसको र कति स्वामित्व र पहुँच स्थापना रहेको छ अनि त्यसका लागि विद्यमान नीति, नियम, प्रणाली, पद्धति र मान्यता कस्तो छ भन्ने पक्षलाई मिहिन विश्लेषण गर्नुपर्छ । समाज सञ्चालनमा यसको संरचनात्मक उपस्थिति कस्तो छ आदि पक्षको खोजी गरिन्छ । गरिबीलाई वस्तुगत न्यूनताको अतिरिक्त गरिबहरूको हितअनुकूल नीति नहुनुलाई हेरिन्छ ।

गरिबीबाट छुटकारा कसरी पाउने ?

आजको समाजमा गरिबी निवारण (Poverty Alleviation) वा गरिबी उन्मूलन (Poverty Eradication) भन्दा गरिबी न्यूनीकरण (Poverty Reduction) शब्द भन्नु नै बढी व्यावहारिक र सान्दर्भिक हुन्छ । किनभने गरिबी पूर्णरूपले उन्मूलन वा निवारण गर्न सायदै सकिएला । मानिसको वर्तमान अवस्थामा सुधार, आर्थिक, सामाजिक, राजनीतिक हैसियतमा सकारात्मक परिवर्तन र समतामूलक समाज स्थापनामार्फत् गरिबी न्यूनीकरण गर्न सकिन्छ ।

वर्तमान विश्वमा समाज परिवर्तन र अवस्थाको रूपान्तरण एक्लो प्रयासबाट संभव देखिँदैन । समाज रूपान्तरणका लागि अनुकूल वातावरण तयारी साथै हैसियत अनुसारको साझेदारी प्रकृया स्थापित गर्नुपर्छ । आर्थिक, सामाजिक र राजनीतिक उपायहरू मार्फत् मूलप्रवाहबाट बाहिर वञ्चितीकरणमा परेका वर्गलाई सम्बोधन गर्दै गरिबी न्यूनीकरण गर्न सकिन्छ । विश्व बैंकले गरिबी न्यूनीकरणका लागि अगाडि सारेको उपाय SOE (Security, Opportunity & Empowerment) मार्फत् नीजि तथा गैरसरकारी क्षेत्रसँग साझेदारी गरी समग्र मानव विकास सूचकांकमा समेत सकारात्मक प्रभाव पार्न सकिन्छ । लोककल्याणकारी राज्यमा स्रोतहरूको न्यायोचित वितरण सँगसँगै सुशासन सुधारका लागि नीतिगत तहमा प्रयास सुरु गर्नुपर्दछ ।

गरिबी न्यूनीकरण र न्यायमूलक समाज रूपान्तरणका लागि सहयोगी अनुकूल वातावरण तयारी गर्दै सामाजिक हैसियत सुधार सहितको मानवीय तथा आर्थिक अवस्था सुधार गर्न सकिन्छ । स्रोतहरूको पहिचान, दिगो परिचालन तथा सहभागितात्मक योजनाबद्ध विकास प्रकृयाले गरिबी र यसका कारणहरूलाई यथोचित रूपमा सम्बोधन गर्दै समृद्ध समाज स्थापना गर्न सकिन्छ ।

नेपालमा योजनाबद्ध विकास प्रक्रियाको अभ्यास करिब ६ दशक पुगिसकेको छ । यस अवधिमा केही सकारात्मक प्रभावहरू समेत देखिएका छन् । देशको समग्र राजनीतिक आर्थिक अवस्थामा आएका परिवर्तनहरूले नेपालको आगामी विकास प्रक्रिया तथा गरिबी निवारणको अवस्था सुधारमा उल्लेख फड्को मार्ने संकेत देखिएका छन् । लामो समयको द्वन्द्वको समाप्तिसँगै मुलुकको राजनीतिक अवस्थाले स्थीरता प्राप्त गरेको छ । यस अवधिमा भौतिक संरचनाको विकास, क्षेत्रीय विकास, न्यूनतम आवश्यकताको परिपूर्ति, गरिबी निवारणजस्ता विभिन्न पक्षमा विकास प्रयासहरू केन्द्रित रहेको देखिन्छ ।

विकासमा गरिबी निवारणको मुद्दाले ठाउँ लिएको पनि निक्कै समय भइसकेको छ । यस क्रममा विकासमा संलग्न निकायहरूले विगतका अनुभव, सिकाइ, परिवेश, र अनुकूलता अनुरूप आफूलाई भिन्न रूपमा प्रस्तुत गर्ने, विकासलाई नयाँ चिन्तन र अवधारणका साथ अगाडि बढाउने प्रयासहरू गर्दै आएका छन् । राज्य र गैरसरकारी संस्थाहरूको नीतिगत परिमार्जन र संस्थागत पुनःसंरचना केही हदसम्म परिष्कृत रूप दिने प्रयास र साथ अगाडि बढिरहेका छन् ।

सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको समेत प्रयासमा थुप्रै भौतिक तथा सामाजिक विकासका संरचनाहरू निर्माण भएका छन् ।

सरकार, नागरिक समाज र सर्वसाधारण जनताबीचको परस्पर दोहोरो सम्बन्धमा निकै परिवर्तन भएको छ । यद्यपि आशा गरेअनुसार विगतमा अवलम्बन गरिएका नीतिहरूले अर्थतन्त्रको संरचनात्मक समस्याहरूलाई प्रर्याप्त मात्रामा सम्बोधन गर्न सकेनन् । उत्पादनशील स्रोतसाधनमा असमान पहुँच, वितरणात्मक द्वन्द्व तथा सुशासन प्रवर्द्धनतर्फ सामाजिक न्याय स्थापनामा लक्ष्यअनुरूप उपलब्धी हासिल हुन सकेन । अझै पनि नेपालमा करिब २१.७ प्रतिशत गरिबी रहेको तथ्याङ्क सार्वजनिक भएका छन् । महिला, दलित, आदिवासी, जनजाति, मधेशी र मुस्लिम समुदाय, अति दुर्गम क्षेत्रका बासिन्दा, असहाय एवं निमुखा वर्गको आर्थिक, सामाजिक स्थितिमा अपेक्षित सुधार आउन नसकेको कतिपय अनुसन्धानहरूले देखाएका छन् । निचोड के हो भने गरिबी निवारण कार्यक्रमले त्यस्ता व्यक्ति/परिवारलाई सम्बोधन गरेको हुन्छ ।

नेपाली सामाजको आर्थिक रूपान्तरणका लागि वैदेशिक रोजगारीमा सहभागिता तथा त्यसवापत प्राप्त हुने विप्रेषण (Remittance) को भूमिकालाई कम आँकलन गर्न सकिन्नँ । देशको समग्र आर्थिक वृद्धिदरमा वैदेशिक रोजगारीको प्रभाव देखिन्छ ।

नेपालका विगत राष्ट्रिय योजनाहरू गरिबी निवारणको प्रमुख उद्देश्य लिई कार्यान्वयन भइरहेका छन् । समग्र आर्थिक लक्ष्य तथा परिसूचकहरू दिगो प्रतिफलमुखी तथा सकारात्मक रहेर मात्र गरिबी निवारणको लक्ष्य हासिल नहुने तथ्य विगत विकास अभ्यासहरू प्रमाणित गरिसकेका छन् । गरिबीको निवारण कुनै पनि लक्ष्य किटान गरी त्यसको निराकरणका लागि उपाय प्रस्ताव गर्नु अगाडि गरिबीको अन्तरनिहित कारण तथा पक्षहरूको

पहिचान र विश्लेषण गर्नु आवश्यक छ। गरिबीलाई आर्थिक सरोकारका साथै आयको गरिबी, मानवीय गरिबी तथा सामाजिक वञ्चितीकरण लगायतका पक्षहरूबाट समेत विश्लेषण गर्नु आवश्यक छ।

नेपालको समग्र गरिबी निवारणको उपाय अवलम्बन गर्ने क्रममा नेपाल जीवनस्तर मापन सर्वेक्षण, त्यसले प्रक्षेपण गरेका निरपेक्ष गरिबी सूचकांक, मानव विकास प्रतिवेदन, सहस्राब्दी विकास लक्ष्य प्रतिवेदन तथा विभिन्न आवधिक सर्वेक्षणहरूलाई आधार लिइएको पाइन्छ।

गरिबी एक बहुआयामिक विषय भएकाले यसको राज्यको भिन्न अंगसँग सम्बन्ध रहेको हुन्छ। सरकारी स्तरबाट गरिबी न्यूनीकरणको प्रयासहरू हुँदै आएका पनि छन्। संविधानमा नै प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था गरिएको छ। यसका साथै राष्ट्रिय रोजगार नीति २०७१ को तर्जुमा, बेरोजगारहरूको लगत अवस्था संकलन, न्यूनतम ज्याला निर्धारण, गरिब घरपरिवार पहिचान, गरिब परिचय-पत्र निर्धारणजस्ता कार्यहरूको सुरूआत भएको छ। अझ संस्थागत रूपमै गरिबी निवारण कोष र मन्त्रालय पनि स्थापना भएका छन्।

नेपाली सामाजको आर्थिक रूपान्तरणका लागि वैदेशिक रोजगारीमा सहभागिता तथा त्यसवापत प्राप्त हुने विप्रेषण (Remittance) को भूमिकालाई कम आँकलन गर्न सकिन्नँ। देशको समग्र आर्थिक वृद्धिदरमा वैदेशिक रोजगारीको प्रभाव देखिन्छ। कूल ग्राहस्थ उत्पादनमा रेमिट्यान्सको हिस्सा करिब २५ प्रतिशत रहेको अनुमान गरिएको छ। केही समय अगाडिसम्म ग्रामीण बस्तीका घरधुरीहरूमा देखिने फुसको छाना आज आएर कर्कटपाताले छाएको पाइन्छ। सूचना र प्रविधि साथै विद्युतीय उपकरणको प्रयोगमा के ग्रामीण के सहरी दुवै क्षेत्रमा यस्तो व्यापकता छाएको छ। त्यसले आम विलासिता र सुविधायुक्त जीवनको ज्वलन्त प्रमाण दिएका छन्। शैक्षिक क्षेत्र र अवसरमा आएको परिवर्तन, सामाजिक चेतना र जागरण, समूह वा सहकारी अवधारणा आदि गाउँ-गाउँसम्म विस्तार भएको पाइन्छ।

गैरसरकारी संस्थाहरूको प्रयास

नेपालमा हाल करिब ३० हजारभन्दा धेरै गैरसरकारी संस्थाहरू कृयाशील छन्। स्वभावैले यस्ता गैरसरकारी संघ संस्थाहरूले स्वदेशी तथा विदेशी आर्थिक प्राविधिक सहयोग जुटाएर आफ्ना कार्यक्रमहरू सञ्चालन गर्ने गरेका हुन्छन्। सरकारले यस्ता गैरसरकारी संस्थाहरूलाई विकासको साझेदारका रूपमा लिएको छ। गरिबी निवारणका लागि सञ्चालन गरिने कार्यक्रमहरू राष्ट्रिय रणनीति र प्राथमिकतामा आधारित भई आवश्यक समन्वयमा आर्थिक वृद्धि र सामाजिक समृद्धितर्फ केन्द्रित हुनुपर्छ। विभिन्न सरकारी एवं गैरसरकारी संस्थाहरू गरिबी निवारणका मुद्दा र कार्यक्रमहरू लिएर दुर्गम बस्तीहरूमा पुगी कार्यक्रम चलाइरहेकै छन्। यी गैरसरकारी संस्थाहरूको विकास उपलब्धीलाई मिश्रित तस्वीरको रूपमा पाउन सकिन्छ।

कतिपय अवस्थामा गरिबी निवारण रणनीति एकातिर र संस्थाका कार्यक्रमहरू अर्कैतर्फ गएको पनि देखिएको छ। यद्यपि सञ्चालन गरिएका ती कार्यक्रम र उपलब्धीहरूको वस्तुनिष्ठ लेखाजोखाको आवश्यकता देखिन्छ। राष्ट्रिय, क्षेत्रीय र स्थानीय योजनाहरूबीच तालमेल मिलाउन आवश्यक छ। विशेषगरी जनचेतना अभिवृद्धिको माध्यमबाट अधिकार, सशक्तीकरण र छनोटको विकल्पमा ग्रामीण समुदायको पहुँच वृद्धि र राष्ट्रिय विकाससँग त्यसको सहसम्बन्ध स्थापनामार्फत् गरिबी निवारण गर्न गैरसरकारी संस्थाहरू मिश्रित रूपमा सफल भएका देखिन्छन्। मुलुकका विभिन्न क्षेत्र र भूगोलमा कार्यरत गैरसरकारी संस्थाहरूले सञ्चालन गरेका कतिपय साना ठूला कार्यक्रम उदाहरणीय पाइएको पनि छ। यस्ता सफल कार्यक्रम र प्रयोगहरूलाई सफल अभ्यास (Best Practice) को रूपमा अन्यत्र अनुशरण (Replication) गर्न पनि सकिन्छ।

नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC) इलामस्थित एक गैरसरकारी संस्था हो जसले समुदाय स्तरबाट असल योजना बनाउने सीप प्रदान गर्दछ। प्रविधि हस्तान्तरणबाट महिला र गरिबहरूको जीवन उकास्ने सीप र सहयोग उपलब्ध गराउँछ। उक्त केन्द्रले हालसालै दोलखाका दुई थामी परिवारलाई पुऱ्याएको सेवाबाट गरिबीको रेखा तोड्न सकेको उदाहरण तल दिइएको छ :-

सफल अभ्यास

केश १

'कृषिमै लुकेको रहेछ समृद्धि'

दोलखा जिल्ला कालिञ्चोक वडा नं. ३ बस्ने ३१ वर्षीय राजन थामी आफ्ना पिता र अगुवाले झैं १६ वर्षकै कलिलो उमेरमा रोजगारीका लागि भारतको दार्जिलिङ हानिएका थिए। करिब १४ वर्षसम्म दार्जिलिङको एउटा चियापसलमा सामान्य श्रमिकका रूपमा काम गरेर बिताए पनि उनलाई आम्दानीले आफ्नो र घरको खर्च धान्न मुस्किल थियो।

वर्षभरि काम गरेर भारुलाई नेपाली रूपैयाँमा सट्टा गरी हरेक वर्ष दसैंमा घर फर्कदा उनी घरको आर्थिक जोहो टार्ने गरी कहिल्यै रकम ल्याउन सफल भएका थिएनन्। उसो त कालिञ्चोकमा धान मकैजस्तो खाद्यबाली उत्पादन नहुने भएकाले वर्षभरिका लागि अन्न किनेरै खानुपर्ने बाध्यता थियो। बढ्दो महँगीसँगै केही दिनको घर बसाईपछि पुनः आर्थिक अभावले पिरोल्न थाल्यो। त्यसपछि खिन्न मन लिएर उनी श्रीमती र छोराछोरी छाडेर पुनः कामका लागि देशबाहिर जानुपर्ने हुन्थ्यो। यस्तो अवस्था उनको मात्र नभएर हरेक वर्ष चाडबाडमा घर आउदा गाउँका अरू दुईचार भाइ पनि उनकै साथ लागेर दार्जिलिङतिर कामको खोजीमा सँगसँगै जान्थे।

समय यसरी नै बितिरहेको थियो, यसै क्रममा २०७२ वैशाख १२ र २९ गते गएको शक्तिशाली महाभूकम्पले उनै राजन थामीको कालिञ्चोकमा भएको कच्ची गाह्रो भएको घर पनि पूर्णरूपमा ध्वस्त भयो। भूकम्पको

समाचारपछि घर आउँदा उनी यति विक्षिप्त बने कि वैकल्पिक आय नभएको अवस्थामा भत्किएको घर बनाउने कि ? आफ्ना परिवारको लालनपोषण र तीनजना छोराछोरीको शिक्षामा लगानी गर्ने उनको मनले केही सोच्न सकिरहेको थिएन । उसो त गाउँमा सबैको घर भत्किएको, भण्डारण गरेको अन्न नष्ट भएको र सबैको खुल्ला आकाश मुनिको बास भएकाले 'जे हुन्छ टर्दै जान्छ' भनेर मन समालेर बसेका रहेछन् ।

यसै क्रममा कालिञ्चोक गाउँमा नामसालिङ सामुदायिक विकास केन्द्र (नासाविके) इलामले सञ्चालन गरेको भुकम्प पछिको सामुदायिक एकीकृत पुनर्स्थापना कार्यक्रम र त्यसले सञ्चालन गर्ने कृयाकलापबारे वडा भेलामार्फत् उनले केही बुझ्ने अवसर पाए । समुन्नत र समुदायको दिगो जीविकोपार्जन सुधारका लागि संस्थाले पहिलो चरणमा सहभागितात्मक विधिमार्फत् आफ्नै टोल, बस्ती, वडा तथा गाउँलाई नै समेटेर गाविसस्तरीय आवधिक गाउँ विकास योजना तयारीका चरणमा आफ्नो सहभागिता राखे । आफूहरूले नै पहिचान गरेका स्रोत र सम्भावनाहरूलाई लिएर सामुदायिक निर्णयमार्फत् योजना छनोट र प्राथमिकता निर्धारण गर्ने तरिका उनलाई असाध्यै मन परेछ । गाउँविकास योजना तर्जुमा गर्ने क्रममा छनोटमा परेको कालिञ्चोकमा व्यावसायिक दिगो करेसाबारी खेतीको कार्यक्रम उनलाई औधी मन परेको थियो । योजना कार्यान्वयनको पहिलो वर्षमा उनले आफ्नै ठाउँमा व्यावसायिक तरकारी खेती गर्ने प्रस्तावसहित थप सहयोगका लागि गाविस कार्यालय र नासाविके परियोजना कार्यालय दोलखामा पुगे । साझेदारीको स्वरूपअनुसार संस्थाले टनेल निर्माण सामग्री सहयोग र टमाटर, बन्दाकोपी, काउली खेतीको बिउसहित तालिममार्फत् प्रविधि सिकाइदियो ।

थामी जातिको मात्र बसोबास रहेको कालिञ्चोकमा मेहेनती किसान राजनले घरायसी स्तरमा उत्पादन गरेको टमाटर र तरकारीले अहिले सबै कृषकहरूलाई नौलो अभ्यासको प्रेरणा दिइरहेको छ । आफ्नो घरको आवश्यकता धानेर उनी अहिले नजिकैको बजारमा टमाटर र कोपी बेची मासिक न्यूनतम ६ हजार आम्दानी गरिरहेका छन् । अलैंची र तरकारीको बेर्ना उत्पादन त उनको अर्को आम्दानीको बाटो हो । यसबाहेक यसैमा आधारित अप्रत्यक्ष फाइदा त उनले गणना गर्न नै चाहेनन् । राजन नासाविकेकै नगदेबाली विस्तार कार्यक्रमअन्तर्गत अगुवा कृषकको रूपमा तालिम तथा बिउ प्राप्त गरी व्यावसायिक रूपमा अलैंची, अकबरे खुर्सानी र अमृसोको बेर्ना उत्पादन र बिक्री समेत सुरुआत गरेबाट उनको मासिक आम्दानी अब दोब्बर भन्दाबढी हुने निश्चित छ ।

आफ्नो तरकारी बारीमा टनेलभित्र भर्खर उम्रिएको बेर्नामा पानीमार्फत् सिँचाइ गर्दै गरेका राजन थामी हँसिलो मुद्रामा भन्छन्, 'हामी कालिञ्चोकका थामी समुदायमा यसरी करेसाबारीमै बेच्न पुग्ने गरी तरकारी उत्पादन गरी आर्थिक फाइदा लिन सकिन्छ र त्यसले पारिवारिक पोषण स्थितिमा समेत सहयोग हुन्छ भन्ने ज्ञान नै थिएन । म अहिले मेरो तरकारी बालीको आम्दानीले नै सन्तुष्ट छु । ममा एक सफल किसान भएर पनि परिवारको जीवनस्तर सुधार्न सकिन्छ भन्ने विश्वास पलाएर आएको छ । मेरो परिवारको खुशी यसैमा छ र छोराछोरीको शिक्षाका लागि समय दिन पाएकोमा खुसी पनि छु । अब मैले रोजगारीका लागि भारत वा अन्य मुलुक जानै पर्दैन ।' उनी आफ्नो अनुभव अरूलाई पनि सहयोगी होस् भन्ने आशयका साथ गर्व गर्दै भन्छन्, 'थोरै जमिन हुनेहरूले साना स्तरमै किन नहोस्, मेहेनत गरे कृषिमै लुकेको रहेछ समृद्धि ।'

केश २

समृद्धि हाम्रै देशमा

दोलखा क्याम्पोलका २८ वर्षीय पशुपालक कृषक पूर्ण थामी यतिखेर आफ्नै पौरखमा सुरुआत गरेको व्यवस्थित गाईपालनबाट सन्तुष्ट छन् । उसो त यस क्षेत्रका थामी समुदायका मानिसहरू परम्परादेखि नै सामान्य पशुपालन गर्दै आइरहेका थिए । पशुपालनको परम्परा र भौगोलिक परिवेशअनुसार यहाँ पृथक तरिकाले पशुपालन गरिँदो रहेछ, नजिकैको जिरी फार्मको त्यस गाउँमा कुनै प्रभाव देखिएन । स्थानीय प्रजातिका गाई र भैंसी पाल्ने गरेको भए पनि दुध उत्पादन अत्यन्त न्यून थियो ।

गाईभैंसी मल उत्पादनका लागि मात्र पाल्ने हो भन्ने बुझाई यहाँ रहेको पाइन्छ । विशेषगरि उत्तरी दोलखाका थामी जातीहरूमा अस्थायी तवरले गोठ सार्दै पशुपालन गर्ने चलन रहेको छ । यस गाउँका पुरूषहरू कामको खोजीमा भारतको पश्चिम बंगाल र नेपालकै राजधानीलगायत ठूला सहरहरूमा जाने गरेका छन् । अधिकांश घरमा बुढाबुढी, केटाकेटी र महिलामात्र देखिन्छन् । कोदो, आलुजस्ता बालीमात्र सीमित उत्पादन हुने यस गाउँमा महिलाहरूनै घरायसी र कृषि पशुपालनको काममा व्यस्त भएको देखिन्छ । धेरैजना सन्तान भएका कारण घरमा साना उमेरका सन्तानलाई छोडेर कोक्रोमा समेत दुधेबालक बोकेर अधिकांश महिलाहरू अस्थायी पशुगोठ सार्दै दैनिकी चलाएको देखिन्छ । कतिपय अवस्थामा मौसमअनुसार लेकवेशी झार्ने चलन पनि नभएको होइन ।

गैरसरकारी संस्थाहरूको विकास साझेदारी अवधारणाअनुसार इलाममा कार्यरत संस्था नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC) ले महाभूकम्पबाट प्रभावितहरूका लागि सामुदायिक एकीकृत पुनर्स्थापना कार्यक्रम यही सुरुआत गऱ्यो । कार्यक्रमले गाविस स्तरको सहभागितात्मक आवधिक गाउँ विकास योजनाबाट प्राथमिकताका साथ समुदायले छनोट गरेको उन्नत पशुपालन कार्यक्रमका लागि गाविस कार्यालय, संस्था र समुदायको आर्थिक साझेदारीमा कार्यक्रम छनोट र स्वीकृत गरियो ।

बस्ती स्तरमा तलबाट छनोट भई आएको योजना भएको हुनाले यसमा समुदायको अपनत्व र कार्यान्वयन पछि दिगो हुने पक्षमा गाउँ विकास समिति विश्वस्त हुनेभयो । कार्यक्रमको स्वरूपअनुसार सहयोगी संस्था नासाविकेले इलामको सफल अभ्यास अन्यत्र विस्तार गर्ने सोचलाई सार्थकता दिन इलामको गाई पालन र त्यसबाट हुने दुध उत्पादनलाई नमूनाको रूपमा क्याम्पोल बस्तीमा लैजाने कार्यनीति तयार गऱ्यो । फलस्वरूप कृषक सिकाई र ज्ञान आदानप्रदानको लागि अगुवाकृषक ज्ञान साटासाट (Lead Farmer Exchange) कार्यक्रम तयार गऱ्यो । यसअन्तर्गत इलामको नामसालिङबाट अगुवा कृषक/पशुपालक टंक देवान र नवीन अधिकारीलाई करिब ३ महिनाका लागि क्याम्पोल लगियो भने त्यहाँबाट पनि त्यसै प्रकारका कृषकहरूलाई इलामको खेती प्रविधि सिक्न किसानकै घरमा बसेर प्रत्यक्ष अवलोकन गर्न सिक्न सक्ने व्यवस्था मिलाइयो ।

तीन महिने प्रत्यक्ष सिकाई आदान-प्रदान कार्यक्रममा क्याम्पोल पुगेका कृषकहरूले कृषि समूहमार्फत् भेला गराई इलाममा सफल भएको सुधारिएको गाईगोठ र उन्नत गाईपालनबारे व्यावहारिक जानकारी गराए । गाईपालन र दुध उत्पादनमात्र यसको सीमितता नभएको साथै गोबरमल, गहुँत र यसले कृषिमा पार्ने सकारात्मक चक्र सम्बन्ध (Chain Relation) बारेमा खुलेरै जानकारी गराएपछि उनै पूर्ण थामी पशुपालकले

इलाममा समेत प्रत्यक्ष देखेर आएपछि गाई बाँधेर व्यवस्थित सुधारिएको गोठमा गाई/भैंसी पाल्ने र डेरी सञ्चालन गर्ने भित्री अठोट गरे । भूकम्पले घर भत्किएको छ, आफू अस्थायी टहरोमा बसेका भए पनि उनलाई पशुपालनमार्फत् गाउँमा नौलो अभियान थाल्ने दृढ इच्छाशक्ति जागृत भयो । कृषि समूहमार्फत् नमूनाका लागि सुधारिएको पशुगोठ निर्माण र गाई खरिदका लागि संस्थासँग प्रस्ताव पेश गरे । नासाविकेको लागत र आफ्नो नीजि लगानीमा मलमुत्र संकलन हुने किसिमको सुधारिएको गोठ निर्माण भयो र संस्थाले जर्सी जातको दुधालु गाई काभ्रे जिल्लाबाट खरिद गर्ने व्यवस्था मिलाइदियो ।

अहिले उनी दैनिक १० लिटर दुध दुहन्छन् । कालिञ्चोकमा नै पहिलोपटक घरेलु हाते डेरी जडान गरेका छन् । न्यून उत्पादन हुने भए पनि स्थानीय अन्य पशुपालक कृषकहरूबाट दुध दैनिक संकलन गरी डेरीमा प्रशोधन गर्छन् । इलाममा सिकेर उनले छुर्पी र घिउ उत्पादन सुरुआत गरिसकेका छन् भने पशुजन्य मलमूत्र प्रयोग गरी करेसाबारीबाट समेत फाइदा लिन थालिसकेका छन् ।

आफ्नो डेरीमा छुर्पी उत्पादन हेर्न आएका गाउँलेलाई आफ्नो अनुभव सुनाउँदै भन्छन्, 'गोठमा बाँधेर उन्नत गाई पाल्दा, दुध उत्पादन बढ्ने मात्र होइन, गोठाला जाने महिलाहरूको समयको बचत र छोराछोरीको विद्यालय जाने समयसमेत बच्दोरहेछ ।' एकातर्फ आर्थिक समृद्धि र पोषणयुक्त खानेकुरा खान पाइने भयो भने अर्कातर्फ दैनिक अस्थायी गोठ सार्ने झन्झट नहुने र फुर्सदको समय अन्य उत्पादनमूलक काममा खपत गर्न पाइनेमा उनी खुसी छन् ।

उनी आफ्नो नौलो कामको सुरुआत कसरी गर्नुभयो भन्ने जिज्ञासामा थप्छन्, 'बाउबाजे पनि भारी बोक्ने काममा भारत नै गए तर जे सिके उतै बिर्सिएर आए । मैले भने संस्थाले दिएको कृषक ज्ञान साटासाटको अवसरबाट कृषि क्षेत्रका र नगदेबाली उत्पादनका धेरै कुरा सिकें । त्यसमध्ये इलामको गाउँमा सफल गाई पाल्ने तरिका नजिकबाट सिकें । आखिर जतिसुकै देशविदेशका कुरा गरे पनि समृद्धिको सफल नमूना हेर्न र सिक्न हाम्रै देशमा पनि ठाउँ रहेछन् ।'

सन्दर्भ सामग्रीहरू

१. सामाजिक परिचालकहरूका लागि हाते पुस्तिका

२. नायव सुब्बा दिग्नर्शन, खगेन्द्र सुवेदी, संगीता सुवेदी, पिनाकल प्रकासन

३. गोरखापत्र २०७३ चैत्र ६ गते

❖❖❖

आर्थिक वृद्धि

गरिबी निवारणको एकमात्र उपाय

– रोर्बट एन्डरसन*

तीब्र आर्थिक वृद्धिले ल्याउने अधिक आयले निश्चय नै ती लक्ष्यहरू पूरा गर्न सहयोग गर्छ । उच्च आय हुने नागरिकले मात्र स्वच्छ र सुरक्षित वातावरणको माग गर्न सक्दछन्, अति गरिबहरूले महँगो वस्तु तथा सेवा खरिद गर्न सक्दैनन् ।

संसारमा रहेको गरिबी घटाउने एकमात्र उपाय आर्थिक वृद्धिदर हो । आर्थिक वृद्धिदर बढाउने एकमात्र उपाय भनेको सरकारले निजी क्षेत्रलाई बढाउन धेरैभन्दा धेरै उत्पादनशील र गुणात्मक बनाउने नीतिहरूलाई प्रोत्साहन गर्नु हो । यसरी निजी क्षेत्रले उत्पादन वृद्धि, रोजगारीको सिर्जना र तलब तथा ज्यालामा वृद्धि गर्छ । धनी देशहरूले आफ्ना अधिकांश नागरिकको आम्दानी उत्पादनमा वृद्धि, रोजगारीको सिर्जना र तलब तथा ज्यालामा वृद्धि गरेर बढाएका हुन् । यसबाहेक अरू कुनै उपायबाट विद्यमान गरिब राष्ट्रहरूले आफ्नो गरिबी घटाउन सक्छन् भन्नेमा म एकदम कम विश्वास गर्छु ।

म के कुरामा विश्वास गर्छु भने निजी क्षेत्रको विकास र गरिबी निवारण बीचको सम्बन्ध स्वाभाविक र अविच्छेद्य खालको छ । यद्यपि गरिबहरूलाई कसरी सघाउने भनेर अहिले हुने गरेको बहसहरूमा भने यस्तो सम्बन्धलाई ख्याल गरिएको पाइँदैन ।

सहस्राब्दी विकासका लक्ष्यहरू

आर्थिक विकास र निजी क्षेत्रको भूमिकाको महत्व घटाउने एक उदाहरण हालैको संयुक्त राष्ट्रसंघको सहस्राब्दी विकास लक्ष्यसम्बन्धी प्रतिज्ञापत्र हो जसलाई राष्ट्रसंघको साधारण सभाले सन् २००० मा पास गरेको थियो । सचिवालयले सामान्यकृत गरेर उपलब्ध गराएको प्रतिलिपिमा सहस्राब्दी विकासका निम्न लिखित ८ लक्ष्यहरू रहेका छन् :

१. अति गरिबी र भोकमरीको अन्त्य गर्ने
२. विश्वव्यापी प्राथमिक शिक्षा हासिल गर्ने
३. समानता र महिला सशक्तीकरणलाई बढावा दिने
४. बाल मृत्युदर घटाउने
५. मातृस्वास्थ्यमा सुधार गर्ने
६. एड्स, मलेरिया र अन्य रोगविरुद्ध लड्ने
७. वातावरणीय दिगोपन सुनिश्चित गर्ने
८. विकासका लागि विश्वव्यापीकृत सहकार्य गर्ने

सन् २०१५ लाई माथिका लक्ष्यहरू हासिल गर्ने समयसीमाका रूपमा तोकिएको छ । ती लक्ष्यहरूलाई अन्य धेरै अन्तर्राष्ट्रिय संस्थाहरूले समेत भविष्यका क्रियाकलापका रूपमा स्वीकार गरेका छन्, जसमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष पनि पर्दछन् ।

तीब्र आर्थिक वृद्धिले ल्याउने अधिक आयले निश्चय नै ती लक्ष्यहरू पूरा गर्न सहयोग गर्छ । वातावरणीय दिगोपनको लक्ष्यसमेत उच्च आयको सहयोगले मात्र प्राप्त हुन्छ किनभने उच्च आय हुने नागरिकले मात्र स्वच्छ र सुरक्षित वातावरणको माग गर्न सक्दछन्, अति गरिबहरूले महँगो वस्तु तथा सेवा खरिद गर्न सक्दैनन् ।

साधारण सभाको प्रतिज्ञा पत्रमा ती लक्ष्यहरू पूरा गर्नका लागि आर्थिक वृद्धि वा निजी क्षेत्रको भूमिकालाई स्वीकार गरिएको छैन । निजी क्षेत्रलाई उक्त शब्दावलीमा अपमानजनक रूपमा लिइएको छ, 'अहिलेको केन्द्रीय चुनौती भनेको भूमण्डलीकरण संसारका सबै जनताका लागि सकारात्मक प्रवाह हो भन्ने कुरा निश्चित गर्नु हो । भूमण्डलीकरणले ठूला अवसरहरू प्रदान गरेता पनि हाल यसका फाइदाहरू असमान रूपमा वितरण भएका छन् भने यसका हानीहरू पनि असमान रूपमा बाँडिएको छ ।' यो शब्दावलीले आर्थिक वृद्धिले गरिबहरूलाई सहयोग गरेको छैन, बरू धनी देश र अन्तर्राष्ट्रिय कम्पनीहरूलाई मात्र फाइदा पुऱ्याएको छ भनेर तर्क गर्दै अन्तर्राष्ट्रिय व्यापार, आर्थिक उदारवाद र वैदेशिक लगानीका विरोधीहरूलाई सहयोग पुग्ने देखिन्छ ।

संयुक्त राष्ट्रसंघका महासचिवले ती लक्ष्यहरू प्राप्त गर्ने योजना साधारण सभामा प्रस्तुत गर्दा उनले छोटकरीमा भने, 'गरिबीलाई उल्लेख्य रूपमा घटाउन र विकासलाई बढावा दिन दिगो र बृहत आर्थिक वृद्धि आवश्यक पर्छ ।' उनले यस्तो वृद्धिका लागि निजी क्षेत्रको भूमिका उल्लेख गरेता पनि वैदेशिक पूँजीले कसरी आन्तरिक स्रोतहरूको ठाउँ लिन्छ र यो कति खतरा, छोटो अवधिको र परिवर्तनशील हुन्छ भन्ने कुरामा जोड दिए । अर्को उदाहरण विश्व बैंकको सहस्राब्दी विकास लक्ष्य प्राप्तिसम्बन्धी वेबसाइटमा पनि छ ।

* आर्थिक विकास विज्ञ, विश्व बैंकका पूर्वपदाधिकारी

यसले पनि आर्थिक वृद्धि र निजी क्षेत्रको भूमिकालाई बेवास्ता गरेको छ । आर्थिक वृद्धिलाई अति गरिबी निवारणको पहिलो लक्ष्य र भूमण्डलीय सहकार्यको आठौं लक्ष्यमा मात्र बहस गरेको छ तर अन्य लक्ष्यहरूमा भने यसको उल्लेख गरिएको छैन ।

अधिक आर्थिक सहयोग समाधान हो त ?

सहस्राब्दी विकास लक्ष्यको आधारभूत जोड धनी देशहरूले गरिब देशलाई दिने अनुदान थप्नुपर्छ भन्ने कुरामा रहेको छ । उदाहरणका लागि विश्व बैंकका अनुसार सन् २०१५ सम्म ती लक्ष्यहरू प्राप्त गर्न वार्षिक ४० विलियनदेखि ६० विलियन अमेरिकी डलरसम्म अनुदान बढाइनुपर्छ ।

यस्तो अनुदान कसरी प्रयोग हुन्छ भन्ने खाका चाहिँ प्रष्ट छैन । के यस्ता अनुदान धनी देशहरूले अति गरिबहरूको शिक्षा र स्वास्थ्यसम्बन्धी काम गर्ने अन्तर्राष्ट्रिय कल्याण कार्यक्रमलाई वित्तीय सहयोग प्रदान गर्न खर्च हुन्छ ?

के निम्न आय भई कम आर्थिक वृद्धि भएका कारण यस्तो अनुदान सँधै रहिरहन्छ त ? वा वैकल्पिक रूपमा यस्तो अनुदान गरिबहरूले धेरै खान, राम्रो शिक्षा तथा स्वास्थ्य, कम प्रदूषणजस्ता कुरा उपभोग गर्न सक्ने आर्थिक वृद्धि ल्याउन प्रयोग गरिन्छ ? के यस्तो अनुदान दिँदै गर्दा आय बढेपछि धनी देशहरूले अनुदान घटाउन वा हटाउन सक्छन् ?

अनुदानमा आवश्यक वृद्धिका अनुमान गर्ने विश्व बैंकको अध्ययनले अनुदानको प्रयोगका विषयमा प्रतिद्वन्द्वात्मक तथ्यहरू अगाडि सार्छ । पहिलो, उक्त अध्ययनले यो सबै अनुदान आन्तरिक लगानी बढाएर आर्थिक वृद्धि हासिल गर्नका लागि आवश्यक हुन्छ भनेर बताउँछ । दोस्रो, उक्त अध्ययनले राम्रो शिक्षा, स्वास्थ्य र वातावरण संरक्षणका लागि यो सबै अनुदान आवश्यक हुन्छ भनेर जोड दिन्छ ।

यदि धनी देशले दिने अनुदान आर्थिक वृद्धिका लागि प्रभावकारी रूपमा प्रयोग गरिन्छ भने त्यसमा मेरो खास आपत्ति छैन । धनी देशहरू सजिलै ४० विलियनदेखि ६० विलियन अमेरिकी डलरसम्म अनुदान बढाउन सक्दछन् । यस्तो अनुदान धनी देशका औसत नागरिकको आयको ०.२ प्रतिशत वा वार्षिक ६ अमेरिकी डलर मात्र हो । धनी देशका नागरिक चढ्ने कार जत्रो गरिब देशका जनताको घर हुने अवस्थामा उक्त अनुदान सजिलै प्रदान गर्न सकिन्छ ।

तर यस्तो अनुदानले उच्च आर्थिक वृद्धि ल्याउँछ कि ल्याउँदैन भन्नेमा प्रशस्त असहमतिहरू छन् । धनी देशहरूले गरिब देशलाई दिने अनुदानको इतिहास खासै उत्साहजनक छैन । दसकौंसम्म ठूलो रकम अनुदानमा पाउने देशहरू आर्थिक रूपमा असफल भएका छन् । केही विज्ञहरूका अनुसार अनुदानले वास्तवमा गरिब देशहरूको वृद्धिदर घटाउन मद्दत गर्दछ । विश्व बैंकजस्तो अनुदानको ठूलो आपूर्तिकर्ता पनि अनुदानले राम्रो संस्थागत व्यवस्था र नीति भएको देशमा मात्र सहयोग पुऱ्याउने बताउँछ । त्यसैले सरकारले आर्थिक वृद्धि गर्ने नीतिहरू तर्जुमा गरे मात्र धेरैभन्दा धेरै अन्तर्राष्ट्रिय विकास संस्थाहरूले अनुदान प्रदान गर्दै आइरहेका छन् । यो लेखको मर्म सरकारले यस्ता नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरेर निजी क्षेत्रलाई सहयोग पुऱ्याउन सरकार असमर्थ छ र अन्य नीतिहरू यो भन्दा उत्कृष्ट छन् भन्ने हो ।

यदि विश्व बैंकको अध्ययन सही छ र थप ४० देखि ६० विलियन अमेरिकी डलरले आर्थिक वृद्धि बढाउँछ अनि त्यति नै पैसा स्वास्थ्य उपचार र शिक्षाको न्यूनतम तहका लागि चाहिन्छ भने म खुसीसाथ उक्त अनुदानलाई दोब्बर बनाउनुपर्ने तर्कको समर्थन गर्छु । मेरो सरोकार भने यस्तो बहसमा गरिबी निवारणमा आर्थिक वृद्धि र निजी क्षेत्रको भूमिकालाई कम महत्व दिइएको र यस्तो अनुदानको प्रयोगका विषयमा हो ।

जबसम्म यस्तो अनुदानले गरिबहरूको प्रत्यक्ष भलाई हुने कुरा कसैले प्रमाणित गर्दैन (उदाहरणका लागि खाना उपलब्ध गराएर वा स्वास्थ्य र शिक्षाका लागि नगद अनुदान दिएर), धेरैले अनुदानले वास्तवमै गरिबहरूको सहयोग गर्दैन भन्नेमा विश्वास गर्छन् । हुन त आर्थिक वृद्धिदर बढाउनु गरिबहरूलाई अप्रत्यक्ष सहयोग गर्नु हो । यसबाट को लाभान्वित भयो भनेर पहिचान गर्न गाह्रो हुने भए तापनि यसको फाइदा भने बृहत् र स्थायी हुन्छ ।

केही अन्तर्राष्ट्रिय संस्थाहरू गरिबी निवारणमा किन आर्थिक वृद्धिको भूमिकालाई बेवास्ता गरेर प्रत्यक्ष सहयोग गर्छन् ? सायद उनीहरू मानिसहरूले आर्थिक वृद्धि र गरिबी घटाउनु बीचको सम्बन्ध बुझ्दैनन् भन्ने ठान्दछन् होला ।

जबसम्म यस्तो अनुदानले गरिबहरूको प्रत्यक्ष भलाई हुने कुरा कसैले प्रमाणित गर्दैन धेरैले अनुदानले वास्तवमै गरिबहरूको सहयोग गर्दैन भन्नेमा विश्वास गर्छन् । हुन त आर्थिक वृद्धिदर बढाउनु गरिबहरूलाई अप्रत्यक्ष सहयोग गर्नु हो ।

सहयोगको माग गर्नेहरूले सुकुम्वासी बस्तीको कुनै गरिब बच्चा देखाएर उक्त बच्चालाई अनुदानको रकम जान्छ भन्नु कुनै अनौठो घटना होइन । अर्को शब्दमा भन्नुपर्दा आर्थिक वृद्धिको साटो गरिबलाई प्रत्यक्ष सहयोग गर्नु राम्रो विज्ञापन गर्ने र जनसम्पर्क बढाउने उपाय पनि हो ।

यसका साथै भूमण्डलीकरण र आर्थिक उदारीकरणका बारेमा गुनासाहरू व्याप्त भएका बेला निजी क्षेत्रको विकासबाट हुने आर्थिक वृद्धिमा जोड दिनु भनेको गरिबको शोषण गरी ठूला कम्पनी, धनीहरू र शक्तिशालीको समर्थन गरेको देखिन सक्छ । कम्पनीहरूले कामदारहरूको संख्यामा कटौतीसमेत गर्ने अवस्थाहरू आएका बेला ठूला कम्पनीहरूले उत्पादकत्व बढाएर कसरी गरिबहरूको सहयोग गर्छन् भन्ने कुरा बुझ्न भने गाह्रो छ ।

भारत : एक उदाहरण

अति गरिब देशहरूमा आर्थिक वृद्धिबिना गरिबी घटाउने प्रयासहरू असफल भएका छन् । भूमण्डलीकरणको विरोध गर्नेहरूसँग यस कुराले मेल खाँदैन । हुन त भूमण्डलीकरणका विरोधीहरूका पनि फरक-फरक विचार छन् । एउटा चाहिँ आर्थिक वृद्धिले धनीहरूलाई मात्र सहयोग पुऱ्याउँछ र गरिबलाई अझ गरिब बनाउँछ भन्ने नै हो ।

आर्थिक वृद्धिको अनुपस्थितिमा गरिबी घटाउने उपाय भनेको गरिबी निवारणको रविनहुड योजनाका रूपमा रहने समाजका तुलनात्मक धनीहरूको आय गरिबहरूलाई बाँड्नु हो । तर यो योजनाले अति गरिब देशहरूको गरिबी घटाउन कममात्र सहयोग पुऱ्याउँछ, किनभने देशको जम्मा आम्दानी यदि बराबर बाँड्न सम्भव भए पनि पूरै गरिबी घटाउन पर्याप्त हुँदैन । जहाँ रोटीको आकार सानो छ र धेरैजना भोका छन्, त्यहाँ रोटीलाई बराबरका स-साना टुक्रामा बाँडेर वितरण गरे तापनि सबैजना भोकै रहन्छन् ।

दसौं लाख गरिबहरूको बीचमा केही मान्छेमात्र धनी हुँदा मान्छेहरूमा रहेको अन्याय र रोशको भावना म बुझ्छु । तर केही कम गरिबहरूको पैसा सबै गरिबमा बाँड्ने कार्यले समाधान निस्कँदैन । उदाहरणका लागि भारत सय करोडभन्दा बढी जनसंख्या भएको देश हो र धनीहरूको संख्या धेरै भए पनि प्रतिशतमा कम छ । धनीमा ठूला जमिन्दारहरू, व्यापारी, निजी कम्पनीका मालिक, भ्रष्ट राजनीतिज्ञ र सरकारी कर्मचारी पर्छन् । तथापि भारत एकदम बढी जनसंख्या भएको देश भएकाले धनीको पैसा गरिबहरूलाई बाँड्न भने पुग्दैन ।

धेरैजसो भारतीयहरू अहिले पनि चरम गरिबीमा छन् । लगभग ८० प्रतिशत जति जनसंख्या प्रतिदिन २ अमेरिकी डलर वा वार्षिक ७३० अमेरिकी डलरभन्दा कममा गुजारा गर्छन् (क्रयशक्तिको आधारमा भा.रू.लाई अमेरिकी डलरमा परिवर्तन गर्दा) । त्यसमाथि ३५ प्रतिशत त १ अमेरिकी डलर वा वार्षिक ३६५ अमेरिकी डलरभन्दा पनि कम कमाउँछन् (तालिका २.१ हेर्नुहोस्) । १ अमेरिकी डलरको मापदण्ड गरिब देशहरूमा अति गरिब छुट्याउन अंगीकार गरिएको अन्तर्राष्ट्रिय मापदण्डका रूपमा साधारणतया स्वीकार गरिएको मापदण्ड हो । आय वर्णनको अर्कोतर्फ सबभन्दा अन्त्यमा बढी आय हुने १० प्रतिशत जनसंख्याले औसतमा वार्षिक ६,२१३ अमेरिकी डलर उपभोग गर्दछन् । (तालिका २.१ र २.२ मा मैले आय र उपभोगलाई एउटै मानेको छु, यो गरिबका लागि सत्य भए तापनि धनीहरूले आयको केही भाग बचत गर्ने हुँदा सही नहुन पनि सक्दछ) ।

भारतजस्तो गरिब देशको सरकारले आयको पुनर्वितरणमा ध्यान दिनुपर्छ भन्ने कुरामा म सहमत छु तर सरकारको यस क्षेत्रमा धेरै काम गर्न सक्छ भन्ने कुरामा भने म त्यति आशावादी पनि छैन । गरिब देशमा सरकारले आय कम हुने हुँदा गरिबलाई सहयोग गर्न पैसा पुग्दैन । त्यसमा पनि भ्रष्ट राजनीतिज्ञ र सरकारी कर्मचारीहरूका कारण त्यस्तो कार्यमा उपयोग हुने सीमित पैसा पनि दुरूपयोग भएर जान्छ । सरकारले निजी क्षेत्रलाई गर्नसक्ने सहयोगको तल छलफल गरिएको छ ।

तालिका २.१
सन् २००१ मा भारतमा धनी र गरिब (क्रयशक्ति अनुपातमा)[१]

जनसंख्या (दस लाखमा)	१,०३२
कुल राष्ट्रिय आय (अर्ब अमेरिकी डलर)	२,९१३
घरायसी उपभोग (अर्ब अमेरिकी डलर)	१,९१४
सरकारी खर्च (अर्ब अमेरिकी डलर)	५०७
गरिब (प्रतिदिन एक अमेरिकी डलर मापदण्ड)	
एक अमेरिकी डलरभन्दा कम आय हुने जनसंख्याको प्रतिशत	३४.७%
गरिबी छिद्रता (Poverty gap)[२]	८.२%
जम्मा गरिबी छिद्रता (अर्ब अमेरिकी डलर)[३]	३१
सरकारी खर्चको आधारमा जम्मा गरिबी छिद्रता	६.१%
औसत गरिबी छिद्रता प्रतिगरिब (अमेरिकी डलरमा)	८६
गरिब (प्रतिदिन दुई अमेरिकी डलर मापदण्ड)	
दुई अमेरिकी डलरभन्दा कम आय हुने जनसंख्या	७९.९%
गरिबी छिद्रता (Poverty gap)[४]	३५.३%
जम्मा गरिबी छिद्रता (बिलियन अमेरिकी डलर)[५]	२६६

[१] क्रयशक्ति अनुरूप हिसाब गर्दा प्रयोग गरिएको विनिमय दर ७.८ भा.रू. प्रतिअमेरिकी डलर ।
[२] परिभाषाका लागि विश्व विकास सूचकको तालिका २.६ हेर्नुहोस् ।
[३] गरिबीलाई एक अमेरिकी डलर मापदण्डमा पुऱ्याउनका लागि गरिबको उपभोगमा आवश्यक वृद्धि । ८.२ प्रतिशत रुह ३६५ अमेरिकी डलर ह १०३२० लाख बराबर ।
[४] परिभाषाका लागि विश्व विकास सूचकको तालिका २.६ हेर्नुहोस् ।
[५] गरिबलाई दुई अमेरिकी डलर मापदण्डमा पुऱ्याउनका लागि गरिबको उपभोगमा आवश्यक वृद्धि । ३५.३ प्रतिशत ह७३० अमेरिकी डलर ह १०३२० लाख बराबर ।

सरकारी खर्चको आधारमा जम्मा गरिबी छिद्रता	५२.५%
औसत गरिबी छिद्रता प्रतिगरिब (अमेरिकी डलरमा)	३२३
औसत (सबै नागरिक)	
औसत उपभोग प्रतिवर्ष (अमेरिकी डलरमा)	१,८५५
धनी (अधिक आय हुने १० प्रतिशत जनसंख्या)	
संख्या (दस लाखमा)	१०३
उपभोग	३३.५%
जम्मा उपभोग (अर्ब अमेरिकी डलर)	६४१
औसत वार्षिक उपभोग (अमेरिकी डलरमा)	६,२१३

(स्रोत : विश्व बैंक, अन्तर्राष्ट्रिय विकास सूचक र अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय वित्तीय तथ्याङ्क)

अति गरिब जनसंख्याको आय प्रतिदिन कम्तीमा एक अमेरिकी डलरमा पुऱ्याएर गरिबहरूको अवस्था विस्तारै सुधार गर्न भारत सरकारलाई कति पैसा चाहिन्छ त ? भारतको सवालमा यस कार्यका लागि भारत सरकारलाई प्रतिवर्ष करिब ३१ अर्ब अमेरिकी डलर आवश्यक पर्दछ (क्रयशक्ति अनुपातमा मापन गरिएको), जसले गरिब जनताको आय मापदण्ड अनुसार बढाओस् (हेर्नुहोस् तालिका २.१) । मैले यसलाई जम्मा गरिबी छिद्रता भनेको छु । यो परिभाषाअनुसार एक अमेरिकी डलरभन्दा कम कमाउने एक औसत गरिबलाई गरिबीबाट माथि उठाउन ८६ अमेरिकी डलर प्रतिवर्ष चाहिन्छ । ३१ विलियन अमेरिकी डलर ठूलो रकम भए पनि यो भारतको जम्मा राष्ट्रिय आयको १ प्रतिशत मात्र हो ।

गरिबहरूलाई गर्न खोजिएको यस्तो थप सहयोग सम्भव छ कि छैन भन्ने कुराको निर्धारणका लागि सरकारी खर्चको वर्तमान अवस्था र कर वृद्धिको सम्भावना माथि ध्यान दिनुपर्छ । अर्को शब्दमा धनीहरूबाट केही रकम कर उठाएर गरिबमाझ बाँड्न अरूबाट कति कर उठाउनु पर्छ त ? यस थप खर्चका लागि सरकारले आफ्नो चालु खर्चमा ६ प्रतिशतले वृद्धि गर्नुपर्ने हुन्छ र धनीहरूबाट पनि त्यही अनुपातमा नै कर बढाएर उठाउनु पर्ने हुन्छ ।

हिसाब २ अमेरिकी डलर वा वार्षिक ७३० अमेरिकी डलर मापदण्डका लागि पनि गर्न सकिन्छ । यस्तो अवस्थामा २ अमेरिकी डलरभन्दा कम कमाउनेका लागि गरिबीको यस मापदण्डबाट माथि उठाउन प्रतिवर्ष ३२३ अमेरिकी डलर दिनुपर्छ । धेरै जनसंख्या (कुल जनसंख्याको ८० प्रतिशत) यसमा पर्ने हुनाले जम्मा आवश्यक पैसा २६६ अर्ब अमेरिकी डलर हुन पुग्छ । यो अहिलेको सरकारी खर्चको आधाभन्दा बढी हो ।

त्यसैले पहिलो अवस्थामा यदि सरकारसँग राजनीतिक ईच्छाशक्ति छ भने भारतमा १ अमेरिकी डलर मापदण्डअनुसार अति गरिबी हटाउन आय पुनर्वितरण गर्न सम्भव देखिन्छ, किनभने यस कार्यमा ६ प्रतिशतमात्र सरकारी खर्च बढ्छ । तर २ अमेरिकी डलरको मापदण्डअनुसार गरिबी निवारण गर्न सरकारी खर्च र करमा ५० प्रतिशतले वृद्धि गर्नुपर्छ ।

अर्को उपाय भनेको धनी देशहरूलाई अनुदानको लागि राजी बनाउनु हो । यस्तो वैदेशिक अनुदान अप्रत्यक्ष सहयोगका लागि स्कुल र अस्पताल बनाउनेभन्दा पनि प्रत्यक्ष बाँड्न प्रयोग हुन्छ । यस्तो अवस्थामा अहिलेको जम्मा वैदेशिक अनुदान अपुग हुन्छ । अहिले यस्तो अनुदान जम्मा ५० अर्ब अमेरिकी डलर छ (संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नान र विश्व बैंकका अध्यक्ष जेम्स वल्फेन्सन्सका अनुसार यस्तो अनुदान दोब्बर गरी बढाएर १०० बिलियन अमेरिकी डलर बनाउन आवश्यक छ) । यसरी ५० अमेरिकी डलर अनुदानले अति गरिब एक राष्ट्र, भारतलाई मात्र १ अमेरिकी डलर मापदण्डभन्दा माथि ल्याउन पुग्छ (माथिको उदाहरण अनुसार भारतलाई ३१ अर्ब अमेरिकी डलर चाहिन्छ) । संसारका सबै गरिब राष्ट्रहरूको सन्दर्भमा यो रकम पर्याप्त छैन ।

गरिब केन्द्रित सहयोग

यस साधारण हिसाबलाई हेर्दा आयको पूर्ण पुनर्वितरण वा कल्याण दोषहीन रूपमा सम्भव छैन भन्ने तथ्यलाई ध्यानमा लिइएको छैन । यस हिसाबले सरकारी कर्मचारीहरूलाई गरिबीको वास्तविक अवस्था र आवश्यक थप रकम कति हो भनेर थाहा छ भन्ने मान्यता राख्छ । औसतमा एक गरिबलाई १ डलरको मापदण्डबाट उठ्न प्रतिवर्ष ८६ अमेरिकी डलर चाहिने भए पनि १ अमेरिकी डलरको मान्यताअनुसार वास्तविक रकम परिस्थितिअनुसार १ अमेरिकी डलरदेखि ३६५ अमेरिकी डलरसम्म फरक हुन सक्दछ । आय पुनर्वितरण कार्यक्रम पूर्णरूपमा सफल पार्नका लागि कसैले पनि १ अमेरिकी डलरभन्दा कम वा बढी पाउनु हुँदैन ।

१ अमेरिकी डलरभन्दा कममा बाँच्ने ३५ करोड जनताको प्रतिदिन आयको बारेमा विस्तृत जानकारी भारत सरकारलाई भएकै अवस्थामा पनि पैसा बाँड्ने उपायले उनीहरूको कमाउने ईच्छामा नराम्रो असर पार्छ । यदि कुनै गरिबीले १ अमेरिकी डलर बढी कमायो भने अनुदान कार्यक्रमअनुसार उसले अब त्यतिकै रकम कम पाउने भयो । यो भनेको थप आयमा १०० प्रतिशत कर लगाएजस्तै हो । यदि यस्तो अवस्था हो भने एकजना गरिबले काम किन गर्नुपर्‍यो र ?

त्यसैले कामप्रतिको ईच्छालाई नमार्नका निम्ति सरकारले दिने पैसाको कमी ऊ आफैंले कृषि वा ज्यालादारी गरेर कमाएको भन्दा कम हुनुपर्‍यो । उदाहरणका लागि यदि कसैले थप एक अमेरिकी डलर कमायो भने उसलाई दिने रकम मात्र ५० सेन्टले घट्नुपर्‍यो । यसको मतलब सहयोगका रूपमा ती मान्छेहरूलाई मात्र पैसा दिनुपर्‍यो जसको आय प्रतिदिन १ अमेरिकी डलरभन्दा बढी छ । त्यसैले जतिसुकै सावधानीका साथ अनुदान कार्यक्रमको रचना गरे पनि ३१ अर्ब अमेरिकी डलर बढी चाहियो, होइन भने आयको पुनर्वितरण कार्यक्रम गरिबीको मापदण्डअनुसार असफल हुन्छ ।

गरिबका नाममा खेर गएको सहयोग

विगतको अनुभवअनुसार, आय पुनर्वितरण गर्ने सरकारी कार्यक्रमहरू अन्य विभिन्न समस्याहरूबाट ग्रस्त हुन्छन् । धेरैजसो गरिबहरूका लागि तयार गरिएका त्यस्ता कार्यक्रम र नीतिहरूले मध्यम र माथिल्लो वर्गका मानिसलाई नै फाइदा हुन्छ । यसको एक कारण भ्रष्टाचार हो । नेहरूका नाति तथा पूर्वप्रधानमन्त्री राजीव गान्धीले पहिला सुनाएको भनिएको एउटा कथा मलाई एकजना गरिब गाउँलेले सुनाएका थिए । कथाअनुसार सरकारले गरिबहरूको सहयोगका लागि नयाँ दिल्लीबाट एउटा हात्ती गाउँमा पठाएछ । त्यो हात्ती गाउँमा पुग्दा पुच्छर बाहेक केही बाँकी रहेन । भ्रष्ट नेताहरू र सरकारी कामदारहरू यस्तो कार्यक्रमबाट बढी फाइदा लिन्छन् । यो कथाले भारतमा सरकारले गर्ने सहयोगसम्बन्धी आमविश्वासलाई दर्शाउँछ ।

अर्का भारतीय गाउँलेले उनको गाउँमा परालको छानो भएको माटोको घर भत्काएर पक्की घर बनाउने सरकारी कार्यक्रमका बारेमा बताए । घर बनाइसकेपछि गाउँलेहरूले पक्की घरको निम्न गुणस्तरको बारेमा टिप्पणी गरे किनकि घर बनाउनेबित्तिकै चर्किसकेको थियो । उक्त घर बनाउने निजी निर्माण कम्पनी भने इमान्दार थियो । तर उक्त कम्पनीले टेण्डर पाउनका लागि सरकारी कर्मचारीहरूलाई घुस दिएको थियो, जसले गर्दा नाफाका लागि कम्पनी कम गुणस्तरको सामान प्रयोग गर्न बाध्य भयो ।

यदि भ्रष्टाचार समस्या हुँदैनथ्यो भने तापनि यस्ता गरिबलाई सहयोग गर्ने नीति र कार्यक्रमहरू प्रायः मध्यम र उच्चवर्गका मानिसप्रति मोडिन्छन् । अर्को शब्दमा भन्दा, तुलनात्मक रूपमा हुनेखानेले नै अनुदान पाउँछन् । यो कुनै अनौठो कुरा होइन किनभने बढी आय हुनेहरू प्रायः शिक्षित हुन्छन्, राजधानी वा अन्य सहरमा बस्दछन्, नीति निर्माणमा सरकारलाई प्रभाव पार्न सक्ने हुन्छन् । राजनीतिकर्मी र सरकारी अधिकृतहरू यस्तो कार्यक्रमबाट फाइदा लिन्छन् र आफ्नो लोकप्रियता संसद्मा समेत बढाउँछन् ।

गरिब राष्ट्रका धेरैजसो सरकारी कर्मचारीले आफूहरूले वस्तु र सेवाको मूल्यमा गरिबहरूलाई छुट दिएर सहयोग गर्न खोजेको बताउँछन् । धेरैजसो व्यावहारिक नतिजामा भने मध्यम र उच्च वर्गले त्यस्तो सुविधा उपभोग गर्नाले त्यो सुविधा तल्लो वर्गसम्म जान पाएको हुँदैन । यस्तो काममा लाग्ने सरकारी खर्च बढी हुन्छ तर यसले लक्षित वर्गलाई सहयोग भने पुर्‍याउँदैन ।

गरिबहरूलाई खाना पकाउन र उज्यालोका लागि चाहिने भनेर मट्टितेलमा प्रायः छुट दिइन्छ तर वास्तवमा अति गरिबहरू मट्टितेल पनि किन्न सक्दैनन् वा दुर्गम ठाउँमा सरकारले छुट सहितको मट्टितेल पुर्‍याउनै सक्दैन र उनीहरू दाउरा, गुइँठाहरू प्रयोग गर्दछन् ।

केही उदाहरण दिनुपर्दा, गरिबहरूलाई खाना पकाउन र उज्यालोका लागि चाहिने भनेर मट्टितेलमा प्रायः छुट दिइन्छ तर वास्तवमा अति गरिबहरू मट्टितेल पनि किन्न सक्दैनन् वा दुर्गम ठाउँमा सरकारले छुट सहितको मट्टितेल पुर्‍याउनै सक्दैन र उनीहरू दाउरा, गुइँठाहरू प्रयोग गर्दछन् । यस्तो छुट दिइएको मट्टितेल धेरैजसो मध्यम र उच्च वर्गका मान्छेहरूले किन्छन् ।

सरकारले धेरै अनुदान दिने क्षेत्र स्वास्थ्य हो, तर धेरैजसो अनुदान दिएका अस्पतालहरू सहरमा हुन्छन् । त्यस्ता संस्थाहरूले प्रायः मध्यम र उच्च वर्गका मानिसलाई मात्र सेवा पुर्‍याउँछन् । धेरैजसो गरिबहरू बस्ने दुर्गम गाउँका पुराना स्वास्थ्य चौकीमा यसको कम अंशमात्र पुग्छ । यसैगरी फोन र विद्युतमा पनि उपदान दिइन्छ तर ठूलो जनसंख्या गाउँमा बस्छन्, जहाँ त्यस्ता सुविधाहरू हुँदैनन् । सहरमा पनि गरिबहरू सरकारी सुविधा नपुगेका ठाउँमा बस्दछन् ।

विद्यालयलाई दिइने अनुदानको महत्वपूर्ण भाव पनि गाउँका विद्यालयहरूले भन्दा तुलनात्मक रूपमा धनीहरूले नै पाउँछन् । उदाहरणका लागि चित्र २.१ मा विभिन्न देशहरूमा प्राथमिक र माध्यमिक शिक्षामा सबभन्दा गरिब २० प्रतिशत र सबभन्दा धनी २० प्रतिशतले पाउने अनुदान देखाइएको छ । दुईवटा देशहरू (रोमानिया र दक्षिण अफ्रिका) मा मात्र २० प्रतिशत गरिबले २० प्रतिशतभन्दा धेरै सहयोग पाउँछन् । धेरैजसो देशहरूमा गरिबले २० प्रतिशतभन्दा निकै कम सहयोग पाउँछन् जबकी धनीहरूले २० प्रतिशतभन्दा बढी प्राप्त गर्छन् । यदि उच्च शिक्षामा गरिने खर्च पनि जोड्ने हो भने यस्तो असन्तुलन अझ बढ्दछ ।

के समान गरिबी ठिक छ त ?

आय पुनर्वितरणले गरिबलाई गर्ने सहयोगको सम्भावनाबारे मेरा तर्क पूरै गलत भए पनि अझै पनि एउटा आर्थिक वृद्धि सम्बन्धी विवादरहित तर्क बाँकी नै रहन्छ । फेरि भारतकै उदाहरण, मानौं, आय पुनर्वितरणका सबैजसो समस्या हटे, करमा वृद्धि गरेर सरकारले आवश्यक आय पनि जुटायो र लक्षित गरिबहरूलाई अनुदान पुर्‍यायो, भ्रष्टाचार र तुलनात्मक धनीहरूमा सहयोग मोडिने क्रम पनि रोकियो ।

आयलाई बराबर बाँडे पनि भारतीयहरूको औसत उपभोग प्रतिव्यक्ति १,८५५ अमेरिकी डलर प्रतिवर्ष जतिमात्र

हुन्छ (तालिका २.१ हेर्नुहोस्) । यो तह अमेरिकी डलर १ वा २ को मापदण्डभन्दा बढी भए पनि औसत भारतीय अझ गरिब हुन्छन् । आर्थिक वृद्धिविनै औसत मान्छेको अवस्था अर्को वर्ष राम्रो हुन्छ भन्न सकिन्न । भारतमा समानरूपमा आय बाँडिए पनि नतिजामा भने सबैजना उत्तिकै गरिब हुन्छन् । म भारतीयहरूलाई उनीहरू कहिल्यै पनि आजको भन्दा समृद्ध भविष्य पाउन सक्दैनन् भन्ने व्यक्ति हुन चाहन्नँ ।

के आर्थिक वृद्धिले गरिबलाई सहयोग गर्छ ?

गरिबी निवारणमा आर्थिक वृद्धिको भूमिकालाई कम महत्व दिनेहरू आर्थिक वृद्धिले गरिबलाई भन्दा धनीलाई बढी फाइदा पुऱ्याउँछ भन्ने ठान्दछन् । मैले विश्वास नगरे पनि, यदि यो सत्य नै हो भने तापनि आय पुनर्वितरणमा विश्वास राख्नेहरूले यसको समर्थन गर्नुपर्छ, किनभने यस प्रक्रियाका कारण आयको पुनर्वितरणका लागि आवश्यक पर्ने जम्मा आय पनि त बढ्दछ ।

आर्थिक वृद्धिले गरिबलाई सहयोग गर्छ कि गर्दैन भन्ने बहसमा कसैले गरिबलाई सहयोग गर्नुलाई कसरी लिन्छ भन्नेमा भर पर्छ । फेरि भारतकै उदाहरणमा, तालिका २.२ ले कसरी तीन प्रकारका व्यक्तिहरूका लागि आय र उपभोगमा अनुमानित रूपमा वृद्धि गराउँछ भनेर देखाउँदछ । यी तीन व्यक्तिहरूमा सबभन्दा धनी १० प्रतिशत जनसंख्यामा पर्ने औसत व्यक्ति, देशको औसत उपभोग स्तरमा उपभोग गर्ने व्यक्ति र दिनको १ अमेरिकी डलरमा गुजारा गर्ने एक गरिब व्यक्ति पर्दछन् ।

गणितको सामान्य सुझबुझ भएको कसैले पनि तालिका २.२ बाट के जान्न सक्छ भने रकममा घटबढ भए पनि तीनै जनाको आय २० प्रतिशतले बढेको छ ।

यही उदाहरणलाई आर्थिक वृद्धिका आलोचकहरूले वृद्धिले धनीलाई बढी र गरिबलाई कम फाइदा पुऱ्याउँछ भनेर औंल्याउन सक्छन् । धनीका लागि बढेको रकम १,२४३ अमेरिकी डलर गरिबका लागि बढेको रकम ७३ अमेरिकी डलर भन्दा १७ गुणा बढी छ ।

वृद्धिका समर्थकहरू भने आयवृद्धिको प्रतिशत सबै मानिसका लागि बिल्कुल समान रहेको तर्क गर्छन् । अरू शब्दहरूमा भन्नुपर्दा, वृद्धिले सबैलाई समानुपातिक रूपमा फाइदा पुऱ्याएको छ । वृद्धिले आयको वितरण अझ बिग्रिएको पनि छैन । तर सप्रिएको पनि छैन । आर्थिक वृद्धिबिना धनी व्यक्तिको गरिब व्यक्तिभन्दा १७ गुणा बढी आय रहेको थियो । आर्थिक वृद्धिपश्चात पनि उक्त अनुपात कायम नै छ, तर दुबै पहिलेको भन्दा सुधारिएको अवस्थामा छन् ।

विश्व बैंकको एक अध्ययनले वृद्धिले दुवै धनी गरिबलाई एउटै अनुपातमा फाइदा पुऱ्याउँछ भनी इंगित गर्दछ । ९२ गरिब राष्ट्रहरूको यस अध्ययनले गरिबहरूको आय वृद्धि कुल वृद्धिकै अनुपातमा हुने देखाएको छ । केही देशहरूमा केही समयावधीसम्म गरिबको आय समग्र आयभन्दा छिटो वृद्धि भयो भने अन्य देशहरूमा अन्य समयावधीहरूमा वृद्धि ढिला भयो । वृद्धिको एकनासको ढाँचा देखिएन । अर्को शब्दमा भन्दा, सबै आय वर्गहरूमा आय प्रतिशतमा वृद्धि भयो भने समान रहन्छ तर आयमा वृद्धिको निरपेक्ष मूल्य भने समान हुँदैन । भारतको यो अनुमानित उदाहरण धेरैजसो देशका लागि मिल्दछ ।

तालिका २.२

आर्थिक वृद्धिले आय/उपभोग कसरी बढाउँछ भन्ने अनुमानित उदाहरण

(आय/उपभोग रकम अमेरिकी डलरमा)

व्यक्ति	पुरानो	नयाँ	बढेका
धनी	६,२१३	७,४५६	१,२४३
औसत	१,८५५	२,२२६	३७१
गरिब	३६५	४३८	७३

धनीको भन्दा गरिबको आय वृद्धिमा बढी सहयोग गर्ने माध्यमका रूपमा म आर्थिक वृद्धिलाई जोड दिन्छु । यसले आयको पुनर्वितरणलाई बढी समान बनाउँछ । तर पनि अर्थशास्त्रको विज्ञान यस्तो छ जहाँ कसैलाई पनि सरकारले कुन नीति ल्याउँदा यस्तो अपेक्षित नतिजा हासिल गर्न सकिन्छ भन्ने कुरा थाहा छैन । अर्थशास्त्रीहरूलाई देशका समग्र वृद्धिदर के ले बढाउँछ भनेर किटान गर्न त मुस्किल छ भने देशका उक्त वृद्धि कसरी एउटा निश्चित वर्गतर्फ बहाउने अर्थात् कसरी गरिबमुखी वृद्धि सिर्जना गर्ने भनी यकिन गर्न अति कठिन छ ।

विश्व बैंकको त्यही अध्ययनले केही सरकारी नीतिले गरिबमुखी विकास गर्छ कि भनेर पनि हेर्न खोजेको थियो । तर अनुसन्धानकर्ताहरूले यस कुरालाई पुष्टि गर्न सक्ने कुनै प्रमाण पाएनन् । हामी अर्थशास्त्रीहरूले कुनै दिन कुल सरकारी नीतिले धनीलाई भन्दा गरिबलाई धेरै फाइदा पुऱ्याउँछ भनेर पत्ता लगाउन सक्नेछन् भनेर आशा गर्न सक्छौं ।

गरिब देशका धनीहरूलाई सहयोग गर्नु आफैंमा नराम्रो होइन

गरिबमुखी वृद्धि नीतिजस्ता कुनै नीति भेटिए भने म त्यस्ता नीतिकै पक्षमा छु । यद्यपि, भारतजस्तो गरिब देशका तुलनात्मक धनीहरूको आय बढाउने कुरामा म बिल्कुलै आँखा भने चिम्लिन सक्दिनँ । यसको कारण भनेको भारतजस्ता देशहरूमा धनी मानिसहरू अन्य देशका मापदण्डमा गरिब नै हुन् ।

भारतमा एउटा औसत धनी व्यक्तिको कमाई र उपभोग औसत सामान्य व्यक्तिको भन्दा तीन गुणा बढी र एक अमेरिकी डलरमा बाँच्ने गरिब व्यक्तिको भन्दा १७ गुणा बढी हुन्छ । जे भए पनि एउटा औसत धनी व्यक्तिको कमाई र उपभोगको प्रतिव्यक्ति आय (६,२१३ अमेरिकी डलर) एउटा धनी राष्ट्रको कमाई र उपभोगको स्तरभन्दा निकै तल नै हुन्छ ।

संयुक्त राज्य अमेरिकाको उदाहरण लिनुपर्दा एक व्यक्तिको वार्षिक उपभोग/आय करिब २३,००० अमेरिकी

डलर छ । अमेरिकी सरकार वार्षिक ६,२१३ अमेरिकी डलर कमाउनेलाई आधिकारिक रूपमै गरिब भन्न सक्छ । अमेरिकामा गरिबको आधिकारिक मापदण्ड ९,००० अमेरिकी डलर प्रतिवर्षको आय हो (जोडी र परिवारमा अझ बढी लागू हुन्छ) । यस अर्थमा हेर्दा भारतको अनुमानित धनी मान्छे अमेरिकामा गरिब नै हो । त्यसैले भारतमा धनी मानिएकाहरूको आयमा वृद्धि पनि अन्य परिभाषाअनुसार विश्वको गरिबी घटेकै हो ।

आर्थिक वृद्धिले विश्वको गरिबी घटाएको छ

हालैको घटनाक्रमले बताएअनुसार विश्वमा आर्थिक वृद्धिले आशा गरेभन्दा बढी गरिबी घटाएको छ । सुर्जित भल्लाका अनुसार विश्व बैंकद्वारा गरिबीका विषयमा उपलब्ध गराइएको तथ्याङ्कले आर्थिक वृद्धिबाट भएका गरिबी न्यूनीकरणलाई कम आँकलन गरेको छ । उनका अनुसार, विश्वव्यापी रूपमा पछिल्लो २ दसकको विश्वव्यापीकरणको समयमा भएको आर्थिक वृद्धि गरिबमुखी रहेको छ । भल्लाका अनुसार १ अमेरिकी डलरको मापदण्ड अनुसार सन् १९८० मा ४४ प्रतिशत जनसंख्या गरिब थिए भने सन् २००० सम्ममा १३ प्रतिशत मात्र गरिब छन् । भूमण्डलीकरण र आर्थिक वृद्धिले गरिबी न्यूनीकरणमा फाइदा पुऱ्याउँदैन भन्ने प्रचलित तर्कका विपरित सुर्जित भल्लाका मान्यता छ कि दोस्रो विश्वयुद्ध पछिको तीन दसकभन्दा यी दुई दसकमा गरिबीको मात्रा अझ घटेको छ ।

❖❖❖

(नोट : १२ वर्ष अगाडि छापिएको यो लेखका तथ्याङ्कहरू ऐलेको परिवेशमा कम उपयोग भए तापनि यस लेखमा उठाइएका तर्कहरू, मुद्दाहरू र विचारहरू मननीय भएकाले प्रकाशन गरिएको हो – प्र. सं.)

साभार : स्वतन्त्र समाजका विचारहरू, एक संग्रह, प्रकाशक : समृद्धि, द प्रोस्पेरिटी फाउण्डेसन, भीमसेनगोला, काठमाडौं, सन् २०१३, अध्याय ३

पाइलै-पिच्छे चुनौति छन् गर्दै जानू सामना ।
'पुगोस् चिताको सधैं' नववर्षको छ कामना ॥

विकाससँग सम्बन्धित विभिन्न क्षेत्रमा कलम चलाउने सम्पूर्ण सञ्चारकर्मीको छाता संगठन विकास पत्रकार मञ्च (फोडेज), नेपाल नयाँ वर्ष २०७४ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । नववर्षमा तपाईंले चिताएको मनोकामना पूरा होस् साथै सु-स्वास्थ्य, दीर्घायु र सफलताको समेत कामना गर्दछौं ।

चन्द्रमणि भट्टराई
सचिव

गोपीकृष्ण ढुंगाना
अध्यक्ष

विकास पत्रकार मञ्च, काठमाडौं
Forum of Development Journalists' (FoDeJ)

स्थानीय तहमा ३६,६३९ प्रतिनिधि

प्रत्येक गाउँसभाबाट अल्पसंख्यक र दलित २ सदस्य गरी जम्मा
९६२

प्रत्येक नगरसभाबाट अल्पसंख्यक र दलित ३ सदस्य गरी जम्मा
७८९

१,७५१

वडा सदस्य (गाउँसभा र नगरसभाबाट निर्वाचित)
१,७५१

अध्यक्ष
७४४

उपाध्यक्ष
७४४



स्रोत : निर्वाचन आयोग

स्थानीय तह ७४४

महानगरपालिका	:	४
उप-महानगरपालिका	:	१३
नगरपालिका	:	२४६
गाउँपालिका	:	४८१

स्थानीय तहका वडा संख्या : **६६८०**

स्थानीय तहका जनप्रतिनिधि संख्या

मेयर	:	**२६३ जना**
उपमेयर	:	**२६३ जना**
गाउँपालिका अध्यक्ष	:	**४८१ जना**
गाउँपालिका उपाध्यक्ष	:	**४८१ जना**
वार्ड अध्यक्ष	:	**६६८० जना**
वार्ड सदस्य दलित	:	**६६८० जना**
वार्ड सदस्य महिला	:	**६६८० जना**
वार्ड सदस्य खुल्ला	:	**१३३६० जना**
जम्मा जनप्रतिनिधि	:	**२८२०८ जना**

ग्राफिक्स : रामकृष्ण राना/अन्नपूर्ण पोष्ट

गरिब घरपरिवार पहिचान कसरी गरिन्छ ?

- विज्ञ समूहद्वारा तयार पारिएको प्रश्नावली फारामको माध्यमबाट देशभरका सम्पूर्ण घरपरिवारहरूको आधारभूत विवरणहरू सङ्कलन गरिन्छ ।
- सङ्कलित तथ्याङ्कको सङ्केतीकरण र सम्पादन गरी कम्प्युटरमा प्रविष्ट गरिन्छ ।
- घरको स्वामित्व, जग, गारो र छानोको प्रकार, खाना पकाउने इन्धनको प्रकार, खानेपानी तथा घरमा बालिने बत्तीको स्रोत, चर्पीको प्रकार, घरायसी सुविधाका साधन, परिवारको आकार, परिवारमूलीको जातजाति र शैक्षिक स्तर, परिवारको भौगोलिक अवस्थिति, परिवारमा प्राप्त विप्रेषणको परोक्ष सूचकहरूलाई गरिबी मापनका आधार मानिएको छ ।
- गरिबी मापन गर्ने राष्ट्रिय घरपरिवार सर्वेक्षण (नेपाल जीवनस्तर सर्वेक्षण) बाट Regression विधिद्वारा गरिबीसँग सम्बन्धित परिसूचकको मान निकालिन्छ ।

स्रोत : अन्नपूर्ण पोष्ट

थानीय तहको नयाँ संरचना



स्थानीय तह पुनर्संरचना पश्चात् नेपाल सरकारले जारी गरेका

सूचना, आदेश तथा निर्देशनहरू

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या:०७३/०७४

चलानी नं. ३१२१

मिति २०७३।११।२४

विषय : **स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३ ।**

अत्यन्त जरुरी

श्री स्थानीय विकास अधिकारीहरु सबै,
७५ जिल्ला ।

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम कायम भएका गाउँपालिका, नगरपालिका र संविधान बमोजिमका जिल्लासभामा निर्वाचित जनप्रतिनिधि बहाल नभएसम्म तत् तत् स्थानीय तहबाट तत्काल सेवा प्रवाहलाई निरन्तरता दिनुपर्ने हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ फागुन ९ गतेको निर्णय अनुसार स्थानीय तहको सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका र नगरपालिकाको संख्या र सीमाना कायम भएको मितिदेखि लागू हुने गरी नेपालको संविधानको धारा ३०२ को उपधारा (१) बमोजिम **स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३** यसैसाथ संलग्न छ ।

उक्त आदेशमा भएको व्यवस्था बमोजिम गाउँपालिका र नगरपालिकाको संख्या र सीमाना कायम भएको सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि नै स्थानीय तहहरुको कार्यालय स्थापना गरी सोही बमोजिम सेवा प्रवाहलाई निरन्तरता दिनुपर्ने भएकोले सो आदेश बमोजिम गर्नु/गराउनु हुन नेपाल सरकार(सचिवस्तर) को मिति २०७३।११।२४ को निर्णयानुसार अनुरोध छ ।

२०७३।११।२४
(भरत कुमार शर्मा)
उपसचिव

बोधार्थ

श्री सूचना तथा विद्युतीय शासन शाखा :- मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३

नेपाल सरकार (मं.प.) को निर्णय मिति २०७३/११/०९।

नेपालको संविधानको धारा २९५ को उपधारा (१) बमोजिम कायम भएका गाउँपालिका, नगरपालिका र संविधान बमोजिमका जिल्लासभामा निर्वाचित जनप्रतिनिधि बहाल नभएसम्म तत् तत् स्थानीय तहबाट तत्काल सेवा प्रवाहलाई निरन्तरता दिनुपर्ने हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ फागुन ९ गतेको निर्णय अनुसार स्थानीय तहको सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका र नगरपालिकाको संख्या र सीमाना कायम भएको मितिदेखि लागू हुने गरी नेपालको संविधानको धारा ३०२ को उपधारा (१) बमोजिम देहायको आदेश जारी गरिएको छः-

क. कार्य सञ्चालन र सेवा प्रवाह

१. नेपालको संविधान बमोजिम कायम भएका गाउँपालिका र नगरपालिकाले आफ्नो गाउँपालिका वा नगरपालिकाको नामबाट कार्य सञ्चालन गर्ने । कुनै गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र परिवर्तन गर्नु परेमा सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निर्वाचित जनप्रतिनिधि बहाल भएपछि ६ महिनाभित्र गाउँसभा वा नगरसभामा तत्काल कायम भएका सदस्य संख्याको सामान्य बहुमतको निर्णयबाट त्यस्तो नाम वा केन्द्र परिवर्तन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने र नेपाल सरकारले त्यस्तो सिफारिश प्राप्त भएपछि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संशोधन गर्न सक्ने,

२. प्रचलित नेपाल कानुन बमोजिम एवं कुनै मन्त्रालय वा निकायको निर्णयबाट जिल्ला विकास समितिलाई प्रदान वा प्रत्यायोजन गरिएको काम, कर्तव्य र अधिकार समेत चालू आ.व.सम्मका लागि जिल्ला समन्वय समितिले प्रयोग गर्ने,

३. गाउँपालिका वा नगरपालिकाका वडा कार्यालयले प्रचलित नेपाल कानुन बमोजिम साविकका नगरपालिकाको वडा कार्यालयको अधिकारका अतिरिक्त अनुसूची-१ मा उल्लेख भएको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने,

४. गाउँसभा वा नगरसभा तथा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार (नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत कार्य विस्तृतीकरण बमोजिमको स्थानीय तहको अधिकारसमेत) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यकारी अधिकृतले प्रयोग गर्ने,

तर सभाको अधिकार प्रयोग गर्दा कर लगाउने, राजस्वको अनुमान तथा व्यय सम्बन्धी विषयमा बाहेक अन्य कानुन बनाउन सकिने छैन,

१

केदार बहादुर अधिकारी
सचिव

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गाउँपालिका वा नगरपालिकाको अधिकार क्षेत्रका विषयमा नमूना कानुन उपलब्ध गराउन सक्नेछ । त्यसरी उपलब्ध गराइएको नमूना कानुन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्वीकृत गरी लागू गर्न सक्ने। यस्तो कानुन सम्बन्धित गाउँसभा वा नगरसभाको पहिलो बैठक बसेको मितिले ६० दिनभित्र अनुमोदन गरी लागू गरेकोमा बाहेक स्वतः निस्कृय हुनेछ ।

६. साविकको कुनै गाउँ विकास समिति वा नगरपालिका हाल एकभन्दा बढी गाउँपालिका वा नगरपालिकामा समावेश भएकोमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले बडा कार्यालय स्थापना र सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने,

७. विषयगत कार्यालय अन्तर्गतका सेवा केन्द्र वा सेवा उपकेन्द्रले चालू आर्थिक वर्षको बाँकी अवधिका लागि त्यस्तो सेवा केन्द्र वा उपकेन्द्र रहेको गाउँपालिका वा नगरपालिकाको प्रत्यक्ष सुपरिवेक्षण, समन्वय र निर्देशनमा रही सेवा प्रवाह गर्ने ।

तर आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्दा विषयगत कार्यालय र अन्तर्गतका सेवाकेन्द्र तथा उपकेन्द्रहरु सम्बन्धीत गाउँपालिका वा नगरपालिका अन्तर्गत हस्तान्तरण गरी गर्नुपर्नेछ ।

८. साविकका जिल्ला विकास समितिले जिल्ला समन्वय समितिको नाममा कार्य सञ्चालन गर्ने,

९. जिल्ला समन्वय समितिले आर्थिक वर्ष २०७४/७५ का लागि वार्षिक योजना र कर लगाउने जस्ता नीतिगत विषयमा जिल्ला परिषदको बैठक नगर्ने, गरिसकेको भए कार्यान्वयन नगर्ने,

१०. प्रचलित नेपाल कानुन बमोजिम एवं कुनै मन्त्रालय वा निकायको निर्णयबाट गाउँ विकास समिति वा नगरपालिकालाई प्रदान वा प्रत्यायोजन गरिएको काम, कर्तव्य र अधिकार समेत गाउँपालिका र नगरपालिकाले प्रयोग गर्ने,

११. गाउँपालिका र नगरपालिकाले शहरी योजना, बस्ती विकास तथा भवन निर्माण मापदण्ड, २०७२ कार्यान्वयन गर्ने,

१२. जिल्लासभा र जिल्ला समन्वय समितिले गर्ने काम, कर्तव्य र अधिकारको प्रयोग सम्बन्धित स्थानीय विकास अधिकारीले गर्ने,

१३. चालू आर्थिक वर्षका लागि जिल्ला स्थित विषयगत कार्यालयले जिल्ला समन्वय समितिको समन्वय र निर्देशनमा रही कार्य गर्ने,

ख. प्रशासन तथा कर्मचारी व्यवस्थाः

१४. जिल्लासभामा प्रशासकीय प्रमुखको रुपमा स्थानीय विकास अधिकारी रहने र गाउँपालिका वा नगरपालिकामा प्रशासकीय प्रमुखको रुपमा कार्यकारी अधिकृत रहने । जिल्ला समन्वय

केदार बहादुर अधिकारी
सचिव

समितिको स्थानीय विकास अधिकारी तथा गाउँपालिका वा नगरपालिकाको कार्यकारी अधिकृत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले खटाउने । यसरी मन्त्रालयबाट नखटाइए सम्म देहाय बमोजिम गर्ने:

क) साविक जिल्ला विकास समितिको स्थानीय विकास अधिकारीले सम्बन्धित जिल्लासभा तथा जिल्ला समन्वय समितिको सचिव भई काम गर्ने,

ख) गाउँपालिका वा नगरपालिकामा समावेश भएका साविकका गाउँ विकास समिति वा नगरपालिकामा कार्यरत गाउँ विकास समितिको सचिव वा कार्यकारी अधिकृत मध्येबाट वरिष्ठतम कर्मचारीले सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यकारी अधिकृत भई काम गर्ने ।

१५. सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारको विभिन्न विषयगत सेवामा रहेका राजपत्रांकित (अधिकृतस्तर) का कर्मचारीलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा र राजपत्र अनंकित कर्मचारीलाई सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा खटाउन सक्ने । जिल्ला समन्वय समितिको कार्यालयले राजपत्र अनंकित कर्मचारीलाई गाउँपालिका वा नगरपालिका वा सोको वडामा पदस्थापन गर्नसक्ने,

१६. साविकको जिल्ला विकास समितिमा नेपाल सरकारको तर्फबाट खटिएका र साविकको जिल्ला विकास समितिबाट कानुन बमोजिम नियुक्त भई कार्यरत स्थायी कर्मचारीहरु अर्को व्यवस्था नभएसम्म साविककै पद र सेवा शर्त बमोजिम जिल्ला समन्वय समिति अन्तर्गत रहने ।

तर जिल्लाभित्रको कुनै गाउँपालिका वा नगरपालिकालाई प्रशासकीय प्रमुख वाहेकको अन्य कर्मचारी नपुग भएको अवस्थामा जिल्ला समन्वय समितिले जिल्ला समन्वय समिति अन्तर्गत रहेका कर्मचारीलाई साविककै पद र सेवा शर्त बमोजिम हुने गरी अर्को व्यवस्था नभए सम्म त्यस्तो गाउँपालिका वा नगरपालिकामा काजमा खटाउने,

१७. साविकका गाउँ विकास समिति वा नगरपालिका वा तिनका वडामा कार्यरत नेपाल सरकारको तर्फबाट खटिएका र साविकको स्थानीय निकायका कानुन बमोजिम नियुक्त स्थायी कर्मचारीहरु सो गाउँ विकास समिति वा नगरपालिका वा तिनको वडा जुन गाउँपालिका वा नगरपालिकामा समाहित भएको हो सोही गाउँपालिका वा नगरपालिकामा अर्को व्यवस्था नभए सम्म साविक कै सेवा शर्त कायम रहने गरी काममा खटाउने,

१८. गाउँपालिका वा नगरपालिकाको वडा सचिव नपुग भएको अवस्थामा सम्बन्धित कार्यकारी अधिकृतले अर्को व्यवस्था नभएसम्म गाउँपालिका वा नगरपालिकामा उपलब्ध कर्मचारीहरु मध्येबाट जेष्ठ उपयुक्त कर्मचारीलाई वडा सचिवको काम गर्न खटाउन सक्ने,

केदार बहादुर अधिकारी

१९. साविकको गाउँ विकास समिति सिई गाउँपालिकाको वा नगरपालिकाको वडा कायम भएकोमा सो गाउँ विकास समितिमा कार्यरत गाउँ विकास समितिको सचिवले सोही वडाको सचिव भई कार्य गर्ने ।

तर समाहित भएको गाउँपालिका वा नगरपालिकामा वरिष्ठताका आधारमा निजले कार्यकारी अधिकृत भई काम गर्नु पर्ने भएमा तत्काल काम चलाउनको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले उपलब्ध कर्मचारीहरुमध्येवाट वडा सचिवको काम गराउने ।

२०. साविक नगरपालिकाको कुनै वडा यथावत कायम रहेकोमा वडा सचिवले सोही वडाको सचिव भई काम गर्ने ।

तर कार्यावधी पुगेको अवस्थामा निजको समान पदमा अर्को वडामा सरुवा गर्न सकिने,

२१. साविकको कुनै गाउँ विकास समिति एकै गाउँपालिका वा नगरपालिका भित्रका एकभन्दा वढी वडामा कायम भएकोमा प्रत्येक वडा कार्यालय खडा नभएसम्म साविकको गाउँ विकास समितिको कार्यालय रहेको स्थानवाट संयुक्त वडा कार्यालय खडा गरी साविकको गाउँ विकास समितिको सचिवले वडा सचिवको रुपमा काम गर्ने,

२२. साविकको गाउँ विकास समिति वा नगरपालिका एकभन्दा वढी गाउँपालिका वा नगरपालिकामा समावेश भएको वा एकभन्दा वढी वडामा विभाजन भई संयुक्त वडा कार्यालयवाट सेवा प्रवाह गर्न नसकिने देखिएमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय विकास अधिकारी र सम्बन्धित गाउँपालिका वा नगरपालिकाका कार्यकारी अधिकृत रहेको समितिले स्थानीय स्तरमा आवश्यक परामर्श गरी तत्कालको लागि वडा कार्यालय रहने उपयुक्त स्थान तोकी सेवा प्रवाह र कार्य सञ्चालनको व्यवस्था मिलाउने । समितिले आवश्यकता अनुसार अन्य पदाधिकारीलाई वैठकमा आमन्त्रण गर्न सक्ने,

२३. गाउँपालिका वा नगरपालिकामा साविक स्थानीय निकायमा कार्यरत कर्मचारी र वुंदा नं. १५ वमोजिम सामान्य प्रशासन मन्त्रालयवाट खटाइएका कर्मचारी मध्येवाट व्यवस्थापन गर्दा नपुग हुने कर्मचारी व्यवस्थापन गर्न प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय विकास अधिकारी र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख रहेको तीन सदस्यीय जिल्लास्तरीय स्थानीय तह सहजीकरण तथा कर्मचारी व्यवस्थापन समितिरहने । यस समितिले कामसँग सम्बन्धित कुनै पदाधिकारी वा व्यक्तिलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्ने.

केदार बहादुर अधिकारी
सचिव

४

२४. सम्वन्धित स्थानीय तहको कार्यवोझका आधारमा थप जनशक्ति आवश्यक पर्ने भएमा जिल्लास्तरीय स्थानीय तह सहजीकरण तथा कर्मचारी व्यवस्थापन समितिले देहाय वमोजिम कर्मचारी व्यवस्था र अन्य सहजीकरण कार्य गर्नुपर्ने,

क) गाउँपालिका र नगरपालिकाको मिल्दो पदमा अर्को व्यवस्था नभएसम्मका लागि जिल्लाभित्र कार्यरत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह तथा लेखा समुह, नेपाल विविध सेवा र नेपाल इन्जिनियरिङ सेवा भित्रका राजपत्र अनंकित कर्मचारीहरु मध्येवाट काजमा खटाउनको लागि जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने,

ग। लोकसेवा आयोगको प्रतिक्षा सूची र अस्थायी सूचीमा रहेका व्यक्तिहरु मध्येवाट वढीमा ६ महिनाको लागि करारमा नियुक्त गर्ने गराउने व्यवस्था संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आदेश वमोजिम गर्ने,

२५. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले एक महिनाभित्र गाउँपालिका र नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्मेक्षण गरी दरवन्दी सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिपदमा पेश गर्ने । यसरी दरवन्दी स्वीकृत नभएसम्म तत्कालका लागि पुनर्संरचित गाउँपालिका र नगरपालिकाको कार्यालय सञ्चालन गर्न खटिएकै कार्यालयवाट तलव, भत्ता खानेगरी देहाय वमोजिमको संख्यामा कर्मचारी खटाउने,

(क) गाउँपालिकामा

१. कार्यकारी अधिकृत (उप सचिव/शाखा अधिकृत) #	१
२. इन्जिनियर (सिभिल जनरल)	१
३. कम्प्यूटर इन्जिनियर/अधिकृत	१
४. नायव सुब्बा	१
५. लेखापाल	१
६. सव इन्जिनियर (सिभिल जनरल)	२
७. कार्यालय सहयोगी	२

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कार्यवोझ वित्तीय स्रोत र जनसङ्ख्याको आधारमा मापदण्ड वनाई कार्यान्वयन गर्ने ।

(इन्जिनियर, सव इन्जिनियर र कम्प्यूटर इन्जिनियरले वडाको समेत सम्वन्धित प्राविधिक काम गर्ने ।)

केदार वहादुर अधिकारी
सचिव

(ख) गाउँपालिकाको बडामा

१. बडा सचिव	१
२. प्रशासन तथा लेखा सहायक	१
३. कार्यालय सहयोगी	१

(ग) पहिलो पटक नगरपालिका कायम भएको नगरपालिकामा

१. कार्यकारी अधिकृत (उप सचिव/शाखा अधिकृत)	१
२. इन्जिनियर (सिभिल जनरल)	१
३. कम्प्यूटर इन्जिनियर/अधिकृत	१
४. नायब सुब्बा	१
५. लेखापाल	१
६. सब इन्जिनियर (सिभिल जनरल)	२
७. कार्यालय सहयोगी	२

(इन्जिनियर, सब इन्जिनियर र कम्प्यूटर इन्जिनियरले बडाको समेत सम्बन्धित प्राविधिक काम गर्ने ।)

(घ) साविक देखि नै रहेका नगरपालिकामा

साविकको दरबन्दी बमोजिम हुने ।

(ङ) नगरपालिकाको पहिलो पटक कायम भएको बडामा

१. बडा सचिव	१
२. प्रशासन तथा लेखा सहायक	१
३. कार्यालय सहयोगी	१

(च) नगरपालिकाको साविक देखि नै रहेका बडामा

साविकको दरबन्दी बमोजिम हुने ।

२६. बुँदा नं. २५ को खण्ड (क) र (ग) बमोजिमका गाउँपालिका वा नगरपालिकाले इन्जिनियर र कम्प्यूटर इन्जिनियर पदमा सङ्घीय मामिला तथा स्थानीय विकास

६

वीर बहादुर अधिकारी

मन्त्रालयको स्वीकृति र सब इन्जिनियर पदमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको समितिले काजमा खटाउनको लागि आवश्यक जनशक्ति नभएको आधारमा दिएको स्वीकृति बमोजिम बुँदा नं. २५ बमोजिमको संख्याको सीमाभित्र रही तत्काल काम चलाउनका लागि करारमा कर्मचारी नियुक्त गर्न सक्ने,

सम्बन्धित मन्त्रालयले संविधानको अनुसूची-८ र ९ को क्षेत्राधिकार भित्रका विषयसँग सम्बन्धित काम, साधन स्रोत, कर्मचारी र कार्य संयन्त्र चालू आर्थिक वर्षमा सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने,

२८. साविक स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको समायोजन तथा तत् सम्बन्धी उपभोग खर्चका सम्बन्धमा मन्त्रालयले तोके बमोजिम हुने,

ग. आर्थिक प्रशासन

२९. प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने व्यवस्था गर्ने । स्थानीय सञ्चित कोषमा गाउँपालिका वा नगरपालिकाको सबै प्रकारको आम्दानी जम्मा गर्ने र नेपाल सरकारबाट प्राप्त बजेट पनि अनुदानको नामबाट सोही कोषमा जम्मा गर्ने । त्यस्तो कोषबाट कानुन बमोजिम बाहेक कुनै प्रकारको खर्च गर्न नपाइने । छुट्टै खर्च खाता खोली त्यस्तो खातामा स्थानीय सञ्चित कोषबाट रकम निकासा गरी खर्च गर्ने,

३०. जिल्ला समन्वय समितिले चालू आर्थिक वर्षको लागि साविक बमोजिमको संख्यामा जिल्ला समन्वय समितिको नाममा नयाँ खाता खोली सञ्चालन गर्ने,

३१. साविकका गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिका खाताहरु बन्द गरी सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको नाममा बुँदा नं. २९ र ३० मा उल्लेख गरे बमोजिम नयाँ खाता खोली मौज्दात सार्ने । सो अवधिसम्म भएका आर्थिक कारोबारहरुको आर्थिक विवरण तयार गरी लेखा परीक्षण गराउने,

३२. नेपाल सरकारबाट साविक गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई प्रदान गरेको अख्तियारी गाउँपालिका वा नगरपालिकाको हकमा सम्बन्धित कार्यकारी अधिकृतलाई र जिल्ला समन्वय समितिका हकमा स्थानीय विकास अधिकारीलाई प्रदान गरिएको मानिने,

केदार बहादुर अधिकारी

३३. स्थानीय सञ्चित कोपको सञ्चालन गाउँपालिका वा नगरपालिकाको हकमा सम्वन्धित कार्यकारी अधिकृत र लेखा प्रमुख र जिल्ला समन्वय समितिको हकमा सम्वन्धित स्थानीय विकास अधिकारी र लेखा प्रमुखले गर्ने,

३४. चालू आर्थिक वर्षको हकमा साविक गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिको परिषदले स्वीकृत गरे वमोजिम कोपको रकम प्रचलित कानुन वमोजिम खर्च गर्ने,

३५. साविकको पूरै गाउँ विकास समिति कुनै गाउँपालिका वा नगरपालिकाको एउटा वडा कायम भएकोमा चालू आर्थिक वर्षको वाँकी अवधिको लागि साविकको परिषदले स्वीकृत गरी खर्च गर्न वाँकी रहेको वजेट रकम सम्वन्धित कार्यकारी अधिकृतले वडाको सचिवलाई आर्थिक कारोवार गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने। यस प्रयोजनका लागि सम्वन्धित गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोपसँग आवद्ध हुने गरी वडामा एक खर्च खाता सञ्चालनमा ल्याउने । कोप र खाता सञ्चालन सम्वन्धी अन्य व्यवस्था मन्त्रालयले तोके वमोजिम हुने,

३६. गाउँपालिका वा नगरपालिकाले नेपाल राष्ट्र वैंकवाट सरकारी कारोवार गर्न स्वीकृति पाएका वाणिज्य वैंकमा खाता खोल्ने । सम्वन्धित गाउँपालिका वा नगरपालिकाको क्षेत्रमा त्यस्तो वैंक उपलव्ध नभएमा नेपाल राष्ट्र वैंकवाट अनुमति प्राप्त क्रमशः "क", "ख" र "ग" वर्गका वित्तीय संस्थामा खाता खोली कारोवार गर्न सकिने । त्यस्तो वित्तीय संस्था नभएमा मन्त्रालयले तोके वमोजिम हुने,

३७. स्थानीय तहको सार्वजनिक खरिद प्रक्रियासम्वन्धी व्यवस्था प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम गर्ने,

३८. नयाँ स्थापना हुने गाउँपालिका वा नगरपालिकाको कार्यालय सञ्चालनका लागि तत्काल आवश्यक रकम अर्थ मन्त्रालयले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत उपलव्ध गराउने,

घ. योजना तथा **आयोजना सञ्चालन एवं व्यवस्थापन**

३९. साविकका स्थानीय निकायवाट चालू आर्थिक वर्षमा सञ्चालित योजना तथा आयोजनाहरुको फरफारक देहाय वमोजिम गर्ने:

(क) जिल्ला विकास समितिवाट सञ्चालित योजनाहरु जिल्ला समन्वय समितिवाट गर्ने.

केदार बहादुर अधिकारी
सचिव

(ख) नगरपालिकाबाट सञ्चालन भएका योजनाहरु सम्बन्धित नगरपालिकाबाट गर्ने,

(ग) गाउँ विकास समितिले सञ्चालन गरेका योजना तथा आयोजनाहरु गाउँपालिका वा नगरपालिका वा सो काम गर्न तोकिएको वडाबाट गर्ने ।

४०. साविकका स्थानीय निकायबाट चालू आर्थिक वर्षमा सञ्चालन तथा व्यवस्थापन भएका योजना तथा आयोजनाहरुको सञ्चालन, व्यवस्थापन देहाय बमोजिम गर्ने:

(क) जिल्ला विकास समितिबाट सञ्चालित योजनाहरु जिल्ला समन्वय समितिबाट गर्ने,

(ख) नगरपालिकाको वडाबाट सञ्चालन हुन सक्ने योजनाहरु वडाबाट र बाँकी योजना तथा आयोजनाहरु सम्बन्धित नगरपालिकाबाट गर्ने,

(ग) साविकको पूरै गाउँ विकास समिति कुनै गाउँपालिका वा नगरपालिकाको एउटा वडा कायम भएकोमा सोबाट सञ्चालन गरेका योजना तथा आयोजनाहरु सम्बन्धित वडा कार्यालयबाट गर्ने ।

४१. गाउँपालिका तथा नगरपालिकाहरुले सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी आगामी आर्थिक वर्षको लागि योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने ।

४२. जिल्ला विकास समितिबाट नेपाल सरकार र दातृ निकायको सहयोगमा सञ्चालित बहु वर्षीय योजना तथा कार्यक्रमका हकमा मन्त्रालयले तोके बमोजिम हुने,

तथा राजश्व

४३. चालू आर्थिक वर्षको हकमा साविक जिल्ला विकास समितिले कानुन बमोजिम निर्धारण तथा लागू गरेको करका आधार र दरलाई सम्बन्धित जिल्ला समन्वय समितिले निरन्तरता दिई सोही अनुसार संकलन गर्ने,

४४. गाउँपालिका वा नगरपालिकामा समावेश भएका साविक गाउँ विकास समिति वा नगरपालिकाले कानुन बमोजिम निर्धारण तथा लागू गरेको करका आधार र दर मध्ये सबै भन्दा उच्च दर भन्दा बढी नहुने गरी एउटै दर कायम गरी गाउँपालिका वा नगरपालिकाले चालू आर्थिक वर्षको हकमा निरन्तरता दिई संकलन गर्ने । यस्तो कर गाउँपालिका वा नगरपालिका वा सोको सम्बन्धित वडा कार्यालयबाटै संकलन गर्ने गरी कर लगाउने वा राजश्व उठाउने,

केदार बहादुर अधिकारी
सचिव

च. सम्पत्ति हस्तान्तरण

४५. गाउँपालिका वा नगरपालिका कायम हुँदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै बड्डाको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने,

४६. साविक जिल्ला विकास समितिको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख सम्बन्धित जिल्ला समन्वय समितिमा स्वतः हस्तान्तरण हुने । जिल्ला समन्वय समितिको कुनै सम्पत्ति गाउँपालिका वा नगरपालिकाका लागि आवश्यक देखिएमा मन्त्रालयले निर्णय गरे बमोजिम हस्तान्तरण हुने,

छ. सहजीकरण तथा समन्वय

४७. यस आदेश बमोजिम गर्नु गराउनु पर्ने कार्यलाई सहजीकरण गर्न देहाय बमोजिम केन्द्रीय सहजीकरण समितिरहनेछ,

केन्द्रिय सहजीकरण समिति

संघीय मामिला तथा स्थानीय विकास मन्त्री	संयोजक
सामान्य प्रशासन मन्त्री	सह संयोजक
सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सदस्य
सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	सदस्य
सचिव, गृह मन्त्रालय	सदस्य
सचिव, सामान्य प्रशासन मन्त्रालय	सदस्य
सचिव, कृषि विकास मन्त्रालय	सदस्य
सचिव, पशुपंछी विकास मन्त्रालय	सदस्य
सचिव, शिक्षा मन्त्रालय	सदस्य
सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	सदस्य
सचिव, खानेपानी तथा सरसफाइ मन्त्रालय	सदस्य
सचिव, सिंचाइ मन्त्रालय	सदस्य

१०

केदार बहादुर अधिकारी
सचिव

सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — सदस्य

सचिव, सहरी विकास मन्त्रालय — सदस्य

महालेखा नियन्त्रक — सदस्य

सहसचिव, स्वायत्त शासन महाशाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय — सदस्य सचिव

यस समितिले कामसँग सम्बन्धित कुनै मन्त्रालय वा निकायका पदाधिकारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४८. यस आदेश बमोजिम स्थानीय तहमा नेपाल सरकारबाट खटाउने निजामती कर्मचारी र स्थानीय तहको कार्य क्षेत्रका विषयमा समन्वय गर्न देहायको एक केन्द्रीय व्यवस्थापन समन्वय समिति रहनेछ,

केन्द्रीय व्यवस्थापन समन्वय समिति

१. मुख्य सचिव — संयोजक

२. सचिव, सामान्य प्रशासन मन्त्रालय — सदस्य

३. सचिव, सम्बन्धित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय — सदस्य

४. सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय — सदस्य सचिव

ज. विविध

४९. प्रचलित कानुन बमोजिम जारी गरिएका निर्देशिका वा कार्यविधि यस आदेशसँग नबाझिएको हदसम्म लागू गर्ने,

५०. गाउँ कार्यपालिका वा नगरकार्यपालिका वा जिल्ला समन्वय समितिले नेपालको संविधानको अनुसूची-३ बमोजिमको निशान छाप प्रयोग गर्ने । स्थानीय तहको नाम र कार्यालयले प्रयोग गर्ने छापको ढाँचा अनुसूची-२ मा उल्लेख भएबमोजिम हुने ।

५१. यस आदेशको उद्देश्य पूरा गर्नका लागि स्थानीय तहको सञ्चालन, व्यवस्थापन तथा सेवा प्रवाह गर्ने क्रममा अस्पष्टता भएमा नीतिगत व्यवस्था बाहेक संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बाधा अड्काउ फुकाउने ।

केदार बहादुर अधिकारी
सचिव

अनुसूची-१

(बुँदा ३ सँग सम्बन्धित)

गाउँपालिका वा नगरपालिकाका वडाको काम, कर्तव्य र अधिकार

(क) योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन

(१) सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरवाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) वडाभित्रका क्रियाशील राजनीतिक दल, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था लगायत सामुदायिक एवं सामाजिक संघ संस्था, निकायहरुसँग परामर्श, छलफल, सहभागितामूलक प्रक्रियाको अवलम्बन गर्ने,

(३) वडाभित्रका योजनाहरुको कार्यान्वयन, अनुगमन गर्ने,

(४) टोल विकास संस्थाको गठन र परिचालन गर्ने । वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(५) वडाभित्रका आयोजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

(ख) तथ्यांक अद्यावधिक तथा संरक्षण

(६) निजी घर तथा घर परिवारको लगत राख्ने, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा तथा प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने, खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, वाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिल, आदिको तथ्यांक संकलन तथा अद्यावधिक गरी लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्यांक र सूचनासहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने,

केदार बहादुर अधिकारी
सचिव

१२

(ग) विकास कार्य

(७) शिक्षा: बालउद्यानको व्यवस्था र व्यवस्थापन, अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बाल क्लब तथा बाल सञ्जालको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(८) स्वास्थ्य: वडा तहको स्वास्थ्य केन्द्र/उपकेन्द्रको व्यवस्थापन गर्ने, बालबालिकाहरूलाई बि.सि.जि., पोलियो, भिटामिन "ए" को व्यवस्था गर्ने, पोषण कार्यक्रम सञ्चालन गर्ने, वडा तहमा स्वास्थ्य जनचेतना विकास, स्वास्थ्य सूचना कार्यक्रम सञ्चालन गर्ने, शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिक सञ्चालन गर्ने गराउने, सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण तथा व्यवस्थापन गर्ने गराउने,

(९) खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन: वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार, पोखरीको निर्माण, संरक्षण, गुणस्तर नियमन गरी गाउँपालिका वा नगरपालिकालाई जानकारी गराई सहयोग गर्ने गराउने, घरबाट निकास हुने फोहरमैलाको संकलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेका जनावर व्यवस्थापन, सतही पानीको निकास गर्ने, पानीको स्रोत अर्थात मूलको संरक्षण (वृक्षारोपण, तटबन्ध, नदी नियन्त्रण। गर्ने गराउने, फोहरमैला गर्नेलाई सम्बन्धित ऐन अनुसार जरिवाना गर्ने,

(१०। कृषि विकास:- कृषि तथा फलफूल नर्सरीको स्थापना तथा समन्वय र प्रवर्द्धन गर्ने, वडास्तरीय अगुवा कृषक तालिम अभिमुखीकरण गर्ने, कृषि मलको माग संकलन गर्ने, कृषिमा लाग्ने रोगहरुको विवरण तयार गरी गाउँपालिका र नगरपालिकामा प्रस्तुत गर्ने,

(११। पशुपंछी विकास तथा व्यवस्थापन: पशुपंछी विकास, छाडा चौपाया व्यवस्थापन, वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(१२। सांस्कृतिक प्रवर्द्धन: स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्ने गराउने, स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

(१३। खेलकुद: वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने, अन्तर विद्यालय तथा बाल क्लबहरु मार्फत खेलकुद कार्यक्रम सञ्चालन गर्ने गराउने,

१३

केदार बहादुर अधिकारी
सचिव

(१४) यातायात: वडा क्षेत्रभित्रको बाटोघाटो चालू अवस्थामा राखे तथा राख्न सहयोग गर्ने, वडाभित्रका सडक अधिकार क्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने, बसपार्कको सरसफाई गर्ने, बाटोघाटोको वाढी, पहिरो पन्छाउने,

(१५) उद्योग: घरेलु उद्योगको लगत संकलन, सम्भाव्यता पहिचान गर्ने, वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

(१६) व्यक्तिगत घटना दर्ता: प्रचलित कानुन वमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने र गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन गर्ने, जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(१७) सामाजिक सुरक्षा: सामाजिक सुरक्षा भत्ता वितरण गर्ने, अभिलेख अद्यावधिक गर्ने, बालपोषण तथा बाल संरक्षण सम्वन्धी काम गर्ने,

(१८) सामाजिक तथा आर्थिक सशक्तीकरण: वडालाई बालमैत्री बनाउने, वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक तथा आर्थिक उत्थान सम्वन्धी काम गर्ने, विभिन्न समुदायका वीचमा सामाजिक सदभाव र सौहार्दता कायम गर्ने, बालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव वेचविखन, निरक्षरता, आदि जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने गराउने,

(१९) कर सम्वन्धी कार्यहरु: गाउँपालिका वा नगरपालिकाका वडाले प्रचलित कानुनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, बहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिश दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र संकलन गर्ने तथा सम्वन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन गर्ने, बुझाउने

(२०) असहाय, असक्त, बेवारिश व्यक्तिको सहायता र संरक्षण: वडाभित्रका असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पु-याई औषधोपचार गराउने, वडामा कुनै असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने, सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने,

केदार ... अधिकारी

(२१) वन तथा वातावरण: वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र विस्तार गर्ने गराउने, वडालाई वातावरणमैत्री बनाउने ।

(२२) प्रवर्द्धनात्मक कार्यक्रम गर्ने गराउने: प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त/पूर्ण सरसफाइ, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने गराउने,

(घ) नियमन कार्य

(२३) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा सलग्न उपभोक्ता समितिहरुका कार्यको नियमन गर्ने,

(२४) घर निर्माण तथा गुणस्तर कार्य भवन संहिता तथा मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम, दिने,

(२५) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(२६) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने,

(२७) हाट वजारको व्यवस्थापन गर्ने गराउने,

(२८) विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने,

(ङ) सिफारिश वा प्रमाणित गर्ने: वडाले देहाय वमोजिमका विषयमा सिफारिश वा प्रमाणित गर्ने,

(१) नाता प्रमाणित,

(२) नागरिकताको सिफारिश र नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिश,

(३) वहाल करको लेखाजोखा सिफारिश,

(४) कोठा खोल्न रोहवरमा वस्ने,

(५) मोही लगत कट्टा सिफारिश,

(६) घर जग्गा करको लेखाजोखा सिफारिश,

(७) जन्म मिति प्रमाणित,

केदार [illegible] अधिकारी
सचिव

(८) व्यापार व्यवसाय बन्द भएको, वा सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश,

(९) मिलापत्र कागज गराउने निवेदन दर्ता सिफारिश,

(१०) विवाह प्रमाणित, अविवाहित प्रमाणित

(११) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिश,

(१२) आफ्नो अधिकारक्षेत्रका विषयमा अंग्रेजी भाषामा सिफारिश तथा प्रमाणित,

(१३) घर पाताल प्रमाणित,

(१४) व्यक्तिगत विवरण प्रमाणित,

(१५) पुर्जामा घरकायम गर्ने सिफारिश,

(१६) फरक, फरक नाम, थर, जन्म मिति सिफारिश र प्रमाणित/दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारीश,

(१७) नाम, थर,जन्म मिति संसोधनको सिफारिश,

(१८) जग्गा धनीपुर्जा हराएको सिफारिश

(१९) कागज र मन्जुरीनामा प्रमाणित,

(२०) कित्ताकाट सिफारिश,

(२१) संरक्षक प्रमाणित तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिश,

(२२) जीवितसँगको नाता प्रमाणित,

(२३) हकवाला वा हकदार प्रमाणित,

(२४) नामसारी सिफारिश,

(२५) जग्गाको हक सम्वन्धी सिफारिश (सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा वाहेक)

(२६) मृतकसँगको नाता प्रमाणित, सर्जमिन, सिफारिश,

(२७) उद्योग ठाउँसारी सिफारिश,

(२८) जीवित रहेको सिफारिश,

(२९) पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिश ~~र अनुमति~~

केदार प्रमुख अधिकृत

(३०) जग्गा मूल्यांकन सिफारिश प्रमाणित

(३१) विद्यालयको कक्षा वृद्धि सिफारिश

(३२) पालन पोषण सिफारिश,

(३३) वैवाहिक अंगिकृत नागरिकता सिफारिश,

(३४) आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित-आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित,

(३५) विद्यालय ठाउँसारी सिफारिश,

(३६) धारा तथा विद्युत जडान सिफारिश,

(३७) प्रचलित कानुन अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिश वा प्रमाणित ।

(च) विविध

गाउँपालिका वा नगरपालिकाले तोकिदिएका अन्य कार्य गर्ने ।

केदार बहादुर अधिकारी
सचिव

अनुसूची-२

(बुँदा ५० सँग सम्वन्धित)

स्थानीय तहको नाम र छाप

क. जिल्ला समन्वय समितिको साइनबोर्डका लागिः

जिल्ला समन्वय समिति .... (जिल्लाको नाम) २०७३

ख. जिल्ला समन्वय समितिको पत्राचारका लागिः

	जिल्ला समन्वय समितिको कार्यालय, ... (जिल्लाको नाम लेख्ने) ... (कार्यालय रहेको स्थान), ...प्रदेश, नेपाल ।

ग. गाउँपालिका /नगरपालिकामा रहने साइनबोर्डका लागि

.....गाउँपालिका/नगरपालिका २०७३

नोटः उपमहानगरपालिका वा महानगरपालिकाले "नगरपालिका" लेखेको स्थानमा "उपमहानगरपालिका" वा "महानगरपालिका" लेख्ने ।

घ. गाउँ कार्यपालिकाको पत्राचारको लागि

	...गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... (कार्यालय रहेको स्थान), ...(जिल्ला) ...प्रदेश, नेपाल ।

केदार बहादुर अधिकारी
सचिव

ङ. नगर कार्यपालिकाको पत्राचारको लागि

	...नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... (कार्यालय रहेको स्थान), ...(जिल्ला) ...प्रदेश, नेपाल ।

नोटः उपमहानगरपालिका वा महानगरपालिकाले "नगरपालिका" लेखेको स्थानमा "उपमहानगरपालिका" वा "महानगरपालिका" लेख्ने ।

च. गाउँपालिका /नगरपालिकाको वडा कार्यालयमा रहने साइनबोर्डका लागि

...गाउँपालिका/नगरपालिका
... नं. वडा कार्यालय
२०७३

नोटः उपमहानगरपालिका वा महानगरपालिकाले "नगरपालिका" लेखेको स्थानमा "उपमहानगरपालिका" वा "महानगरपालिका" लेख्ने ।

छ. गाउँपालिका /नगरपालिकाको वडाको पत्राचारको लागि

	...गाउँपालिका/नगरपालिका ... नं. वडा कार्यालय ... (वडा कार्यालय रहेको स्थान), ...(जिल्ला) ...प्रदेश, नेपाल ।

नोटः १. उपमहानगरपालिका वा महानगरपालिकाले "नगरपालिका" लेखेको स्थानमा "उपमहानगरपालिका" वा "महानगरपालिका" लेख्ने ।

२. ..... रहेको स्थानमा सन्दर्भ अनुसार नाम वा ठेगाना जे लेख्नुपर्ने हो सो उल्लेख गर्ने ।

१९

केदार नगर प्रमुख

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

फोन ४२००३०९ ४२००२८१

पत्र संख्याः- ०७३/७४

चलानी नं.:- ३१५१

मितिः मितिः २०७३।१२।०१

विषयः अंग्रेजीमा स्थानीय तहको नाम र छाप तयार गरी लागू गर्ने सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै),
श्री महा/उप/नगरपालिका कार्यालय (सबै),
श्री गाउँपालिका कार्यालय (सबै)

उपर्युक्त विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७३/११/०९ को निर्णयानुसार स्वीकृत स्थानीय तहको शासन संचालन सम्वन्धमा जारी भएको आदेश, २०७३ को अनुसूची - २ मा स्थानीय तहको नाम र छाप नेपालीमा मात्र भएकोमा गत विगतको परम्परा अनुसार अंग्रेजी भाषामा पनि सिफारिश तथा प्रमाणपत्र स्थानीय तहले जारी गर्नु पर्ने हुँदा देहाय बमोजिम हुने गरी अंग्रेजीमा स्थानीय तहको नाम र छाप तयार गरी लागू गर्नु हुन नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७३/११/३० गतेको निर्णयानुसार अनुरोध छ ।

(क) गाउँपालिकाको वडा कार्यालयको पत्राचारको लागि ..... Rural Municipality ..... Ward Office	(ख) गाउँपालिकाको कार्यालयको पत्राचारको लागि ..... Rural Municipality Office of the Rural Municipal Executive
(ग) नगरपालिकाको वडा कार्यालयको पत्राचारको लागि ..... Municipality ..... Ward Office	(घ) नगरपालिका कार्यालयको पत्राचारको लागि ..... Municipality Office of the Municipal Executive

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

फोन { ४२००३०९ ४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

(ङ) महानगरपालिका/उपमहानगरपालिकाको वडा कार्यालयको पत्राचारको लागि

..... Metropolitan/Sub- Municipality City

..... Ward Office

(च) महानगरपालिका/उपमहानगरपालिकाको कार्यालयको पत्राचारको लागि

..... Metropolitan/Sub-Metropolitan City

Office of the Municipal Executive

(छ) जिल्ला समन्वय समितिको पत्राचारको लागि

Office of the District Co-ordination Committee

.....

(भरत कुमार शर्मा)
उपसचिव

बोधार्थः

श्री सूचना तथा विद्युतीय शासन शाखा, (Website मा Upload हुन)

सं.मा. तथा स्था.वि.मं ।

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन नं.
४२००४६०
४२००२८७

प.सं. २०७३/०७४

मिति २०७३।१२।०१

च.न २२६.

श्री जिल्ला समन्वय समितिको कार्यालय (७५)
श्री स्थानीय तह ७४४
..... ।

विषय — **आर्थिक कारोबार खाता बन्दी तथा नयाँ खाता सञ्चालन सम्बन्धमा**

नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७३।११।९ को निर्णयबाट स्वीकृत स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी भएको आदेश एवं मिति २०७३।११।२२ को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार नेपालको संविधानको भाग ५ मा व्यवस्था भए बमोजिम राज्यको पुनसंरचना गर्ने क्रममा ७४४ वटा स्थानीय तह (४-महानगरपालिका, १३-उप-महानगरपालिका,२४६ नगरपालिका र ४८१ गाउँपालिकाहरु) घोषणा भै नेपाल राजपत्रमा प्रकाशित भै स्थानीय तहको कार्य शुरु भैसकेको व्यहोरा अगवत भएकै हुनु पर्दछ ।उक्त निर्णयको खण्ड ग (आर्थिक प्रशासन सम्बन्धी परिच्छेद) मा व्यवस्था भएका बुँदाहरुमा निम्न कुरा प्रष्ट गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको नामबाट सञ्चालन हुँदै आएका आम्दानी तथा कोष खाता, खर्च खाता (चालू तथा पूँजिगत) विशेष कोष तथा धरौटी खाताहरु बन्द गरी क्रमश जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाको नाममा साविक व्यवस्था बमोजिम नयाँ खाता खोली सञ्चालनमा ल्याउने ।
२. यस चालू आर्थिक बर्षमा बाँकी रहेका बजेट तथा कार्यक्रम सञ्चालन गर्न सुविधाका लागि बडा कार्यालयमा अख्तियारी प्रदान गर्नु पर्ने भएमा बडा सचिव र लेखा वा प्रशासन सहायकको नामबाट सञ्चालन गर्ने ।
३. साविकका गाउँ विकास समिति र नगरपालिकाका केही बडाहरु अन्यत्र गाभिएका भए गाभिएका बडाहरुको हकमा २०७४ असार मसान्तसम्मको लागि बाँकी कार्यक्रम र बजेट जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम जस्ता सालबसाली कार्यक्रम र बजेट गाभिएको गाउँपालिका र नगरपालिकामा हस्तान्तरण तथा बरबुझारथ गर्ने तथा उक्त गाउँपालिका वा नगरपालिकाले तोके बमोजिम आर्थिक कारोबार सञ्चालन गर्ने ।
४. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिबाट नेपाल सरकार तथा दातृ निकायको सहयोगमा सञ्चालित बहुबर्षीय योजना तथा कार्यक्रमको हकमा यस आ ब २०७३।७४ को अबधिभर सम्बन्धित जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाले निरन्तरता दिने ।
५. तत्कालीन जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको नाममा मिति २०७३।११।२७ सम्म कायम रहेको श्रेस्ता तथा आर्थिक कारोबारको साविक बमोजिमको आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी श्रेस्ता अन्तिम लेखापरीक्षणको लागि तयारी अबस्थामा राख्ने व्यवस्था मिलाउने । यसपछिको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण साविक बमोजिम कै आन्तरिक लेखापरीक्षकबाट गर्ने व्यवस्था मिलाउने ।
६. नगरपालिका, गाउँपालिका तथा जिल्ला विकास समितिको खाताबन्दी गरिएपछि मिति २०७३।११।२७ सम्ममा काटिएका तर भुक्तानी नभएका सबै चेकहरुको विवरण जिल्ला समन्वय समिति तथा सम्बन्धित कोष तथा लेखा

केदार बहादुर अधिकारी
सचिव

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन नं.
४२००४६०
४२००२८७

प.सं. २०७३/०७४ मिति २०७३।१२।०१

च.न .....

नियन्त्रक कार्यालयमा पठाइ खाता रहेको बैकलाई बोधार्थ दिने । यस सम्बन्धमा जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रक कार्यालबाट अनुगमन हुने ।

७. स्थानीय तहको शासन संचालन सम्बन्धमा जारी गरिएको आदेश २०७३ अनुसार आर्थिक कारोबार बन्द गर्दा साविक आर्थिक बर्षमा खाताबन्दी गरे झै ग २ समूहका खर्च खाता शून्य गरी नयाँ खोलिएका सम्बन्धित सञ्चित कोष खातामा ट्रान्सफर गर्ने । साविकका जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको नाममा रहेका बैङ्क खातामा रहेको रकम र कार्यालयको श्रेस्तामा रहेको रकम अनिबार्यरुपमा बैक हिसावमिलान (बैक रिकन्सिलेसन) गरी बरबुझारथ गर्ने गराउने ।

८. खाता खोल्ने, बन्द गर्ने, हिसावमिलान तथा समायोजन गर्ने सम्बन्धमा सम्बन्धित जिल्लास्थित जिल्ला समन्वय समितिको कार्यालयले समन्वय गर्ने र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट यसको अनुगमन गर्ने ।

९. सम्बन्धित गाउँपालिका र नगरपालिकाको आर्थिक कारोबार गर्न बैक नभएको अबस्थामा सम्बन्धित जिल्ला भित्रको पायक पर्ने स्थानमा रहेको नेपाल राष्ट्र बैकबाट सरकारी कारोबार गर्न स्वीकृति लिएका क, ख र ग बर्गका बैक तथा वित्तीय संस्थाबाट आर्थिक कारोबार सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

१०. साविकका जिल्ला विकास समिति तथा नगरपालिका र गाउँ विकास समितिमा रहेका सञ्चित कोष खाता, खर्च खाता, विशेष कोष एबं धरौटी लगायतका खाताहरु पूर्बवत रुपमा ग ४ समूह कै नामबाट सञ्चालन गर्ने । नयाँ स्थापना भएका नगरपालिका र गाउँपालिकाको हकमा पनि सोही बमोजिम ग ४ समूहमा व्यवस्था भए अनुरुपको सञ्चित कोष खाता, खर्च खाता तथा विशेष कोष लगायतका खाता खोल्ने व्यवस्था मिलाउने ।

११. यस आर्थिक बर्षसम्म साविक जिल्ला विकास समितिको आन्तरिक आम्दानीको संकलन जिल्ला समन्वय समितिले यथावत रुपमा गरी पूर्बवत रुपमा नै बाँडफाँड गरी नगरपालिका तथा गाउँपालिकालाई उपलब्ध गराउने ।

१२. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँपालिकाको नाममा रहेका आम्दानी तथा खर्च खाताहरुमा रहेका मौज्दात रकमको अनिबार्य रुपमा बैकसँग हिसावमिलान गरेर मात्र नयाँ खोलिने सञ्चित कोष खातामा मौज्दात रकम सार्ने । यसको समन्वय जिल्ला समन्वय समितिले गर्ने र अनुगमन सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने व्यवस्था मिलाइएको छ।

१३. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको नाममा रहेका विशेष कोष जस्तै कर्मचारी कल्याण कोष, मर्मत संभार कोष लगायत विभिन्न खाताहरुमा रहेको अन्तिम मौज्दात रकम कार्यालयको श्रेस्तासँग बैक हिसावमिलान गरी तत्काल नयाँ खातामा सार्ने व्यवस्था मिलाउने । सो को विवरण संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आर्थिक प्रशासन शाखामा र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने । यसको समन्वय जिल्ला समन्वय समितिले गर्ने र अनुगमन सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने व्यवस्था मिलाइएको छ ।

१४. जिल्ला विकास समितिमा लेखाङ्कनको लागि प्रयोगमा रहेको DDCFAMP सफ्टवेयर सिष्टम मिति २०७३।११।२७ पछि नयाँ DCCFAMP नामको सफ्टवेयरबाट सञ्चालनमा ल्याउने । त्यस अनुसारको आवश्यक सिष्टम मन्त्रालयले बनाई तत्काल जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

१५. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको चालू आर्थिक बर्षको बजेट तथा कार्यक्रममध्ये हालसम्म भएको खर्चको बजेट उपशीर्षकगत रुपमा खर्च शीर्षक र योजना कार्यक्रम खुल्ने गरी

केदार... अधिकारी
सचिव

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन नं.
४२००४६०
४२००२८७

प.सं. २०७३/०७४

मिति २०७३।१२।०१

च.न .....

बार्षिक विनियोजन, हालसम्मको खर्च र बाँकी बजेट खुल्ने विवरण तयार गर्ने र यस विवरणलाई आधार मानी बाँकी बजेटलाई नै जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाको शुरु बार्षिक बजेट कायम गरी आर्थिक कारोबार सञ्चालन गर्ने ।

१६. साविक जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको विभिन्न बजेट उपशीर्षकमा स्वीकृत बजेट मध्ये निकासा भइ बाँकी रहेको बजेट नै जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँ विकास समितिको बाँकी अवधिको लागि सम्बन्धित बजेट उपशीर्षक र खर्च शीर्षकको बार्षिक बजेट हुने भएकोले बाँकी बजेटलाई नै अख्तियारी कायम गरी निकासा गर्ने । यस कार्यको अनुगमन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने ।

१७. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको नाममा रहेको पेश्की, सबै प्रकारको बेरुजू, चलअचल सम्पत्ति तथा अन्य दायित्व जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकामा स्वत: हस्तास्तरण हुने हुँदा अद्यावधिक लगत सहित बरबुझारथ गर्ने व्यवस्था मिलाउने ।

१८. खरिद व्यवस्थापन सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार काम कारबाही गर्ने ।

१९. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिले संकलन गर्दै आएको राजस्व व्यवस्थापन तथा ठेक्का पट्टा तथा अन्य आर्थिक प्रशासनको विधि सम्बन्धमा स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश २०७३ को बुँदा नम्बर ५१ अनुरुप अर्को नीतिगत व्यवस्था नभएसम्म साविक बमोजिम सञ्चालन गर्ने ।

केदार बहादुर अधिकारी
सचिव

केदार बहादुर अधिकारी
सचिव

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
केन्द्रीय पञ्जीकरण विभाग
बबरमहल, काठमाडौं

फोन नः- ०१-४२३३८७९
फ्याक्सः- ०१-४२५८२४०

पत्र संख्या ०७३/०७४
च.नं. ८३९

श्री जिल्ला समन्वय समितिको कार्यालय,सवै ।
श्री महा-नगरपालिका कार्यालय,सवै ।
श्री उप- महानगरपालिका कार्यालय,सवै ।
श्री नगरपालिका कार्यालय,सवै ।
श्री गाऊँपालिका कार्यालय,सवै ।

विषय :- निर्देशन कार्यन्वयन गर्ने ।

उपर्युक्त विषयमा नेपाल सरकारको मिति २०७३/११/२७ गते नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार नगरपालिका तथा गाऊँपालिका गठन भएकोले व्यक्तिगत घटना दर्ता गर्न गराउन हुन नेपाल सरकार,सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/११/३० गतको मन्त्रीस्तरीय निर्णयानुसार संलग्न **गाउँपालिका वा नगरपालिकामा व्यक्तिगत घटना दर्ता गर्ने सम्वन्धी निर्देशन** वमोजिम कार्य गर्न गराउनु हुन अनुरोध छ ।

संजय बहादुर राजलवट
(शाखा अधिकृत)

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
केन्द्रीय पञ्जिकरण विभाग
बबरमहल, काठमाडौं

केन्द्रीय पञ्जिकरण विभाग

गाउँपालिका वा नगरपालिकामा व्यक्तिगत घटना दर्ता गर्ने सम्वन्धी निर्देशन

मिति २०७३/११/३०

नेपालको संविधान, २०७२ को अनुसुची ९, संघ, प्रदेश र स्थानियतहको अधिकारको साझा सुचीको क्र.सं.११ मा व्यक्तिगत घटना, जन्म, मृत्यु र विबाह र वसाई सराई समावेश गरिएको र जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ को दफा ३ मा नेपालको प्रत्येक गाउँ विकास समिति तथा नगरपालिका क्षेत्रको लागि स्थानिय पञ्जिकाधिकारी (रजिष्ट्रार) हरु नियुक्त गर्न वा तोक्न सक्नेछ भनि व्यवस्था भएकोमा मिति २०७३/११/९ को मन्त्रिपरिषदको निर्णयवाट जारी भएको स्थानीय तहको शासन सन्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को अनुसुची १ गाउंपालिका वा नगरपालिकाका वडाको काम, कर्तव्य र अधिकारको ग(१६) मा प्रचलित कानुन वमोजिम घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने र गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन गर्ने गरी व्यवस्था भएको हुदा गाउँपालिका वा नगरपालिकामा व्यक्तिगत घटना दर्ता देहाय वमोजिम गर्ने गरी सङ्घीय मामिला तथा स्थानिय विकाश मन्त्रालयको मिति २०७३/११/३० को निर्णयानुसार जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ को नियम ३(क) वमोजिम यो निर्देशन जारी गरिएको छ ।

१. गाउँपालिका वा नगरपालिकामा व्यक्तिगत घटना दर्ता गर्ने सम्वन्धमा :

क) मिति २०७३/११/९ को मन्त्रिपरिषदको निर्णयवाट जारी भएको स्थानीय तहको शासन सन्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को अनुसुची १ गाउंपालिका वा नगरपालिकाका वडाको काम, कर्तव्य र अधिकारको ग(१६) मा प्रचलित कानुन वमोजिम घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने र गाउपालिका वा नगरपालिकामा प्रतिवेदन गर्ने गरी व्यवस्था भएको हुदा **गाउँपालिका वा नगरपालिकाको वडावाट व्यक्तिगत घटना दर्ता गर्ने ।**

ख) गाउंपालिका वा नगरपालिकाका कार्यकारी अधिकृत र वडा सचिवले स्थानिय पञ्जिकाधिकारीको रुपमा काम कार्वाही गर्ने ।

ग) बुदा १(ख) वमोजिम स्थानिय पञ्जिकाधिकारकि रुपमा कार्य गर्ने कर्मचारकि नाम, पद तथा सम्पर्क विवरण नीज त्यहां तोकिएको १५ दिन भित्र विभागमा आई पुग्ने गरी लेखी पठाउने ।

घ) केन्द्रीय पञ्जिकरण वभागको लिखित स्विकृती विना स्थानिय पञ्जिकाधिकारीको कार्य अरुलाई हस्तान्तरण गर्न पाईने छैन ।

ङ) यस व्यवस्था अनुसार प्रत्येक व्यक्तिगत घटनाको लागी नियमावली, २०३४ वमोजिमको दर्ता किताब खडा गरी अनुसुची २ वमोजिम सुचना फारम तथा प्रमाणपत्र प्रयोग गरी सम्वन्धित वडाको नाममा नयां दर्ता किताव खडा गर्ने र क्रमसंख्या १००००१ बाट शुरु गरि क्रमानुगतरुपमा घटना दर्ता गर्ने ।

च) वुदा नम्बर १(क) अनुसार घटना दर्ता गर्दा केन्द्रीय पञ्जिकरण विभागले संचालन गरेको अनलाईन घटना दर्ता व्यवस्थापन सुचना प्रणाली मार्फत गर्न सकिने ।

२. व्यक्तिगत घटनाको विवरण पठाउने सम्वन्धमा :

क) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ को नियम १३ अनुसार स्थानिय पञ्जिकाधिकारीले मासिक विवरण पठाउनु पर्ने व्यवस्था भएको हुदा गाउँपालिका वा नगरपालिकाको वडा सचिवले त्यस महिना दर्ता भएका व्यक्तिगत घटनाको मासिक विवरण अर्को महिनाको ५ गते भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा पठाउने ।

ख) गाउँपालिका वा नगरपालिकाले आफु अर्न्तगतका वडावाट विवरण संकलन गरि महिनाको १० गते भित्र केन्द्रीय पञ्जिकरण विभागमा पठाउने ।

ग) यसरी विवरण पठाउदा विद्युतिय माध्यमको प्रयोग गर्न सकिने ।

३. व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन सम्वन्धमा :

क) साविकको गाउं विकास समिति वा नगरपालिकामा रहेको व्यक्तिगत घटना दर्ता किताबको हस्तान्तरण गर्दा फारम-१ वमोजिमको फारम भरी हालको गाउँपालिका वा नगरपालिकामा बरबुझारथ गरी सोको एक प्रति केन्द्रीयपञ्जिकरण विभागमा पठाउनु पर्ने ।

ख) बुदा ३ क वमोजिमको अभिलेख हस्तान्तरण विभागको व्यक्तिगत घटना दर्ता व्यवस्थापन सुचना प्रणली मार्फत समेत गर्न सकिनेछ ।

महानिर्देशक

ग) साविकको गाउँ विकास समिति हालको गाउँपालिका वा नगरपालिकको वडाको रुपमा कायम भएको भए उक्त गाउँ विकास समितिको दर्ता किताव हाल कायम भएको वडामा हस्तान्तरण गर्न सकिनेछ ।

घ) साविकको नगरपालिकाको वडा नै हाल समेत कायम भएमा स्वतः हस्तान्तरण हुने ।

ङ) बुदां ३(क) वमोजिम प्राप्त घटना दर्ता किताब लाई गाउँपालिका पा नगरपालिकामा सुरक्षितरुपमा राख्नुपर्नेछ ।

च) गाउँपालिका पा नगरपालिकाले बुदां ३(क) वमोजिम प्राप्त भएका दर्ता किताबलाई आवश्यकता अनुसार वडामा हस्तान्तरण गर्न सक्ने ।

छ) सुचना फारमको हस्तान्तरण माथि उल्लेख भए वमोजिम नै गर्ने ।

ज) सुचना फारमको व्यवस्थापन र संरक्षण यस निर्देशन उपरान्त सम्वन्धित गाउँपालिका वा नगरपालिकाको हुनेछ । प्रत्येक घटनाको सुचना फारम बार्षिकरुपमा वाईन्डीङ्ग गरि साल, व्यक्तिगत घटनाको प्रकार र पाना सख्या स्पष्ट देखिने गरी राख्न पर्नेछ ।

४) घटना दर्ताको संशोधन सम्वन्धमाः

क) केन्द्रीय पञ्जिकरण विभागको मिति २०७१।११।१४ को व्यक्तिगत घटना दर्ता संशोधन सम्वन्धि प्रत्यायेजीत अधिकार यस निर्देशन पश्चात सम्वन्धित गाउपालिका तथा नगरपालिकाको कार्यकारी अधिकृतले प्रयोग गर्ने ।

ख) बुदा ४(क) वमोजिम गरिने संसोधनको मासिक विवरण सम्वन्धित गाउँपालिका वा नगरपालिकाले फारम २ वमोजिम तयार गरी व्यक्तिगत घटना दर्ताको मासिक विवरणसंगै केन्द्रीय पञ्जिकरण विभागमा पठाउनु पर्नेछ ।

५) छाप सम्वन्धमा :

क) घटना दर्ता गर्दा स्थानिय पञ्जिकाधिकारीले संलग्न अनुसुची १ वमोजिम छाप प्रयोग गर्ने ।

ख) स्थानीय पञ्जिकाधिकारीले घटना दर्ता भइसकेपछि अनुसुची १ बमोजिमको छापमा स्थानीय पञ्जिकाधिकारीले नाम, थर, दर्जा लेखि दस्तखत गरी सूचकलाई प्रमाण पत्र दिने ।

ग) व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा नेपालको निशान छाप (रंगिन) मात्र प्रयोग गर्ने ।

६) प्रतिलिपि सम्वन्धमा : साविकको गाउँ विकास समिति वा नगरपालिकका वडाहरु हाल कायम व्यवस्था वमोजिम परिवर्तन भएको सन्दर्भमा " साविकको ... गाउँ विकास समिति वा नगरपालिकाको वडा.. राजपत्रमा प्रकाशित मिति २०७३/११/२७ को सुचना वमोजिम यस प्रमाणपत्रमा उल्लेखीत ठेगाना कायम भएको ।" कैफियत लेखी हाल कायम ठेगाना वमोजिम नै जारी गर्ने ।

७) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ का अनुसुचीहरु स्थानीय तहको शासन सन्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को व्यवस्थाहरुको आधारमा अनुसुची २ को रुपमा संसोधन भएकोले यसै वमोजिम गर्ने ।

८) **यसै साथ संलग्न सुचना फारम र प्रमाणपत्रका अनुसुचीहरुको** कार्यन्वयन गर्ने ।

फारम १

व्यक्तिगत घटना दर्ता सम्बन्धि कागजपत्र हस्तन्तरण फारम (फारम १)					
नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय केन्द्रीय पञ्जिकरण विभाग स्थानीय पञ्जिकाधिकारीको कार्यालय, वडा नं....., ...महा/उप/नगरपालिका वा गाउँपालिका, ... जिल्ला, ...प्रदेश					
साविकको गाविसका वा नगरपालिकाको नाम : ..... वडा नं :.					
हस्तान्तरण गरिएको गाउँपालिका वा नगरपालिकाको नाम					
क सं	दर्ता बिवरण				
	घटनाको नाम	दर्ता किताव संख्या	साल देखी	साल सम्म	कैफियत
१	जन्म				
२	मृत्यु				
३	विबाह				
४	बसाईसराई				
५	सम्बन्ध विच्छेद				
	जम्मा				
६	व्यक्तिगत घटना सुचनाफारम	संख्या			

बुझाउनेको विवरण
नाम :
पद
हस्ताक्षर

बुझनेको विवरण
नाम :
पद
हस्ताक्षर

फारम २

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
केन्द्रीय पञ्जिकरण विभाग
स्थानीय पञ्जिकाधिकारीको कार्यालय,
वडा नं....., ...महा/उप/नगरपालिका वा गाँउपालिका,
..... जिल्ला, ...प्रदेश

.....साल .....महिना

संसोधनको प्रकृती	व्यक्तिगत घटनाको प्रकार				
नाम संसोधन	जन्म	मृत्यु	बिवाह	सम्वन्ध विच्छेद	बसाई सराई
घटना मिति संसोधन					
थर संसोधन					
अन्य विवरण संसोधन					

अनुसुची १

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
केन्द्रीय पञ्जिकरण विभाग
स्थानीय पञ्जिकाधिकारीको कार्यालय,
वडा नं....., ...महा/उप/नगरपालिका वा गाउँपालिका,
..... जिल्ला, ...प्रदेश

Government of Nepal
Ministry of Federal Affairs and Local Development
Department of Civil Registration
Office of Local Registrar,
Ward No....., ...Metropolitan/Sub-Metropolitan/ Municipality or Rural Municipality,
..... District, ...Province

अनुसूची-१२ (नियम ७ सँग सम्बन्धित)

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

केन्द्रीय पञ्जिकरण विभाग

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

वडा नं....., ...गाउँपालिका/नगरपालिका

.....जिल्ला.....प्रदेश

जन्म दर्ताको प्रमाणपत्र

दर्ता नम्बर: ..... दर्ता मिति: .....-.....-.....

पारिवारिक लगत फाराम न: .....

यस कार्यालयमा खडा गरिएको जन्म दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री/श्रीमती .....ले भरेको अनुसूची-२ को सूचना फाराम बमोजिम श्री .....को नाति/नातिनी,.....प्रदेश..... जिल्ला ..... गाउँपालिका/नगरपालिका वडा नं. ... मा बस्ने श्री ..... तथा श्रीमती .....को छोरा/छोरी श्री/सुश्री .....को मिति वि.सं. .....-.....-.... (.....-....-....ई.सं.) मा जन्म भएको हो ।

नागरिकता लिएको भए

नागरिकता प्रमाणपत्र नं.,जारी मिति र जिल्ला

क.बाबुको: ....-...-.....,.....

ख.आमाको: ....-...-.....,.....

स्थानीय पञ्जिकाधिकारीको

सही:

नाम थर:-.....

मिति: .....-.....-.....

Schedule-12 (Related with Rule 7)

Government of Nepal

Ministry of Federal Affairs and Local Development

Department of Civil Registration

Office of Local Registrar

.....Ward No..... Rural Municipality /Municipality

..... District .....Province

Birth Registration Certificate

Registration No.: ..... Date of Registration:.....-.....-.....

Family Record Form No: .....

This is to certify, as per the birth register maintained at this office and the information provided by Mr./Mrs ..... in the information from of schedule 2, that Mr./Miss....., son/daughter of Mr. ..... and Mrs. ....., grandson/granddaughter of Mr. / Mrs. ....., a resident of Ward No. ...., ...Rural Municipality/Municipality, ... District, ...Province was born on,.....,-.....-.....,..... BS (.....-.....-.... AD) at.....

Date, District and Citizenship Certificate No. if Citizenship Certificate is issued to:

A. Father: .....-.....-....., ,....., ...

B. Mother: .....-.....-....., ,....., ...

.....

Local Registrar's:

Signature:

Name and surname:

Date: .....-.....-.....

अनुसूची-१२ (नियम ७ सँग सम्बन्धित)

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

केन्द्रीय पञ्जिकरण विभाग

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

वडा नं....., ...गाउँपालिका/नगरपालिका

.....जिल्ला.....प्रदेश

मृत्यु दर्ताको प्रमाणपत्र

दर्ता नम्बर: .....

दर्ता मिति: .....-.....-.....

पारिवारिक लगत फाराम नं: .....

यस कार्यालयमा खडा गरिएको मृत्यू दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री/श्रीमति.....ले भरेको अनुसूची-३ को सूचना फाराम बमोजिम श्री .....को नाति/नातिनी श्री .....को छोरा/छोरी श्री .....को पति/पत्नि.....प्रदेश .....जिल्ला ..... गाउँपालिका/नगरपालिका वाडा नं. .... मा बस्ने वर्ष ..... को श्री/श्रीमति .....को मिति वि.सं. .....-.....-..... (.....-.....-.... ई.सं.) गते ..... गाउँ विकास समिति/नगरपालिका वडा नं. .... मा मृत्यू भएको हो ।

नागरिकता लिएको भए मृतकको

नागरिकताको प्रमाणपत्र नं :.....

जारी मिति र जिल्ला: .....-...-.....

स्थानीय पञ्जिकाधिकारीको

सही:

नाम थर:- .....

मिति: .....-...-...

Schedule-12 (Related with Rule 7)

Government of Nepal

Ministry of Federal Affairs and Local Development

Department of Civil Registration

Office of Local Registrar

Ward No....., ... Rural Municipality /Municipality

..... District .....Province

Death Registration Certificate

Registration No.: .....

.....

Family Record Form No: .....

Date of Registration:-.....-.....-

This is to certify, as per the death register maintained at this office and the information provided by Mr./Mrs. ..... in the information from of schedule 3, that Mr./Miss/Ms....., aged....., son/daughter of Mr./Mrs. ....., grandson/granddaughter of Mr./Mrs. ....., Husband/Wife of Mr./Mrs. ....., a resident of Ward No. ....., ...Rural Municipality/Municipality, ...District,.....Province, died on.....BS (.....-.....-.... AD).

If Citizenship Certificate is issued to the deceased:

His/Her Citizenship Certificate No: .....

Date and District of issuance: .....-.....-....

.....

Local Registrar's:

Signature:

Name and surname:

Date: .....-...-...

अनुसूची-१२ (नियम ७ सँग सम्बन्धित)

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

केन्द्रीय पञ्जिकरण विभाग

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

वडा नं....., ...गाउँपालिका/नगरपालिका

.....जिल्ला. . . . . .प्रदेश

विवाह दर्ताको प्रमाणपत्र

दर्ता नम्बर: ..... दर्ता मिति: .....-.....-.....

पारिवारिक लगत फाराम न: .....

यस कार्यालयमा खडा गरिएको विवाह दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री .....तथा श्रीमती .....ले भरेको अनुसूची-४ को सूचना फाराम बमोजिम श्री .....को नाति श्री .....को छोरा.....प्रदेश, ..., जिल्ला, ... गाउँपालिका/नगरपालिका वडा नं., ... मा बस्ने बर्ष .... को श्री ..... सँग ..... को नातिनी श्री .....को छोरी.....प्रदेश, ... जिल्ला ..... नगरपालिका वार्ड नं. ..... मा बस्ने बर्ष .....की .....को मिति वि. स. .....-.....-..... (.....-...-... ई.सं.)मा सामाजिक परम्परा/बिबाह दर्ता ऐन, २०२८ अनुसार विवाह भएको हो ।

नागरिकता लिएको भए

नागरिकता प्रमाणपत्र नं.,जारी मिति र जिल्ला

क.दुलाहा: ....-...-.....

ख.दुलही: ....-...-.....

स्थानीय पञ्जिकाधिकारीको

सही:

नाम थर:-.....

मिति: .....-...-...

Schedule-12 (Related with Rule 7)

Government of Nepal

Ministry of Federal Affairs and Local Development

Department of Civil Registration

Office of Local Registrar

Ward No....., ... Rural Municipality /Municipality

..... District .....Province

Marriage Registration Certificate

Registration No.: ..... Date of Registration:-.....-.....-....

Family Record Form No: .....

This is to certify, as per the marriage register maintained at this office and the information provided by Mr. .....and Mrs. ..... in the information from of schedule 4, that Mr. ....., aged....., son of Mr. ....., grandson of Mr. ....., a resident of Ward No. ....., ...Rural Municipality/ Municipality, ...District.....Province, married Miss. ....., aged ....., daughter of Mr. ....., granddaughter of Mr....., a resident of Ward No. ....., ...Rural Municipality/Municipality, ...District, ...Province, on.....-...-... B.S. (.....-.....-.....A.D.) in accordance with the social customs/marriage .registration act, 2028.

Date, District and Citizenship Certificate No. if Citizenship Certificate is issued to:

A. Bride ....., ...-.....-....., ...

B. Bridegroom: ....., ...-.....-....., ...

Local Registrar's:

Signature:

Name and surname: .....

Date: .....-.....-.....

अनुसूची-१२ (नियम ७ सँग सम्बन्धित)

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

केन्द्रीय पञ्जिकरण विभाग

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

वडा नं....., ...गाउँपालिका/नगरपालिका

.....जिल्ला.....प्रदेश

बसाई सराई दर्ताको प्रमाणपत्र

दर्ता नम्बर: ..... दर्ता मिति: .....-.....-.....

पारिवारिक लगत फाराम न: .....

यस कार्यालयमा खडा गरिएको बसाई सराई दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री .....ले भरेको अनुसुची-६ को बसाई सराईको सूचना फाराम बमोजिम .....प्रदेश.....जिल्ला ..... गाउँपालिका/नगरपालिका वडा नं. .....मा बस्ने श्री ..... निम्न लिखित परिवार सहित मिति .....-...-...मा .....प्रदेश.....जिल्ला.....गाँउपालिका/नगरपालिका वडा नं. .... मा बसाई सरी आएको / गएको हो ।

क्र.स.	नाम थर	जन्म मिति	सूचक संगको नाता	घटना दर्ता भए नभएको खुलाउने	कैफियत

सूचकले नागरिकता लिएको भए

नागरिकता प्रमाणपत्र नं. .....

जारी मिति र जिल्ला ....-...-... .....

स्थानीय पञ्जिकाधिकारीको

सही:

नाम थर:-.....

Schedule-12 (Related with Rule 7)

Government of Nepal

Ministry of Federal Affairs and Local Development

Department of Civil Registration

Office of Local Registrar

Ward No....., ... Rural Municipality /Municipality

..... District .....Province

Migration Registration Certificate

Registration No.: ..... Date of Registration:-.....-.....-.....

Family Record Form No: .....

This is to certify, as per the migration register maintained at this office and the information provided by Mr./Mrs. ..... in the information from of schedule 6, the informant Mr./Mrs. ....., a resident of Ward No. ....., ...Rural Municipality/Municipality, ...District.....Province, with the following members of the family, in migrated/out migrated to Ward No. .....,.....Rural Municipality/ Municipality, ...District.....Province.

S.N.	Name and surname	Date of Birth	Relationship with the Informant	Vital Events Registration Mentioned or Not	Remarks

If Citizenship Certificate is issued to the informant:

Citizenship Certificate No: .....

Date and District of Issuance: .....-.....-.....

Local Registrar's:

Signature:

Name and surname: .....

अनुसूची-१२ (नियम ७ सँग सम्बन्धित)

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

केन्द्रीय पञ्जिकरण विभाग

स्थानीय पञ्जिकाधिकारीको कार्यालय

वडा नं....., ...गाउँपालिका/नगरपालिका

.....जिल्ला.....प्रदेश

सम्बन्ध बिच्छेद दर्ताको प्रमाणपत्र

दर्ता नम्बर: ..... दर्ता मिति: .....-.....-.....

पारिवारिक लगत फाराम न: .....

यस कार्यालयमा खडा गरिएको सम्बन्ध बिच्छेद दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री/श्रीमती .....ले भरेको अनुसूची-५ को सूचना फाराम बमोजिम श्री ..... को नाति श्री .....को छोरा ..... प्रदेश.....,जिल्ला ....., गाँउपालिका/नगरपालिका वडा नं. .... मा बस्ने बर्ष .... को श्री ..... सँग श्री .....को नातिनी श्री .....को छोरी.....प्रदेश, ... जिल्ला, ... गाउँपालिका /नगरपालिका वार्ड नं. .... मा बस्ने बर्ष ..... को श्रीमती .....को .....अदालतको मिति .....-...-... को आदेश अनुसार दाम्पत्य सम्बन्ध बिच्छेद भएको हो ।

नागरिकता लिएको भए

नागरिकता प्रमाणपत्र नं.,जारी मिति र जिल्ला

क.पतिको: ....-...-.....

ख.पत्निको: ....-...-.....

स्थानीय पञ्जिकाधिकारीको

सही:

नाम थर:-.....

मिति: .....-...-...

Schedule-12 (Related with Rule 7)

Government of Nepal

Ministry of Federal Affairs and Local Development

Department of Civil Registration

Office of Local Registrar

Ward No....., ... Rural Municipality /Municipality

..... District .....Province

Divorce Registration Certificate

Registration No.: ..... Date of Registration:-.....-.....-.....

Family Record Form No: .....

This is to certify, as per the divorce register maintained at this office and the information provided by Mr./Mrs. ..... in the information from of schedule 5, that the marital relationship between Mr. ....., aged ....., son of Mr. ....., grandson of Mr....., a resident of Ward No. ....., ...Rural Municipality/Municipality, ...District.....Province, and Mrs. ....., aged....., daughter of Mr. ....., granddaughter of Mr....., a resident of Ward No. ....., ...Rural Municipality/ Municipality, ...District.....Province, was terminated on as per the Judgment of the .....Court, dated.....-...-...B.S. (.....-...-...A.D.).

Date, District and Citizenship Certificate No. if Citizenship Certificate is issued to:

A. Husband: ....., ...-.....-....., ...

B. Wife: ....., ...-.....-....., ...

Local Registrar's:

Signature:

Name and surname: .....

Date: .....-...-...

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

प.सं.: ०७३।७४ यो

च.नं: ९४५

मिति: २०७३।१२।१

विषयः आ.ब. २०७४।७५ को बजेट निर्माण सम्बन्धमा ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, पुल्चोक ।
श्री केन्द्रीय पंजिकरण विभाग, बबरमहल ।
श्री कार्यक्रम/समिति/प्रतिष्ठान सबै ।

उपर्युक्त सम्बन्धमा आगामी आ.ब. २०७४।७५ को बजेट तर्जुमा गर्ने क्रममा नयाँ परिवर्तित सन्दर्भमा संघिय संरचना अनुकुल हुनेगरी तपशिल बमोजिम बजेट निर्माण र LMBIS Entry गर्नुहुन मिति २०७३।१२।१ गतेको सचिवस्तरीय निर्णयानुसार अनुरोध छ ।

तपशिल

१) मन्त्रालयले तहाँ विभाग/कार्यक्रम/समिति/प्रतिष्ठानलाई दिईएको सिलिङ्ग भित्र रहि ७४४ वटा स्थानीय तहमा संभव भएसम्म कार्यक्रम सहित र संभव नहुने भए एकमुष्ठ बजेट रकम विनियोजन गरी LMBIS Entry को लागि तयार रहने र LMBIS System मा सुधार हुनासाथ Entry गर्ने ।

२) स्थानीय तहबाट कार्यान्वयन गर्न संभव नहुने कार्यक्रमको लागि जिल्लागत छुट्टीने गरी ७ प्रदेशको लागि संभव भएसम्म कार्यक्रम सहित र संभव नहुने भए एकमुष्ठ बजेट रकम विनियोजन गरी LMBIS Entry को लागि तयार रहने र LMBIS System मा सुधार हुनासाथ Entry गर्ने ।

३) संवैधानिक मर्म बमोजिम पुन संरचनालाई ध्यानमा राखि केन्द्रिय निकायको लागि कार्यक्रम LMBIS मा Entry गर्ने ।

४) मन्त्रालयले दिएको सिलिङ्गले नपुग हुने अबस्था भएमा मन्त्रालयले दिएको पुष्ट्याई फारम भरि Off Celling बजेट छलफलको लागि विवरण तयार गर्ने ।

५) राष्ट्रिय योजना आयोगमा नयाँ संरचना अनुसारको Entry भएको कार्यक्रम माथिको छलफल मिति २०७३।१२।७ गते र देखि हुने भएकोले सो मिति अगावै कार्यक्रम Entry गरिसक्ने ।

बोधार्थ

श्री सूचना तथा बिधुतिय शाखा, सं.मा तथा स्था वि.म. : पत्र website मा राखिदिनुहुन ।

केशवराज सुवेदी
शाखा अधिकृत

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७३/०७४
चलानी नं.: ३१८९

मिति : २०७३।१२।०६

बिषयः- अस्थायी र करार कर्मचारीहरुको ब्यवस्थापन सम्वन्धमा ।

श्री साविक जि.वि.स.को कार्यालय
हालः जिल्ला समन्वय समितिको कार्यालय, (सबै)
श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै)
श्री साविक गा.वि.स.को कार्यालय,
हालः गाउँपालिका कार्यालय, (सबै)

उपरोक्त विषयमा स्थानीय तहको शासन संचालन सम्वन्धमा गरीएको आदेश २०७३ जारी भई लागु भएको सन्दर्भमा हाल स्थानीय तहको स्वीकृत दरवन्दीमा नियमानुसार नियुक्ति भई अस्थायी करारमा कार्यरत स्थानीय विकास कोष समेत कर्मचारीहरुलाई नियुक्ति हुदाको सेवा, सर्त, वमोजिममा हुने गरी साविक जि.वि.स., नगरपालिका, गा.वि.स.वा तिनका वडामा कार्यरत साविकको स्थानीय निकायको कानून वमोजिम स्वीकृत दरवन्दीमा नियमानुसार नियुक्त अस्थायी र करार कर्मचारीहरु सो जि.वि.स., नगरपालिका वा गाउँविकास समिति वा सो को वडा जुन जि.वि.स., नगरपालिका वा गाउँपालिकामा समावेस भएको हो सोही जि.वि.स.,नगरपालिका वा गाउँपालिकामा साविककै सेवा, शर्त वमोजिम कार्यरत रहने गरी काममा खटाउन निरन्तरता दिने नेपाल सरकार (माननिय उपप्रधानमन्त्रीस्तर) को मिति २०७३।१२।३ को निर्णयानुसार अनुरोध छ।

बोधार्थ
श्री सूचना तथा विधुतिय शासन शाखाः *Website* मा राखी दिनु हुन ।

सहि/छाप
प्रमुख अधिकृत

स्रोत : सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको वेभसाइट www.mofald.gov.np

गरीबी निवारण कोष
सामान्य जानकारी तथा कार्यान्वयन स्थिति

कार्यक्षेत्र (Working Area)

बि.सं. २०६० सालमा स्थापना भएको कोष हाल ५५ नियमित जिल्लामा कार्यरत छ । यसका अतिरिक्त कोषले थप ३ जिल्लाहरूमा नवीनतम् सोच भएका सिर्जनशील कार्यक्रमहरू सञ्चालन गरेकोछ ।

निर्देशक सिद्धान्तहरू (Guiding Principles)

कोषले ६ वटा आधारभूत निर्देशक सिद्धान्त अन्तर्गत कार्य गर्दै आएको छ । ती हुन् : क) गरीब लक्षित (अन्त्योदय), ख) सामाजिक समावेशीकरण (समावेशी), ग) पारदर्शीता, घ) माँगमा आधारित, ङ) प्रत्यक्ष लगानी (प्रत्यक्ष भुक्तानी), च) समुदायको संस्थागत विकास ।

कार्यक्रमका प्रमुख आधारस्तम्भहरू (Programme Components)

सामाजिक परिचालन र सशक्तिकरण, आयआर्जन र स्वरोजगारी, सामुदायिक पूर्वाधार विकास र क्षमता अभिवृद्धि कोषका प्रमुख कार्यक्रम आधारस्तम्भहरू हुन् ।

गरीब जनतासम्मको पहुँच (Reaching out to the poor)

कोषले २०७२ असारसम्म ५५ कार्यक्रम जिल्लामा झण्डै ३२ हजार सामुदायिक संस्थाहरू मार्फत् विभिन्न आयआर्जनसँग सामुदायिक भौतिक पूर्वाधार उप-परियोजनाहरूलाई प्रत्यक्ष सहयोग पुऱ्याएकोछ ।

झण्डै ३ सय सहयोगी संस्थाले कोषका कार्यक्रमलाई सहजीकरण गरेका छन् भने कोषका कार्यक्रमका लाभान्वित सामुदायिक संस्था सदस्यका रुपमा ८ लाख २५ हजार गरीब घरधुरी रहेका छन् जसमा महिला सदस्यहरू ७८ प्रतिशत छ ।

कुल लाभान्वित सामुदायिक संस्था सदस्य घरधुरीमध्ये ३ महिना खान नपुग्ने गरीब श्रेणीका ६५ प्रतिशत छन् भने ६ महिनासम्म खान नपुग्ने श्रेणीमा २६ प्रतिशत छन् । जातजातिका हिसाबले कुल लाभान्वित घरधुरी संख्यामा २६ प्रतिशत दलित, ३१ प्रतिशत जनजाति र अन्य ४३ प्रतिशत रहेका छन् ।

सकारात्मक विभेदका रणनीति अनुसार सामुदायिक संस्थाका समुदायका प्रमुख पदहरूमध्ये ३२ प्रतिशत दलित, ३० प्रतिशत जनजाति र ६४ प्रतिशत महिलाहरूले ओगटेका छन् ।

समुदायको संस्थागत विकास (Community Institutional Development)

कोषका शुरुका कार्यक्रम जिल्लाहरूका समुदायको सक्रियतामा समुदायले नै बहुउद्देश्यीय, एकल बहुउद्देश्यीय सहकारी संस्था तथा सामुदायिक संस्थाको महासंघ तथा गाउँपालिका (गाविस) स्तरीय सञ्जाल निर्माण जस्ता प्रयासहरू शुरु भएका छन् ।

हालसम्म कोष अन्तर्गत ४२५ सहकारी स्थापना भएका छन् भने २००० वटा सामुदायिक संस्थाका संघ (Federation) स्थापना भैसकेको छ भने कतिपय गठन प्रक्रियामा छन् । कोषले समुदायका स्तरोन्नति (Community Graduation) का लागि निर्देशिका तयार गरिसकेको छ ।

- यसैगरी साविकमा गाविस स्तरमा समुदायहरूका अनौपचारिक सञ्जालहरू गठन भएका छन् ।
- पूर्वाधारसँग सम्बन्धित कार्यक्रमका लागि समुदायले सञ्चालन तथा मर्मत कोषको स्थापना गरी सामुदायिक पूर्वाधार आयोजनाको मर्मतसम्भारका लागि आफैंले जिम्मेवारी लिएका छन् ।

गरीबी निवारण कोषले स्थानीय निकायहरूसँग गरेका साझेदारीका प्रयासहरू:

गरीबी निवारण कोष अन्तर्गत ५५ जिल्लामा सञ्चालित कार्यक्रम हेर्ने कार्यप्रबन्धकलाई जिल्ला समन्वय समिति–जिसस (जिल्ला विकास समिति–जिविस) को निकट समन्वयमा रही जिसस (जिविस) मा कोषको इकाई कार्यालय मार्फत कार्यहरू सञ्चालन भइरहेका छन् ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा गरीबी निवारण कोषका बीच समझदारीको कार्यान्वयनको अवस्था:

- गरीबी निवारण कोषलाई जिल्लामा कार्यालय संचालनका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा गरीबी निवारण कोष बीच कोषको कार्यक्रम संचालित जिल्लाको जिसस साविकको जिविसमा एक कार्यकक्ष उपलब्ध गराउने समझदारी वमोजिम कार्यान्वयन भएको छ ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जिसस साविकको जिविस मार्फत् गरीबी निवारण कोषको कार्यक्रमको आवश्यकता अनुसार अनुगमन तथा निरिक्षण गर्नेछ र कार्यप्रबन्धकलाई कार्यसम्पादनका निम्ति आवश्यक सहयोग उपलब्ध भइरहेको छ ।
- गरीबी निवारण कोषले सम्बन्धित जिससको बैंक खातामा अनुगमन, मूल्याङ्कन लगायत कार्यालय सञ्चालनको लागि सहजीकरण गर्न वार्षिक रुपमा एकमुष्ठ अनुदान रकम सिधै जिसस साविकको जिविसमा पठाउँदै आएको छ ।
- गरीबी निवारण कोष जिल्ला समन्वय समिति मार्फत कोषबाट भएका कार्यक्रमहरूको नियमितरूपमा योजना अनुगमन तथा समीक्षा र अन्य विषयगत कार्यक्रमहरूसँग समन्वय गरी स्रोतको परिपूरक परिपोषक सम्बन्ध स्थापनामा कायम गरिएको छ ।

गरिब घरपरिवार पहिचान तथा सहयोग कार्यक्रम

नेपालमा पहिलो नेपाल जीवनस्तर सर्वेक्षण २०५२/५३ देखि वैज्ञानिक विधिद्वारा विश्व बैंकले प्रतिपादन गरेको आधारभूत आवश्यकताको मूल्यमा गरिबीको रेखा निर्धारण गरी निरपेक्ष गरिबीको मापन गरिँदै आएको छ । गरिबीको रेखामुनि रहेका नागरिकहरूको जीवनस्तर उकास्नका लागि सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालित विभिन्न कार्यक्रमहरूको प्रतिफलस्वरूप विगतमा निकै उच्च रहेको गरिबीको दर हालका वर्षहरूमा केही कम देखिएको छ । अझै पनि उपभोग खर्चका हिसाबले देशभरमा १०० जनामा २५ जना (एक चौथाइ) जनता गरिबीको रेखामुनि रहेको पछिल्लो नेपाल जीवनस्तर सर्वेक्षणको आँकडाले देखाएको छ ।

देशमा विद्यमान गरिबीको दुष्चक्रलाई तोड्नका लागि गरिब घरपरिवार परिचय-पत्रमार्फत गरिबी निवारणका कार्यक्रममा प्रत्यक्ष हस्तक्षेप हुनु आवश्यक ठानी नेपाल सरकारले २०६९ भदौ ५ गते गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण समन्वय बोर्ड (२०७१ माघ १३ गतेको ११औं बोर्ड बैठकद्वारा गरिब घरपरिवार सहयोग समन्वय बोर्डमा रूपान्तरित) को गठन गरेको छ । यस बोर्डले लक्षित समूहको पहिचानका लागि अन्तर्राष्ट्रिय रूपमा मान्य स्तरीय मापदण्डबाट विधिसम्मत एवं पारदर्शी ढंगले गरिब घरपरिवारको पहिचान गर्दछ । हाल २५ जिल्लाबाट सुरु गरिएको गरिब घरपरिवार पहिचान कार्यक्रम चरणबद्ध रूपमा देशको ७५ वटै जिल्लामा लागू गर्ने लक्ष्य छ ।

Proxy Means Test भनेको के हो ?

- प्रत्येक घरपरिवारको महत्वपूर्ण परिसूचकहरूमध्ये उपभोग खर्चसँग प्रत्यक्ष सम्बन्ध राख्ने प्रतिनिधि सूचकहरू (Proxy indicators) र गरिबी मापन सर्वेक्षणबाट प्राप्त परिसूचकहरूको तथ्याङ्कीय विधिबाट संयोजन गरी गरिब घरपरिवारहरूको पहिचान गरिन्छ । यस विधिलाई Proxy Means Test (PMT) विधि भनिन्छ ।
- गरिबको पहिचान गरी राज्यले प्रदान गर्ने सेवा सुविधा तथा सहुलियतहरूका लागि यो विधि विश्व बैंकको पहलमा अन्तर्राष्ट्रिय क्षेत्रमा आम रूपमा प्रयोग गरिँदै आइएको छ ।
- यस विधिको सुरुवात ल्याटिन अमेरिकी देशहरूबाट भएको र हाल एसियाली देशहरू पाकिस्तान, श्रीलंका, फिलिपिन्स, इन्डोनेशिया, बंगलादेश आदि समेतमा प्रयोगमा ल्याइएको छ ।
- यो कुनै व्यक्तिको वित्तीय सम्पन्नताको आधारमा उसको योग्यता निर्धारण गरी राज्यले प्रदान गर्न सक्ने सहुलियतको किटानी गर्ने विधि हो ।
- यसले कुनै घरपरिवार तथा व्यक्तिको विशेषता (Characteristics) सम्पन्नताको अवस्थासँग कसरी सहसम्बन्ध (Correlate) राख्छ भन्ने विश्लेषण गर्दछ र त्यसैको आधारमा गरिब घरपरिवारको पहिचान गरिन्छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा, आकस्मिक लाभको भुक्तानी गर्दा र ठेक्का वा करारको भुक्तानी गर्दा भुक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भुक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मितिसम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानुनी व्यवस्था रहेको छ। तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

मन्त्रालयले गरिबी निवारण नीतिको मस्यौदा बनाइरहेको छ । मस्यौदामा छलफल भइरहेको छ जसलाई मन्त्रालयले चैतभित्रै मन्त्रिपरिषद्मा लैजाँदैछ । संभवत २०७४ सालको नयाँ वर्षमा नीति कार्यान्वयनमा आउनेछ ।

We deal in Precious, Semi Precious Stones,
Gold and Silver Ornaments

THE EXCLUSIVE ORNAMENTS
OF YOUR OWN CHOICE

WISH YOU A VERY HAPPY NEW YEAR 2074

Ram Maharjan

NEW VALLEY ORNAMENTS

Share Markets Commercial Complex, Shop No # 16
Putalisadak, (Guthi Bhawan), Kathmandu
Tel. 4-231438 (Shop), 5-549162 (Res.), new_valleyornaments@yahoo.com

नव वर्ष २०७४ सालको पावन अवसरमा समस्त देशवासीहरुमा सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछौं ।

"जोखिममा परेका महिलाहरुलाई सवलीकरण गर्नु हाम्रो उद्देश्य हो ।"

भगवती नेपाल, अध्यक्ष
तथा

महिलाको हात परिवार

डिल्लीबजार हाइट, काठमाडौं, फोन नं. ४४१४८९१

ग्राहक वर्गमा अनुरोध

खानेपानीको महसुल समयमै नियमित रूपमा भुक्तान गर्ने बानी बसाली सभ्य नागरिकको पहिचान दिलाऔं ।

पानी जीवन हो, थोपाथोपा पानीको सदुपयोग गरौं ।

नववर्ष २०७४ सालको सुखद उपलक्ष्यमा समस्त ग्राहक वर्गमा सुख, शान्ति, सुस्वास्थ्य एवं समृद्धिको कामना गर्दछ ।

नेपाल खानेपानी संस्थान

शाखा कार्यालय, धरान

फोन नं. ०२५ ४२०४००

चाँगुनारायण नगरपालिका, भक्तपुरको अनुरोध

- एक घर एक शौचालय अभियानलाई निरन्तरता दिंदै सफा, सुन्दर र शान्त नगर बनाउन पूर्ण सरसफाई अभियान सफल पारौं ।
- घर टोल छेउछाउका खोला/खोल्सामा फोहर नफालौं, ढल नमिसाऔं ।
- आफ्नो घरबाट निस्कने फोहरलाई सड्ने र नसड्ने फोहर छुट्टयाई उचित व्यवस्थापन गरौं ।
- एक घर एक फोहर फाल्ने खाल्डो, एक घर एक करेसाबारी भन्ने अभियानलाई साकार पारौं ।
- डम्पिङ साइटरहित नगरपालिका बनाउने अभियानलाई सफल बनाउँ ।

नव वर्ष २०७४ सालको पावन अवसरमा समस्त देशवासीहरूमा सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछ ।

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भक्तपुर

बालमैत्री वातावरणमा बालबालिकाहरूको गुणात्मक शिक्षा एवं समग्र बाल विकास गर्नका लागि सधैं हामीलाई सम्झनुहोस् ।

नव वर्ष २०७४ सालको सुखद् उपलक्ष्यमा शिक्षक, अभिभावक तथा विद्यार्थी वर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

जेभियर इन्टरनेसनल कलेज
XAVIER INTERNATIONAL COLLEGE

जेभियर कलेज
कालोपुल, काठमाडौं

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौंको

मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूल्य अभिबृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना

मूल्य अभिबृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिबृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिबृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

केन्द्रीय तथ्याङ्क विभागले २०७० सालमा गरेको अध्ययन प्रतिवेदनअनुसार, देशभरका करिब ६१ लाख जनसंख्या गरिबीको रेखामुनि छन् ।

"हाम्रो कला हाम्रो संस्कृति, मध्यपुर थिमि हाम्रो सम्पत्ति"

"नगरवासीहरूमा मध्यपुर थिमि नगरपालिकाको अनुरोध"

१. आफ्नो घर आँगन, चोक तथा पसलबाट निस्केका फोहर सार्वजनिक चोक तथा गल्लीहरूमा जथाभावी नफ्याकौं, नगरलाई स्वच्छ र सफा राखौं ।
२. विहान ७:०० बजे अगाडी नै आफ्नो घर आँगन तथा पसलबाट निस्कने फोहर नगरपालिकाबाट पठाइएका कुचिकारहरूलाई अथवा स्वीकृत प्राप्त निजी संघसंस्थाका संकलकहरुलाई दिऔं, हाम्रो नगर सफा बनाऔं ।
३. फोहरलाई पुनः प्रयोग गरि मोहरमा बदलौं, नगरको वातावरण संरक्षणमा सहयोग गरौं ।
४. आफ्ना घर आँगन, सडक, टोल सफा राखौं, स्वस्थ सभ्य नागरिकको परिचय दिऔं ।
५. आफ्ना पाल्तु जनावरहरूलाई सडक, गल्ली तथा चोकहरूमा छाडा नछोडौं ।
६. नगरपालिकाको स्वीकृति बिना नगरभित्रका कुनै पनि स्थानमा पोष्टर पम्पलेट, व्यानर टाँग्ने, होर्डिङ्ग बोर्ड राख्ने जस्ता कार्यहरु नगरौं, नगरलाई सफा राख्न सहयोग गरौं ।
७. कुनै पनि सार्वजनिक महत्वका स्थान, बाटो र सडकमा अवरुद्ध हुने गरि फुटपाथे पसल तथा निर्माण सामग्रीहरु नराखौं ।
८. पानी निकासका लागि बनाइएका नालाहरूमा सेफ्टीटंकी वा शौचालयका फोहर मिसाउनु सामाजिक अपराध हो । त्यो कतै भए गरेको भए तुरुन्तै बन्द गरौं । बन्द नगर्ने उपर सामाजिक दबाव सृजना गरौं ।
९. समयमा नै कर तिरौं, नगरको विकासमा सहभागी बनौं ।
१०. नगरपालिकाको स्वीकृति बिना कुनै पनि किसिमको निर्माण सम्बन्धी कार्यहरू नगरौं ।

मध्यपुर थिमि नगरपालिका
मध्यपुर थिमि, भक्तपुर ।

नव वर्ष २०७४ सालको पावन अवसरमा समस्त देशवासीहरूमा सुस्वास्थ्य एवं दीर्घायुको कामना ।

नव वर्ष २०७४ सालको पावन अवसरमा समस्त देशवासीहरुमा
सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछौं ।

अध्यक्ष

प्रेमप्रसाद नेपाल

नामसालिङ सहयोग मञ्च तथा परिवार

शिक्षक, विद्यार्थी र अभिभावक बीचको त्रिकोणीय सम्बन्धमा
बालबालिकाहरूलाई उच्च गुणात्मक शैक्षिक वातावरणमा
राष्ट्रको निम्ति आवश्यक दक्ष जनशक्ति निरन्तर
उत्पादन गर्दै आइरहेका छ ।

यही नववर्ष २०७४ सालको सुखद् उपलक्ष्यमा शिक्षक, विद्यार्थी
तथा अभिभावक वर्गमा हार्दिक मंगलमय शुभकामना ।

NOBEL ACADEMY
Higher Secondary School

नोवेल कलेज

नयाँबानेश्वर, काठमाडौं

व्यक्तिगत घटना दर्ता सम्बन्धमा केन्द्रीय पञ्जीकरण विभागको

सार्वजनिक सूचना

परिवर्तित सन्दर्भमा नागरिकको व्यक्तिगत घटना दर्ता गाउँपालिका र नगरपालिकाको वडा कार्यालयबाट हुने र वडा सचिवले स्थानीय पञ्जीकाधिकारीको रुपमा व्यक्तिगत घटना दर्ता गर्ने तथा घटना दर्ता सम्बन्धी विवरण सच्याउनु परेमा प्रचलित विधि अपनाई सम्बन्धित गाउँपालिका र नगरपालिकाका कार्यकारी अधिकृतले सच्याउने व्यवस्था भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नव वर्ष २०७४ सालको पावन अवसरमा समस्त देशवासीहरूमा सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछ ।

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

केन्द्रीय पञ्जीकरण विभाग

बबरमहल, काठमाडौं

सरकारले गरिबी निवारणसम्बन्धी ४६ कार्यक्रम सञ्चालन गरेको छ । जसलाई सहकारी तथा गरिबी निवारण मन्त्रालयलगायत १४ मन्त्रालयमार्फत सञ्चालन गरिएको छ ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोगको अनुरोध

१. निर्वाचन लोकतन्त्रको मुख्य आधार हो । मतदानद्वारा आफूलाई मन परेको प्रतिनिधि चुन्न पाउने अधिकार नागरिकको मौलिक अधिकार हो । यसर्थ मतदानमा सहभागी बनौं ।

२. स्थानीय तहको निर्वाचनमा मतदान गरौं । आफ्नो मताधिकारको प्रयोग गरौं ।

३. मिति २०७४ वैशाख ३१ गते आइतबारका दिन विहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म सञ्चालन हुने स्थानीय तहको निर्वाचनमा सहभागी भई मतदान गरौं ।

४. स्थानीय तहको निर्वाचनमा मतदाताले ७ जना प्रतिनिधिलाई एकै पटक चुन्नु पर्ने भएको हुँदा मतपत्रमा ७ जना छुट्टाछुट्टै उम्मेदवारलाई छुट्टाछुट्टै मतदान गर्नु पर्छ ।

५. मतदाता नामावलीमा नाम भएका व्यक्तिहरूले मात्र मतदान गर्न पाइनेछ :
- आ-आफ्नो मतदान केन्द्रमा मात्र मतदान गर्नु पर्नेछ ।
- मतदान गर्न जाँदा आयोगले दिएको वा तोकेको आफ्नो परिचय पत्र लिई जानु पर्नेछ ।

"एउटै लक्ष्य एउटै सार मानव बेचविखनको अन्त्य हाम्रो साझा सरोकार"

शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मानव बेचविखन विरुद्धको नगर समिति

प्रतिष्ठानको सातौं अंक गरिबी निवारण विशेषाङ्क अवश्य पढ्नुहोला ।









स्वशासन अध्ययन प्रतिष्ठानका अंकहरु खोजी-खोजी पढ्नुहोस् ।

खरिदका लागि सम्पर्क
०१-४४६५९४२ / ०१६२२०१९५
Email : info@inlogos.org